# मगर जातिको विवाहमा आएको परिवर्तन

(नवलपरासी जिल्ला, रजहर गा.वि.स को वडा नं.९ बाराकोलको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय, मानविकि तथा समाजिकशास्त्र संकायअन्तर्गत

स्नातकोत्तर तहको आशिंक आवश्यकता परिपूर्तिको

लागि तयार पारिएको

## शोधपत्र

प्रस्तुतकर्ता

विजय प्रकास भट्टराई

परीक्षा रोल नं.: २८२८२४

क्याम्पस रोल नं.: ०३/२०६६/०६७

त्रि.वि.दर्ता नं.: ६-१-९९९-१५६३-२००४

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

२०७३

मगर जातिको विवाहमा आएको परिवर्तन विजय प्रकास भट्टराई २०७३

# मगर जातिको विवाहमा आएको परिवर्तन

**(नवलपरासी जिल्ला, रजहर गा.वि.स को वडा नं.९ बाराकोलका एक अध्ययन)**

**त्रिभुवन विश्वविद्यालय, मानविकि तथा समाजिकशास्त्र संकायअन्तर्गत**

**स्नातकोत्तर तहको आशिंक आवश्यकता परिपूर्तिको**

**लागि तयार पारिएको**

## शोधपत्र

**प्रस्तुतकर्ता**

**विजय प्रकास भट्टराई**

**परीक्षा रोल नं.: २८२८२४**

**क्याम्पस रोल नं.: ०३/२०६६/०६७**

**त्रि.वि.दर्ता नं.: ६-१-९९९-१५६३-२००४**

**समाजशास्त्र केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौं**

**२०७३**

त्रिभुवन विश्वविद्यालय

## समाजशास्त्र केन्द्रीय विभाग

## कीर्तिपुर, काठमाडौं

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधिको लागि आंशिक आबश्यकता पुरा गर्ने उद्देश्यले प्रस्तुत **"मगर जातिको विवाहमा आएको परिवर्तनः नवलपरासी जिल्ला रजहर गा.वि.स. वडा नं.९ बाराकोलको एक अध्ययन"** विषयक शोधपत्र **विजय प्रकाश भट्टराईले** मेरो निर्देशन सुझाब तथा सुपरिबेक्षणमा तयार पार्नु भएको हो । म उहाँको कार्य प्रति सन्तुष्ट छु, अत : शोधपत्रको अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...........................................

उप.प्रा. डा. शम्भुप्रसाद कट्टेल
समाजशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं

मिति : २०७३/१२/२५

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाण्डौ**

## स्वीकृति पत्र

प्रस्तुत **"मगर जातिको विवाहमा आएको परिवर्तनः नवलपरासी जिल्ला रजहर गा.वि.स. वडा नं.९ बाराकोलको एक अध्ययन"** शीर्षक राखि त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुर अन्तर्गत स्नातकोत्तर तह दोश्रो वर्षमा अध्ययन गर्ने **विजय प्रकाश भट्टराईले** प्रस्तुत गर्नु भएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

प्रा.डा. तुलसीराम पाण्डे ......................................
(विभागीय प्रमुख)

उप.प्रा. डा. शम्भुप्रसाद कट्टेल
(शोध निर्देशक)

प्रेम बहादुर चलाउने ......................................
(बाह्य निर्देशक )

मिति २०७३/१२/२७

# कृतज्ञताज्ञापन

प्रस्तुत **"मगर जातिको विवाहमा आएको परिवर्तनः नवलपरासी जिल्ला रजहर गा.वि.स. वडा नं.९ बाराकोलको एक अध्ययन"** शीर्षकको शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक कार्य पूर्तिको लागि तयार पारिएको हो । यस शोधपत्रको प्रस्तावना कार्य देखि अन्त्य सम्म आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन, सल्लाह, सहयोग, सुझाव एवं प्रेरणा प्रदान गर्नु हुने समाजशास्त्र केन्द्रीय विभागका उप.प्रा. डा. शम्भुप्रसाद कट्टेल ज्यू प्रति हृदय देखि नै आभार व्यक्त गर्दछु । शोधपत्रको तयारीको क्रममा स्वीकृति प्रदान गरि अनुसन्धान गर्ने अबसर दिनुहुने विभागीय प्रमुख प्रा.डा. तुलसीराम पाण्डे ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्य गर्ने अवसर प्रदान गराईदिने  समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुर परिवार प्रति धन्यबाद ज्ञापन गर्दछु ।

शोधपत्रका क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराई सहयोग पुर्याउनु हुने रजहर गा.वि.स.का सम्पूर्ण मगरहरुमा  धन्यबाद ज्ञापन गर्न चाहन्छु । त्यस्तै आबश्यक सूचनाहरु उपलब्ध गराउन सहयोग गर्नु हुने बुद्धिजिबीहरु तथा बिभिन्न सरकारी, गैरसरकारी संघ, संस्थाहरुलाई धन्यबाद नदिइरहन सक्दिन । मेरो शोधपत्रको लेखनमा सहयोग गर्नु हुने मित्रहरु थानेस अर्याल, एलिसा पनि धन्यबादको पात्र हुनुहुन्छ ।

अन्त्यमा यस शोधपत्र तयार गर्ने क्रममा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

विजय प्रकाश भट्टराई

# विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | |
| स्वीकृति पत्र | |
| कृतज्ञता ज्ञापन | |
| विषय सूची | |
| तालिका सूची | |
| **अध्याय - एक** | |
| **परिचय** | |
| १.१ पृष्ठभूमि | १ |
| १.२. अध्ययन समस्याको कथन | ५ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अवधारणात्मक ढाचा | ६ |
| १.५. अध्ययनको संगठन | ७ |
| **अध्याय - दुई** | |
| **साहित्यको पुनरावलोकन** | |
| २.१ शैद्धान्तिक समिक्षा | ८ |
| २.१.१ मगरहरुको ऐतिहासिक चिनारी | १० |
| २.१.२ मगर जातिका विवाहका प्रकारहरु | ११ |
| २.१.३ विवाहको उत्पत्ति | ११ |
| २.१.४ विवाहको परिवर्तिन स्वरुप | १४ |
| २.२. पूर्व कृतिको समिक्षा | १५ |
| १६२.३ निति तथा योजनागत समिक्षा | १६ |
| **अध्याय - तीन** | |
| **अनुसन्धान विधि** | |
| ३.१ अध्ययन क्षेत्र र छनोटका औचित्य | १८ |
| ३.२ अनुसन्धान ढाँचा | १९ |

३.३ तथ्याङ्कको स्रोत र प्रकृति १९
३.४ समग्र नमुना छनोट २०
३.५ तथ्याङ्क संकलन विधि २०
३.५.१ अवलोकन २०
३.५.२ घरधुरी सर्वेक्षण २०
३.५.३ मुख्य जानकार र बुढापाकाहरु सँगको अन्तरवार्ता २०
३.६ तथ्याङ्कको प्रस्तुतीकरण एवं विश्लेषण २०
३.७ अध्ययनको सीमा २१

## अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

४.१ नजलपरासी जिल्लाको परिचय २२
४.२ रजहर गा.वि.स.को परिचय २२
४.३ अध्ययन क्षेत्रको जनसंख्या २३
४.४ धर्म अनुसारको जनसंख्या २५
४.५ शैक्षिक अवस्था २६
४.६ बैबाहिक स्थिती २८
४.७ आर्थिक अवस्था २९
४.८ परिवारको किसिम ३०
४.९ नाता सम्बन्ध ३०
४.१० जन्म र मृत्यु संस्कार ३१
४.१०.१ जन्म संस्कार ३१
४.१०.२ मृत्यु संस्कार ३२
४.११ चाडपर्वहरु/देवी देवताहरुको पूजा ३३
४.११.१ जेठाङ्सी ३३
४.११.२ साउने सँक्रान्ति ३३
४.११.३ दशैं/ तिहार ३४
४.११.४ माघे सँक्रान्ति ३४
४.११.५ चैते दशैं ३४

## अध्ययाय पाँच

## अध्ययन क्षेत्रका मगरहरुको विवाह सँस्कार


५.१ बैबाहिक स्थिती ३५

५.२ विवाहको किसिम ३६

५.३ विवाहको उमेर ३६

५.४ विवाह सँस्कृतिहरु ३७

५.४.१ मागी विवाह ३७

५.४.१.१ केटी माग्ने वा फकाउने चरण ३८

५.४.१.२ दिन माग्ने चरण ३८

५.४.१.३ घरभित्र दुलही भित्र्याउने चरण ३९

५.४.१.४ माइती मान्ने चरण ४०

५.४.१.५ खङ सवोल्ने (पाइला फर्काउने) चरण ४२

५.५ प्रेम विवाह ४२

५.६ चोरी विवाह ४३

५.७ विधुर/विधवा विवाह ४४

५.८ जारी विवाह ४५

५.९ विवाहमा विभिन्न व्यक्तिहरुको भुमिका ४५

५.९.१ जैसी (मगर पंडित) ४५

५.९.२ भान्जा ४६

५.९.३ नल्मे ४६

५.९.४ मन्ड्याउली ४६

५.९.५ भाई समुह ४६

५.१० विवाहमा मद्यपानको महत्व ४७


## अध्याय छ

## मगर विवाह संस्कृतिमा आएको परिवर्तन र यसका कारणहरु


६.१ मागी विवाहमा आएको परिवर्तन ४८

६.२ प्रेम विवाहमा आएको परिवर्तन ५०

६.३ चोरी विवाहमा आएको परिर्वन ५०

६.४ विधुर/विधवा विवाहमा आएको परिवर्तन ५०

६.५ जारी विवाहमा आएको परिवर्तन ५१

६.६ विवाहसँग सम्बन्धित अन्य पक्षमा आएको परिर्वतन ५१

६.६.१ उमेरमा आएको परिर्वतन ५१
६.६.२ भान्जको भुमिकामा आएको परिर्वतन ५१
६.६.३ जन्तीको सँख्यामा आएको परिर्वतन ५१
६.६.४ जोडी छान्ने अधिकारमा आएको परिवर्तन ५१
६.६.५ खर्चमा आएको परिर्वतन ५२
६.६.६ भौगोलिक दुरीमा आएको परिवर्तन ५२
६.६.७ मद्यपानमा आएको परिवर्तन ५२
६.७ मगर जातिको परम्परागत विवाहका परिवर्तनका कारणहरू ५३
६.७.१ आधुनिकीकरण ५३
६.७.२ पश्चिमीकरण ५३
६.७.३. शहरीकरण ५४
६.७.४. हिन्दुकरण ५४
६.७.५ इशाईकरण ५५
६.७.६. सूचना, सञ्चार तथा प्रविधिको विकास ५६
६.७.७. यातायातको विकास ५६
६.७.८. शिक्षा र चेतनाको विकास ५६
६.७.९.आर्थक कारण ५७
६.७.१०. राजनीतिक कारण ५७
६.७.११. बसाइ सराई ५८
६.७.१२. देखासिकी र नक्कल ५८

**अध्याय - सात**

**सारांश र निष्कर्ष**

७.१ सारांश ६०
७.२ निष्कर्ष ६३
**सन्दर्भग्रन्थ**
**परिशिष्टहरु**

# तालिका सूची

| तलिका नं. | पृष्ठ |
|---|---|
| तालिका नं. ४.१ वडा अनुसार रजहर गा.वि.स.को जनसंख्या | २३ |
| तालिका नं. ४.२ उमेर र लिङ्गको आधारमा जनसंख्या वितरण | २४ |
| तालिका नं. ४.३ जात जाति अनुसार वडा नं ९ को जनसंख्या | २४ |
| तालिका नं. ४.४ मातृभाषाअनुसार गा.वि.स.को जनसंख्या | २५ |
| तालिका नं. ४.५ धर्म अनुसार वडा नं ९ को जनसंख्या | २५ |
| तालिका नं. ४.६ धार्मिक बनावट | २६ |
| तालिका नं. ४.६.१ ६ वर्ष भन्दा माथिको जनसंख्यको साक्षारता विवरण | २७ |
| तालिका नं. ४.६.२ शैक्षिक अवस्था | २७ |
| तालिका नं. ४.६.३ बैबाहि अवस्थाअनुसार १० वर्षभन्दा माथिको जनसंख्या | २८ |
| तालिका नं. ४.७ आर्थिक अवस्था | २९ |
| तालिका नं. ४.८ परिवारको किसिम | ३० |
| तालिका नं. ५.१ ग.वि.स.को वैवाहिक स्थिति | ३५ |
| तालिका नं. ५.२ विवाहको किसिम | ३६ |
| तालिका नं. ५.३ विवाहको उमेर | ३७ |

# अध्याय - एक

# परिचय

## १.१ पृष्ठभूमि

सवै जात⁄जाति काा आ-आफ्नै संस्कृतिहरु हुन्छन् । नेपाल बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुविधितायुक्त राष्ट्र हो । यहाँको संस्कृति विभिन्न जातिहरुको संस्कृतिको समिश्रणको उदाहरणको रुपमा रहेको छ । यहाँ अनेकौ स्थानीय मौलिक संस्कृतिहरु रहेका छन्, आफ्नै परम्परा र व्यवहारहरु छन् । यहाँ जातीय, भाषिक, धार्मिक, सांस्कृतिक अनेकता रहेको छ । यहाँ एउटै भाषा, एउटै धर्म, एउटै जाति वीच पनि सँस्कार, रितीरिवाज र परम्पराहरु फरक-फरक रहेको पाईन्छ । यी सबै सँस्कृतिहरु मिलेर नेपालको संस्कृति बनेको छ ।

नेपाल एक वहु-जातिय र बहु-सास्कृतिक मुलुक भएकाले यहाँ विभिन्न प्रकारका , जात जातिहरुको बसोवास छ । नेपालको विभिन्न जातिहरुमध्ये मगर एक हो । जसको कुल जनसख्या १८८७७३३ रहेको छ, जुन नेपालको कुल जनसंख्याको ७.१ प्रतिशत रहेको हो (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

नेपालमा रहेका कुल १२५ जातजाति मध्ये क्षेत्री १६.६ प्रतिशत, ब्राम्हण १२.०२ प्रतिशत, मगर ७.१, थारु ६.६, नेवार ५.० प्रतिशत, कामी ४.४, यादव ४.०, राई २.३ यी वाहेक कुशुन्डा मुराङ, राउटे, कलाल, लोहोराङ, चिडिमार, चाप्केगोला, खाचिङ, ल्होमी लगायत अन्य जाताजातिहरुको संख्या ३५.६ प्रतिशत रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

त्यसैगरी मगर जातीहरुको बसोबासको स्थितिलाई हेर्दा हिमालमा १.६ प्रतिशत, पहाडमा ११.६ प्रतिशत र तराईमा ४ प्रतिशत रहेको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

"मंगोलमा प्राचीन कालमा जुङ्गा दाह्री कम हुने, टाढाबाट नदेखिने हुनाले अन्य जातिले स्त्री र पुरुष छुट्टाउन नसक्दा आपसमा संस्कृत भाषीहरुले मंगोल पुरुष जातीहरुलाई 'किन्नर' (किन पुरुष) भन्ने चलन चल्यो । वास्तवमा यो 'किन्नर' जाती भनेको आजका

मगर जातीलाई औंल्याइएको हो"(बुढा, २०४९:४९) । त्यस्तै "चीनको खाम प्रान्तबाट आएका मगरहरु त्यस प्रान्तमा बोलिने भाषा सित मिल्दो जुल्दो खाम भाषा बोल्ने गर्दछन् । खाम भाषा रोल्पा, रुकुम, प्युठान, म्याग्दी र बाग्लुङ्गको पश्चिम भेगका मगरहरु बोल्दछन्" ( बुढा, २०५०:५) । यसरी उत्तरी भागका पहाडी क्षेत्रमा बसोबास गर्ने मगरहरुको थर फरक छ, उनीहरु बुढा, घर्ती, पुन र रोका हुन् । उत्तरी मगरहरु हिन्दु धर्मबाट थोरै मात्र प्रभावित छन् र यिनीहरु खाम कुरा बोल्दछन् (हिच्कक्, १९६६) । यो जातको जुङ्गा नहुने हुँदा दुई जना साथीले तेस्रो जुङ्गावालालाई देखेर एक आपसमा आश्चर्य मान्दै भने "मङ रङ" (जुङ्गा हेर त) अनि पटक पटक 'मङ रङ', 'मङ रङ' भन्दै शब्द दोहोर्‍याउँदै जाँदा रङ शब्द ङर भई मङ्ङर हुन गयो भनी बुढापाकाहरुको मत रहेको छ । जब अन्य भाषाको विकास शुरु भयो 'ङ्ङ', अक्षर लाई 'ग' उच्चारण हुनगई 'मगर' हुन गयो (बुढा, २०५५:४) ।

सामाजिक प्राणीको हैसियतले मानिस प्राचीन काल देखि नै व्यक्तिगत र सामुहिक रुपमा समाजमा आबद्ध हुनुका निम्ति आफ्नो प्रकृति अनुकुलका नियमहरु बनाउँदै आएको पाईन्छ । यि नियमहरु विशेषतः मानव जीवनलाई अस्तित्वमा राख्नको लागी आत्मरक्षा र समाजको कल्याण तथा संरक्षणको निम्ति बनेका थिए । पछि आएर यिनै परम्परा रीति र व्यवस्थाहरु सामाजिक संस्कृतिका रुपमा परिणत भए ।

'हामी मगरहरु मंगोलियन मूलका प्रजाति हौं । कसै-कसैले भन्ने गर्दछन्- किरांत वंशका एउटा हाँगा हुन् । वृहत नेपाली शब्दकोष अनुसार, "नेपाल अधिराज्यको मध्यपश्चिमी पहाडी क्षेत्रमा बस्ने भोट बर्मेली भाषिक समुहको एक जाति मगरातका आदिवासी मगरहरुको बसोबास भएको तथा प्राचीन राज्य भएको क्षेत्र" पृष्ठ (१०३४) भनी हामी मगरहरुलाई चिनाईएको छ । हाम्रो मगर संघको विधान अनुसार "मगर भन्नाले मगर संस्कृति एवम् परम्परामा रहेबसेका सम्पुर्ण मगरहरुलाई जनाउनेछ ।" संघको विद्यान २०४९, २ (घ) भनि परिभाषित गरिएको छ ।' (पुन, २०६२: ११)

"नवलपरासीको माथिल्लो भाग र महाभारत - पर्वत श्रृङ्खलाको दक्षिणी भाग हुँदै काली-गण्डकीको पश्चिम देखि लिएर पश्चिम बर्दियाको उत्तरी भागको पहाडदेखि हुम्ला, जुम्ला सम्म फैलिएको विशाल भुभाग मगरहरुको मुल थलो हो"(शर्मा, २०३६:२६९) । "मगरहरु पहिले मध्य- एशिया निवासी हेप्ताल (सेता हूण) थिए । मुस्ताङ घाटिबाट नेपाल प्रवेश गर्ने मगरहरु खास गरी डोल्पा, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, प्यूठान, रोल्पा र

रुकुमका उत्तर क्षेत्रमा वस्ने मगरहरु १००० देखि १५०० इ.पू. तिर नेपाल प्रवेश गरेको अनुमान छ”

विवाह स्त्री र पुरुषलाई यौन इच्छा पूर्ति गर्न स्वीकृति दिई त्यसबाट जन्मिएका बच्चाहरुलाई वैद्यता दिई सम्पत्तिको अधिकारमा सहभागी गराउने एउटा सामाजिक संस्था हो । विवाह जुनसुकै समाज र संस्कृतिमा प्रचलित छ । तर प्रत्येक समाजमा आफ्नै मान्यता र स्वरुपहरु हुन्छन् । समाजको परिवर्तनसँग विवाहको बुझाईमा परिवर्तन हुँदै जान्छ । तैपनि महिला र पुरुषलाई पति र पत्नीको रुपमा समाजले मान्यता दिनुलाई विवाह भनिन्छ ।

मगर जातिको आफ्नै परम्परागत धर्म भाषा संस्कार रहेको पाईन्छ । यस जातिमा परिवर्तित समयको विकास संग आफ्नो परम्परागत मौलिक पनहरुमा केही परिवर्तनहरु आएको पाईन्छ । यसरी आएको परिवर्तनले मगर जातिको सामाजिक आर्थिक साँस्कृतिक पक्षहरुमा प्रभाव पारेको पाईन्छ । परिवर्तनको क्रममा आउने गरेको प्रभावले मगरहरुको संस्कृतिलाई अछुतो राखन सकेको पाईदैन् । परिवर्तन प्राकृतिक नियम हो । परिवर्तन पुरानो सँस्था, चालचलन, मूल्य मान्यता व्यवहार र सम्बन्धको अन्त्य र नयाँको प्रादूर्भाव हो । कुनै निश्चित समय अवधि भित्र वस्तुको स्वरुप र संरचनामा आउने फरक पनले परिवर्तनलाई जनाउने गर्दछ । यो समाजका लागी आवश्यक हुन्छ । कुनै पनि कुराको सकारात्मक परिवर्तन बाट नै विकास हुन्छ । यसरी मगरहरुको परम्परागत विवाह संस्कृतिमा पनि परिवर्तन आएको पाईन्छ ।

मगर जातिमा मामाकी छोरी (मामा चेली -फूपू चेला) लाई  विवाह गर्ने चलन छ । पहिले पहिले मामाको छोरीलाई विवाह गर्न हक लाग्छ भनिन्थ्यो भने हाल अन्य जात र कुल बाट पनि विवाह गर्ने गरेको पाईन्छ । मगर समाजमा मागी विवाह प्रचलित विवाह हो । यसका साथै चोरी विवाह र प्रेम विवाह पनि प्रचलित छ । केटी माग्न जाँदा केटी लाई साईमासा दिने चलन छ । केटीले साइमासा राखेमा विवाह हुने पक्का हुन्छ र बेमन्जुर भएमा साइमासा फिर्ता गराइदिन्छ । केटा केटी बिचमा एक अर्कालाई मन पराएमा प्रेम विवाह गर्दछन् ।  प्रेम विवाह गर्दा कसै कसैले अभिभावक सँग सल्लाह माग्दछन भने प्राय जसोले सिधै केटी भगाई घरमा लगेर जान्छन् र अभिभावक ले टिकाटालो गरी विवाह सम्पन्न गर्दछन् । त्यस्तै विधुर विधुवा विवाहलाई पनि समाजिक मान्यता दिइएको छ भने जारी विवाह खासै गरेको देखिँदैन ।

मगरहरुको बारेमा विभिन्न समाजशास्त्रीय, मानवशास्त्रीय दृष्टिकोणले अध्ययन अनुसन्धान भएको पाईन्छ। (हिच्कक्, १९६६), (मोल्नार, १९७८), (ओप्पिज, १९८२, १९८३), (शर्मा, २०३६), (बुढा, २०५३), (घर्ति, २०६२), (विष्ट, २००७) आदि विद्धानहरुले आफ्ना पुस्तकमा मगर जातिको उत्पत्ति, परिचय, सामाजिक, साँस्कृतिक पक्षहरुका बारेमा उल्लेख गरेका छन्। खाशगरी (हिच्कक्, १९६६) ले आफ्नो पुस्तक 'द मगर्स अफ बन्यान हिल' मा हिन्दु सँस्कृतिको सम्पर्कले गर्दा मगर जातिको सामाजिक तथा साँस्कृतिक मूल्य मान्यताहरुमा आईरहेका परिवर्तनहरुको उल्लेख गरेका छन्। यसका अतिरिक्त उनीहरुको गुजारामुखी आर्थिक अवस्थाको वर्णन गरेका छन्। (ओप्पिट्ज १९८२,१९८३) ले रोल्पा र रुकुमका दक्षिणी भेगका मगरहरु (बुढा र घर्ति) को बारेमा विस्तृत अध्ययन गरेका छन्। (बुढा, २०५३) ले 'मगर जाति र उनका सामाजिक सँस्कार', मा मगर हरुको उत्पत्ति, विस्तार र सामाजिक सँस्कारहरुको संक्षिप्त जानकारी गराएका छन्।

घर्ति, २०६२) ले 'मगर सामाजिक सँस्कार र नाता सम्बन्ध' मा मगरहरुको वंशावली, जन्म, विवाह, चाड पर्व, नाता सम्बन्ध र मृत्यु सँस्कारको बारेमा छोटो परिचय दिएका छन्। त्यसैगरी (मगर अध्ययन केन्द्र, २०६३) को अध्ययन प्रतिवेदनले रुकुम, रोल्पा र डोल्पाका मगर हरुको धर्म सँस्कारहरुको जानकारी दिएको छ। यसका अतिरिक्त मगर समुदायका विभिन्न संघ संगठनहरुले प्रकाशन गर्ने मुखपत्र तथा जर्नलहरु जस्तैः रोश, लाङघाली, शोधमाला, मगरदीप आदिमा प्रकाशित लेख रचनाहरुले पनि मगर जातिको सामाजिक साँस्कृतिक अवस्थाको बारेमा जानकारी दिएको पाईन्छ। यी अध्ययन अनुसन्धान, लेख रचनाहरुमा सामान्य विवरणात्मक परिचय प्रकाशित भएको पाईन्छ। सम्पूर्ण क्षेत्रको वास्तविक सत्य तथ्य अझ बाहिर आउन सकेको छैन। त्यस्तै मगर जातिको विवाह सँस्कारको बारेमा विभिन्न लेख रचनाहरु प्रकाशित भएतापनि मगर जातिको विवाह सँस्कारको मात्र छुट्टै अध्यन गरी त्यसमा समय र विकास को परिवर्त सँग आएका परिवर्तनका पक्षहरुको बारेमा खाशै अध्ययन अनुसन्धान गरेको पाईंदैन्। केटीको ईच्छा विपरीत गरिने जबरजस्ती विवाह र परम्परागत मागी विवाह सँस्कारमा परिवर्तन हुँदै गएको छ। जसको सट्टा प्रेम विवाहले लोकप्रियता पाउँदै गएको छ। परम्परागत मागी विवाहमा विवाह प्रक्रियाका चरणहरु लामो हुने हुनाले नाता कुटुम्बमा नयाँ सम्बन्धको साथै हरेक व्यक्तिको आ-आफ्नै भुमिका हुन्थ्यो। जसबाट मगर समाजमा एक किसिमको एकता कायम हुन्थ्यो तर हाल परम्परागत विवाह संस्कृतिमा अपनाईने विधि मूल्य मान्यता, प्रकारमा कमी

आएको छ । त्यसैले मगरहरुको परम्परागत विवाह संस्कृति कस्तो थियो र अहिले कसरी सम्पन्न गरिन्छ ? त्यसमा आएका परिवर्तनहरु के कस्ता छन् र त्यो परिवर्तन के कारणले गर्दा आएको हो ? जस्ता कुराहरु यस अध्ययनमा समेटिने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाल एक वहुजातीय समाज हो । त्यसमध्ये मगर जाति पनि एक हो । यी जातिहरु देश विदेशमा, प्रथम तथा दोस्रो विश्वयूद्धमा, आफ्नो गौरवमय इतिहास वोकेका पाइन्छ । मगर जातिको विवाहमा कस्ता खालका कार्यहरु गर्दछन् र त्यस कार्यमा आजभोली के कस्ता खालका परिवर्तनहरु आएको पाइन्छ भन्ने कुरा जानकारी पाउनु यस अध्ययनको समस्या रहन गएको छ । साथै यसको वारेमा योजनाविद अनुशन्धानकर्ता, प्राज्ञिक व्यक्तिहरूमा पनि यो जानकारी हुन आवश्यक देखएिको छ । त्यसैले यस अनुसन्धानले निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. अध्ययन क्षेत्रका मगर जातिको विवाहका प्रकारहरु के के हुन् ?
२. यो जातिको विवाह संस्कारमा के गर्नुपर्दछ ?
३. यो जातिको विवाह सस्कारमा के कारणले परिवर्तन भएको छ ?
४. विवाह सस्कारमा आएको परिवर्तनले मगर समुदयालाई के असर पारेको छ ?

## १.३ अध्ययनको उद्देश्य


यस अध्ययनमा नवलपरासी जिल्ला रजहर गा.वि.स.९ का मगर जातिको प्रचलित विवाहका प्रकारहरुको वर्णन गर्नु उद्देश्य रहेको छ । यस अध्ययनका मुख्य उद्देश्यहरु यस प्रकार छन्

१) अध्ययन क्षेत्रका मगरहरुको विवाह सस्कारको व्याख्या गर्नु ।

२) मगर जातिको विवाह सँस्कारमा परिवर्तन आउने कारणहरु र त्यसले समाजमा पारेको असरको चर्चा गर्नु ।

## १.४ अवधारणात्मक ढाचा

यस अध्ययनमा नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं.९ मा वसोबास गर्ने मगर जातिको विवाह सस्कार र त्यसमा आएको परिवर्तनबारे उल्लेख गर्ने प्रयास गरिएको छ। यस अध्ययनको उद्देश्य अनुरुप निम्न अवधारणात्मक ढाँचा बनाइएको छ :




मगर जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन हुनुको कारणहरू मध्ये एक प्रमुख तत्व आधुनिकीकरण, पश्चिमीकरण, शहरीकरण, हिन्दुकरण, आीर्थककारण, साँस्कृतिक कारण, सामाजिक कारण, बसाइसराइ, देखासिकि, नक्कन आदी हुन् । गाउँको विकसित रुप शहर भएकोले शहरीकरण आफै सांस्कृतिक परिवर्तन हो । संस्कार तथा संस्कृति परिवर्तन हुनुमा बसाइ सराई पनि हो । देखासिकी वा नक्कल गर्ने मानव जातिको स्वभाव वा प्रवृति नै हो भन्दा अतियोक्ति नहोला । हामी मानव जाति अरुले गरेको कुरालाई नक्कल गर्न उत्सुक हुन्छौं ।

**१.५. अध्ययनको संगठन**

यस शोधपत्रमा सात अध्यायहरू हुनेछन् । अध्ययन एकमा अध्ययनको पृष्ठभूमि, अध्यनयको समस्या एवं कारण, अध्ययनको उद्देश्य र अवधारणात्चमक ढाँचा उल्लेख गरिने छ । अध्याय दुईमा सन्दर्भ सामाग्री अवलोकन उद्धृत गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधिलाई समेटिने छ। अध्याय चारमा अध्ययन क्षेत्रको परिचय उल्लेख गरिनेछ। अध्याय पाँचमा मगर समुदायको परिचय तथा विवाह सस्कारको वारेमा उल्लेख गरिएको छ । अध्याय छ मा मगर समुदायको विवाह संस्कारमा आएका परिवर्तनहरूको उल्लेख गरिएको छ र अध्याय सातमा निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई

# साहित्यको पुनरावलोकन

साहित्यको पुनरावलोकन भन्नाले आफूले अनुसन्धान गर्न लागेको विषयको बारेमा यस अघि अध्ययन भई प्रकाशन भएका अन्य अनुसन्धान, लेख, रचना आदिको अध्ययन तथा समिक्षा गर्ने कुरा हो । यसले आफूले गर्न लागेको अनुसन्धानको विषयवस्तुमा के कस्ता अनुसन्धान भैरेको छ, कुन पक्षको अनुसन्धान भएको छ, त्यसको निष्कर्ष कस्तो रहेको छ भन्ने कुराको जानकारी भै आफूले गर्न खोजेको अनुसन्धानको औचित्य र तथ्यगत रुपमा विश्वसनियता वनाउँन सहयोग पग्दछ । मैल यस विषयमा यस अघि भएका विभिन्न अनुसन्धानात्मक कार्य, विभिन्न समयमा प्रकाशित भएका लेख रचना साहित्य तथा प्रतिवेदनको अध्ययन गरेको छु ।

## २.१ शैद्धान्तिक समिक्षा

यस विषयमा अध्ययन गर्दा विभिन्न विद्धानहरुका अध्ययन अनुसन्धान कृतिहरुको सहयोग लिइएको छ । नेपालमा रहेका विभिन्न जाति तथा जनजातिहरुको बारेमा विभिन्न तरिकाले अध्ययन गरेको पाइन्छ । विभिन्न विद्धानहरुको खोज अनुसन्धान महत्वपूर्ण हुनुको साथै नेपालीहरुको समाजशास्त्र तथा मानवशास्त्रको क्षेत्रमा खोज अनुसन्धान गर्ने परम्पराको थालनी गराई नयाँ मोड दिएका छन् ।

त्यस्तै गरी Caplan Lionel (1970) ले Land social change in East Nepal: A study of Hindu Tribal Relations अन्तर्गत पूर्व पहाडका राई, लिम्बु, मगर र बाहुन, क्षेत्री बीचको सम्बन्धको अध्ययन गरेका थिए । जसमा बाहुन, क्षेत्री र राई लिम्बु बीचको Conflict देखाउने प्रयास गरिएको छ ।

Caplan A. Patricia (1972) ले priests & cobblers को सम्बन्धको बारेमा अध्ययन गर्दै परिचय नेपालका बाहुन (पूजारी) र सार्की बीचको अयलाष्थित देखाउने प्रयास गरिएको छ ।

त्यस्तै James F. Fisher (1987) n] Trans Himalayan Traders, Economy society & culture in Northwest Nepal अन्तर्गत डोल्पाली तराली मगर गाउँको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षमा अध्ययन गरेको पाइन्छ ।

Alan MacFarlane (1976) ले Resource & population: A study of the Gurungs of Nepal; Haimendorf (1981) द्वारा सम्पादित पुस्तक Asian Highland Societies in Anthropological perspective मा हिमाली बासिन्दा जस्तै थकाली गुरुङ्ग, शेर्पा, राई, मगरको जीवन पद्धतीमा आएको विकास र परिवर्तनको व्याख्या गरको पाइन्छ । साथै यी माथिका विद्वानहरुले जातीय अध्ययन गरी समाजशास्त्र/मानवशास्त्रको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको पाईन्छ ।

**विवाहको अर्थ-राजनिति**

विगतमा विभिन्न वैवाशि विवाह पद्धतिहरु हावी थिए । यि मध्ये केही पद्धती जन्मने र विकास हुने क्रममा छन् । भविष्यमा पनि यस्तो क्रम जारी रहने छ । नेपालमा पनि विभिन्न विवाह पद्धतिहरु कायम छन् । यी मध्ये एउटा पद्धति हो मागी विवाह । जसलाई परिवार र नजिकका नातागोताद्धारा संरचित विवाह भन्न सकिन्छ । अर्को प्रेम विवाह पद्धति हो प्रेम विवाह । जुन विवाह गर्ने केटा केटीको इच्छा अनुसार हुन्छ । यिनका साथै अन्य विशिष्ट विवाह पद्धतिहरु पनि विद्यमान छन् । जस्तै जारी विवाह, विधवा, विदुर विवाह, वाल विवाह, वहुविवाह, एकल विवाह, आदी आदी । (मिश्र, २०६६)

तर पछिल्ला समयमा कि त मागी विवाह अनुसार हुन्छ कि त प्रेम विवाह अनुसार नै विवाह भएको देखिन्छ । वर्तमान समयमा देखिएका विवाह पद्धतिका बारेमा अध्ययन गर्दा मागी विवाहलाई सामन्तवादी भनी आफ्ना धारणा व्यक्त गरेका छन् । मागी विवाहलाई बराबरी हैसियत, कुलीनता, राजनीतिक शक्ति, सामाजिक प्रतिष्टाको आर्जन र यी सवैको दिगो पनाको लागि नै सवैजसो सामन्तहरुले आफ्ना सन्तानहरुको विवाह तय गर्ने गरेका छन् । त्यसैगरी पुँजीवाद र प्रेम विवाहलाई औधोगिककरण, शहरीकरण, वस्तु र सेवाको विनिमयकरण आदीले यस विवाहलाई साथ दिएको पाइन्छ । विवाह अगावै शिक्षा र रोजगारीको खोजिमा घरपरिवारबाट बाहिरिनु पर्ने, जिवनयापनको स्रोत र गैरपाविरिक आर्जनलाई मान्नु पर्ने, हरेककारणले सवैबाट टाढिनु पर्ने बाध्यता भएका कारण हाल आएर

प्रेम विवाह रोज्न थालेको पाइन्छ । समाजवादी विवाह पद्धतिमा कम खर्चिलो, तडकभडक रही, थोरैमात्र पाहुना बोलाइएको विवाह हो । यस विवाहलाई प्रगतिशिल विवाह र कहिलेकाही समाजवादी विवाह पनि भनिन्छ । प्रगतिशिल र समाजवादी पक्षहरुको आशक्ति सामन्तवाद विरोधी, पुख्यौली सर्वसत्तावाद तथा पुर्खा र वावुआमाको मुख ताक्ने प्रवृत्ति विरोधी देखिन्छ । मागी विवाह सामन्तवाद, राजखानदानका छोरी छोराको विवाह नेपाल तथा भारतका समुकछि सामन्त खानदान भित्र भएको पाइन्छ । (मिश्र, २०६६)

### २.१.१ मगरहरुको एतिहासिक चिनारी

राज्यको सेवा सुविधाबाट वञ्चित जातिको रुपमा वर्गीकरण गरिएको छ (आ.ज.रा.प्र, २०७२) । विश्वलाई शासन गर्ने मूलुकको लागि योग्य मगर जाति आज आफ्नै देशको लागि अयोग्य वनाइएको छ । मगर जातिहरु हिजोको दिनमा आफ्नै जल, जमिन, जंगलमा स्वाशासन गरेका जाति थिए तर आज शासित भएका छन् । मगर जातिहरु “जाति, भाषा र क्षेत्र संघियताको आधार स्वायत्त राज्य हाम्रो अधिकार” मूल नाराका साथ मगरात स्वायत्त राज्यको निर्माणमा संघर्षरत छन् (मगर, २०७०) ।

शर्मा, (२०५८) का अनुसार “मगरहरुको मूलथलो भन्नाले कालीगण्डकी भन्दा पश्चिम, कर्णाली भन्दा पुर्व चुरे वा सिवालीक पर्वत श्रृङ्खला भन्दा उत्तर र अति हिमपात हुने हिमाली भाग भन्दा दक्षिणको विशाल भु-भाग मगरहरुको मुलथलो हो । जसलाई पहिला मगरात भनिन्थ्यो । त्यसैगरी हुणहरु उत्तर र दक्षिणबाट आएर हाम्रो पार्वत्य प्रदेशमा स-साना राज्य खडा गरे भने त्यसै समयमा हेप्तालहरुले पनि आफ्ना स-साना राज्य खडा गरे र हुणहरु पछि आएर मगर कहलाए । ईशाको आठौ शताब्दी पछि हेप्तालहरु हिन्दु धर्ममा दिक्षित भएर क्षेत्रीय भएपनि अघि भनिए जस्तै पछि त्यसलाई कायम राख्न असमर्थ भए । त्यसै कारण जाति भ्रष्ट भएका ठकुरीहरु नै पछि गएर मगर भएका हुन भन्ने जनविश्वास भएको हो” (२०४३) ।

गोराक, (२०४८) का अनुासर “ल्हासाको पूर्वोत्तर र चीनको पश्चिममा अवस्थित खाम प्रान्त मगरहरुको मुल थलो हो । (Duka, १९७२/१५०) चीनको खाम प्रान्त बाट आएका रोल्पा, रुकुमका मगरहरु त्यस प्रान्तमा बोलिने भाषा सित मिल्दो जुल्दो खाम भाषा बोल्ने गर्दछन्”( बुढा, २०५३:२) । “जाजरकोट पूर्व कालीगण्डकी पश्चिम डोल्पा दक्षिण अर्घाखाँची उत्तर यति चार किल्ला भित्रको क्षेत्रको बसोबास गर्ने आदीवासी नै अठार पन्थी मगरहरुको उत्पती

भएको क्षेत्रलाई यूरोपेलीहरुले पनि नछोएको क्षेत्र भन्ने सुनेको थियो । तर अठारपन्थी मगरहरुको उत्पती भएको ठाउँ त्यही हो भन्ने यूरोपेली लेखकहरुले सुनेका थिए । अतः किम्बदन्तीमा कसैले पनि प्रवास (मंगोल) बाट आएको कुरा भनेका छैनन् । बरु असी/नव्वे वर्ष पुगेको बुढा पाकाहरुले हामी यहि ठाँउमा उत्पत्ति भएको हो भन्दछन्" (घर्ति, २०६२:१७/१८) ।

### २.१.२ मगर जातिका विवाहका प्रकारहरु

मगर जातिका विवाहका प्रकारहरु मागी विवाह, प्रेम विवाह, अदालती विवाह, चोारी विवाह, जारी विवाह, र बहुविवाह रहेकोमा हाल आएर तीन प्रकारका विवाहहरु प्रमुख रहेका छन् । जसमा मागी विवाह, प्रेम विवाह र कानुनी विवाह हुन् ।

### समाजशास्त्रमा विवाहको महत्व

### विवाहका परिभाषाहरु

विवाहको परिभाषा सम्बन्धमा सामाजिक विज्ञानको अर्न्ताष्ट्रिय शव्दकोषमा भनिएको छ "Marriage may be defined as a cultural approved relation of one men and one women (Monogamy) or, one man and two or more women (polygyny) or one women and two or more men (Polyandry) in which there is cultural endorsement of sexual intercourse between the marital partnersof cultural endorsement of sexual intercourse between the marital partners opposite sex and generally the expection children will be born of relationship" (International Encyclopedia of the Social Seience, 1973:2)

सामाजिक स्वीकृति, आर्थिक र यौनजन्य संगठन मानिएको छ । जसभित्र रहेर लोग्ने र स्वास्नीले आफ्नो अधिकार क्षेत्रअर्न्तगत बसेर विभिन्न कार्य गर्न सक्दछन् । जसमा दम्पत्ति विच यौन सम्बन्ध हुनाका साथै खास अधिकार र कर्तव्य पनि जोडिएको हुन्छ (Ember and Ember, 1994)।

### २.१.३ विवाहको उत्पत्ति

विवाहको उत्पत्ति कहिलेबाट भयो भन्ने सम्बन्धमा निश्चित किटान गरेर भन्न सकिने अवस्था छैन । यद्यपि यसको उद्विकास सम्वन्धि विभिन्न समाजशासत्री तथा मानवशास्त्रीहरुले आफ्नै खालका अवधारणा राखेका छन् ।

मोर्गानले विवाहको विकासक्रमका सम्बन्धमा विश्लेषण गर्दै विभिन्न तहमा विभाजन गरेका छन् : जस अनुसार,

१) रक्त सम्बन्धमा आधारित विवाह

२) समूह विवाह

३) अस्थायी प्रकृतिको विवाह

४) पितृप्रधान विवाह

५) एकलगामी विवाह

मानिसले आफ्नो अस्तित्वलाई कायम राख्नको लागि विभिन्न संस्कृतिहरुको विकास गरेका छन् । जसमा विवाह संस्कृति पनि एउटा आधारभूत संस्कृति हो । जुन संसार भरिका सबै समाजमा पाउन सकिन्छ । यो एउटा सामाजिक संस्था हो । यसबाट नै परिवार, नाता सम्बन्ध जस्ता संस्थाहरुको विकास हुन्छ । यसले सृष्टिको निरन्तरतामा सहयोग गर्दछ । साथै मानिसलाई सामाजिक सुरक्षा प्रदान गरी सामाजिक एकतामा सम्बद्ध गरी मानिसको यौन आवश्यकतालाई पूर्ति गर्दछ । 'मगर जातिमा प्रचलित विवाह प्रणली आफ्नै खालको पाईन्छ । हिन्दु संस्कृति अनुरुप गरिने विवाह प्रणाली कतै कतै चलेको भएपनि अधिकांश मगरहरुमा परम्परागत विवाह नै लोकप्रिय रहेको देखिन्छ । बालविवाह मगर जातिमा भएको पाईदैन । विशेषतः केटाकेटीका राजीखुशीमा हुने विवाहलाई नै रुचाइएको देखिन्छ । मगर जातिमा केटाकटीका लागि विवाह गर्नका निम्ती परिपक्व उमेरलाई ग्राहयता दिइन्छ । मगरहरुमा मामाचेली फुपुचेला विवाहलाई मान्यता छ । तर मामाचेला फुपुचेलीलाई भने वर्जित गरेको पाईन्छ । स्वजातिय विवाहलाई मात्र मगर समाज स्वीकार गर्दछ' (गर्वुजा, २०४९) । "रुकुम र रोल्पा जिल्लामा प्रायः मामाको छोरी र प्रेम विवाह गर्दा अरु (मगरकै) को छारी विवाह गर्ने चलन रहेको, मामाको छोरी माग्दा केटाको आमा बाबु गएर कुरा चलाउने, कुरा छिनेपछि रोटी रक्सी, अचार, राँगा वा खसी रीत बुझाउने, राम्रो दिन हेरेर विवाह गर्ने (बाहुन प्रयोग नगर्ने) सिन्दुर नहाल्ने दुलाहाको घरमा लगेपछि कुललाई 'धजा' चढाईदिने, टीका लगाईदिने र सासु भए सासु बाहिर निस्कने र दुलही भित्र हुल्ने (भित्र पसाल्ने) भोलिपल्ट दुलाहा दुलही र केही आफन्तहरु बोका, खसी लिएर बाजा गाजाका साथ दुलहीको माइत फर्कने र माईतमा टिका लगाईदिने, गोडा धुने र जिन्सी सामान उपहार दिई फर्काउने त्यसपछि माइतीले तोकेको दिनमा आउने चलन छ" (थापा, २०६३:६३) । "ठकुरीहरु कर्म नचलेको छोरीले पकाएको भोजन गर्दैनन् । तर मगरहरु कर्म नचलेको

छोरीले पकाएको दाल र ढिंडो खान्छन । विधवा विवाह पनि मगरहरुमा स्वीकृत छ । तर यस्ता विधवाका हातबाट दाल ढिंडो खाँदैनन र तीनका छोरा छोरीको पाला देखि दाल ढिंडो चल्दछ । सूतक परेमा मगरहरु सुत्केरीलाई पन्ध्र दिनमा चोख्याउँछन । पूरोहितका हकमा कतै ब्राहमणद्वारा काम लिन्छन भने कतै मगर जातकै पूरोहित लगाउँछन् मगरहरुको आफ्नो जातको पूरोहितलाई उनीहरु 'भुसाल' भन्दछन" (शर्मा, २०५८:२४४) ।

विष्ट, (२००७:)का अनुसार "मामा चेली फूपु चेला धेरै ठाउँमा र कहिले काही मामा चेला फुपू चेली पनि बिहे गर्ने गर्छन । तर खास गरी आफ्नो थर भित्र वाहेक मगर जात भित्र जोसुकै केटा र केटीको विहे हुने गर्दछ । तर यस तर्कलाई मगरहरुको बिहेको रितीरिवाज अधिकांश क्षेत्रिको जस्तो नै हुन्छ । उही वाहुन पुरोहितद्वारा वैद्धिक विधी विधानले विहे सम्पन्न गराईने हुनाले क्षेत्रिको र मगरको बिहेको विधीमा खाश फरक केही पनि हुँदैन ।" (मोल्नार, १९८१$_{\text{ब}}$), का अनुसार वैवाहिक सम्बन्ध विभिन्न वंशहरुको बीचमा सम्बन्ध स्थापना गर्ने एउटा महत्वपूर्ण माध्यम हो । मगर समाजमा मामाको छोरीलाई विवाह गर्ने प्रचलन छ । एउटा वंश भित्र मामा भान्जको बलियो सम्बन्ध स्थापना गर्न मुख्यतया मामा चेला फूपू चेलाको बीचमा यस प्रकारको विवाह गरिन्छ । यस प्रकारको वैवाहिक सम्बन्धले मामा भान्ज बीचको सम्बन्धलाई बलियो बनाउँछ । खाश मामाको छोरीलाई साली भनिन्छ र विवाह गर्ने चलन छ । अन्य वंशको मामाको छोरीलाई पनि साली भनिन्छ र विवाह गर्ने चलन छ । धेरै समय पहिले देखि नै यस जातिको मामा भान्जको सम्बन्धले विभिन्न वंशहरुलाई जोडेको छ (६३)

वुढामगर, (२०५२) का अनुसार "मगरहरुले प्रायः आफ्ना दिदी बहिनीका छोरालाई छोरी दिने ( मामाकी छोरी बिवाह गर्ने ) गर्दछन । मामाकी छोरीलाई बाटोको साली भन्ने चलन छ । भान्जाले आफ्नी छोरी हुँदा हुँदै अरु ठाँउबाट विवाह गरेमा बोटो विराएको भनेर दण्ड गर्ने गर्दछन (:११)"

श्रीस, (२०३८), का अनुसार मगर जातिमा मामा चेली र फुपूचेलामा वैवाहिक सम्वन्ध प्रचलित रहेको पाइन्छ भने मामाचेला र फुपूचेलीमा वैवाहिक सम्वन्ध रहेको पाइँदैन । मगर जातिमा मामाकी छोरी रोजी रोजी भन्ने भनाइअनुसार प्रायःसालीलाई नै विवाह गर्ने, हकलाग्ने र भान्जले मन नपराएमा वा अन्य ठाउँमा विवाह गरेमा मात्र अरुलाई दिने चलन छ ।

मोल्नार, (१९८१), का अनुसार मामाकी छोरी नभएमा वा मन नपरेमा अरुनै विवाह गर्ने गर्दछन् । यस्तो विवाह गर्नु पर्दा वरले आफ्नो कुल भन्दा बाहिरको केटी खोज्ने गर्दछन् । तर एउटै कुलमा पनि सात पुस्ता देखि बाहिरकी केटीलाई विवाह गर्ने चलन कतै कतै पाईन्छ । तर रोल्पाका मगरहरु भने चौध पुस्ता भित्र कुनै किसिमको विहावारी चलाउँदैनन् ।

मोल्नार, (१९८१) ले मगरहरु डोल्पोका भौगोलिक जटिलता भित्र पनि अनुकुल हुन एक भन्दा वढी छोरा भएमा विवाह पछि अंशवण्डा गर्दा सम्पती विभाजन गर्नु पर्ने भएकाले उनीहरुलाई बिवाह अगाडी नै आर्मीमा तथा पशुपालनमा जान प्रेरित गरिन्छ । जसले सम्पती बढाउन र जग्गा नटुक्राउन मद्दत गर्दछ भनेका छन् । यसबाट मगरहरुमा ढिलो बिवाह गर्ने गरेको संकेत पाईन्छ ।

मेकाईवर (१९८२), का अनुसार समयको गति सँगै समाज परिवर्तनशील छ । परिवर्तनलाई प्राकृतिक नियमको रुप मान्दै मगर जातिमा प्रचलि वैवाहिक अभ्यासलाई हिन्दु सँस्कार, सञ्चार र आधुनिकीकरणको प्रवृतिले प्रभाव पारेको पाईन्छ ।

हिन्दु धर्म अनुसार–बिवाह एक धार्मिक संस्कार हो, जसले आफ्नो परम्परालाई निरन्तरता दिईरहेको पाईन्छ । यस संस्कार अनुसार गरिने विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोक देखी परलोकसम्म रहिरहन्छ । बिवाह भौतिक तथा आध्यात्मिक आवश्यकता पूरा गर्नका लागि गरिन्छ ।

### २.१.४ विवाहको परिवर्तिन स्वरुप

समाज परिवर्तनशील छ । समाजको परिवर्तनसँगै विवाहको मान्यता र स्वरुपमा पनि परिवर्तन भएको पाइन्छ । परम्परागत रुपमा जातजाति हेर्ने कुरामा पनि परिवर्तन हुँदै आएको पान्इछ । केहि समय अघि सम्म विधुवाले पुन : विवाह गर्न अनुचित मानिन्थ्यो तर अहिलेको बदिलिदो परिस्थिति सँगै विधुवाको पुन विवाहमा पनि वृद्धि देख्न सकिन्छ । आमा बाबुले गरेको विवाहको निर्णयमा परिवर्तन आई अहिले स्वयम् विवाह गर्ने केटा र केटीको इच्छा अनुसार मात्र विवाहकोनिर्णय गर्ने परम्परा बढ्दै गएको छ । मण्डपमा विवाह गर्नुको सट्टा विभिन्न पार्टी प्यालेसमा विवाह गर्ने प्रचलन बढेको छ । अदालती विवाह पनि बढ्दो रुपमा अगाडी बढ्दै गएको पाइन्छ ।

यस अध्ययनमा मगर जातिको विवाह सस्कारमा आएको परिवर्तनका कारणहरु पत्ता लगाउन विभिन्न पूर्व सास्त्रीयहरुले भनेका कुरालाई अवलम्वन गर्दै यस अध्ययन अगाडी वढाइएको छ ।

## २.२. पूर्व कृतिको समिक्षा

नेपाली समाजको इतिहास निकै लामो छ । यस विधामा कलम चलाउने विद्वान्हरू पनि धेरै पहिले देखिनै भएको देखिन्छ । वास्तवमा सुरुमा स्वदेशी तथा विदेशी विद्वान्हरूले गरेको अध्ययन समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणबाट गरेको पाइदैन । केवल धर्म प्रचारक तथा यात्रीको रुपमा नेपाल भ्रमण गरेर नेपाली समाजको अध्ययन गरेका पाइन्छ । वि.सं.२००७ साल पछि प्रजातन्त्रको स्थापना पश्चात स्वदेशी तथा विदेशी विद्वान्हरूले औपचारिक रुपमा नेपाली समाज र संस्कृतिको अध्ययन गरेको पाइन्छ ।

मगर जाति आफ्नो छुट्टै भाषा, संस्कृति, परम्परा, रहन सहन, वसोवास भएको आदिम भूमि भएको जाति हो । यस जातिको मुख्य वसोबास नेपालको विभिन्न ठाउँमा वसोवास रहेको छ । तर यस क्षेत्रका मगर जातिको बारेमा कोही कसैले अध्ययन गरेको सामाग्री नपाइएतापनि समग्र मगर जातिको वारेमा विभिन्न विद्वान्हरूले कलम चलाएको पाइन्छ । त्यस मध्ये मैले अध्ययन अवधिमा जे-जति पुस्तकहरू पाए त्यसैलाई यसमा समावेश गर्ने कोसीश गरेको छु ।

घर्ति मगर (२०६८) मा **मगरहरुको विवाह संस्कृतिः रोल्पा जिल्ला उवा गा.वि.स.का मगरहरुको एक अध्ययन** नामक शीर्षकमा विवाह के हो, विवाहको उत्पत्ति कसरी भएको हो र मगर जातिको कति प्रकारका विवाहहरु हुन्छन् त्यसमध्ये पनि प्रचलित विवाह कुन हो, मगर जातिमा विवाहको महत्व के छ भन्ने कुराको अध्ययन गरिएको छ । तर विवाहका परिवर्तनका कुरा भने गरिएको छैन ।

राई, (२०७३) मा **राई जातिको विवाह सस्कारमा आएको परिवर्तन** शीर्षकमा राई जातिको विवाह संस्कार र त्यसमा आएको परिवर्तनका वारेमा अध्ययन गरिएको छ । तर यस अध्ययनमा कसरी परिवर्तन भयो, के कारणले परिवर्तन भयो भन्ने कुरा उल्लेख गरिएको छैन ।

विष्ट (२०३०) का अनुसार सवै जातको फूलबारी नामक पुस्तकमा "मगर जातिको सामान्य परिचय दिदै "मगर भन्नाले कुनै जातिको नाम होइन यो त भन्नाले कुनै स्तरको पदवी मात्र हो भन्दै मगर जातिको सामान्य ऐतिहासिक परिचय, रहन सहन, रितिरिवाज, स्वभाव, पेशा, भेषभूषाको तथा घरको वनौटको वारेमा उल्लेख गरेका छन्" ।

गौतम, र थापा मगर (१९९४) ले ट्राइवल इथनोग्राफी अफ नेपालमा "मगरहरूको ऐतिहासिक पृष्ठभूमी, गोत्र, थरहरू शारिरीक वनौट, भेषभुसा, भाषा जीवन संस्कार धर्म तथा आर्थिक स्तरको बारेमा थोरै थोरै वर्णन गरेका छन् । मगरहरूको क्षेत्र अनुसारको भाषा, जुन वारमा जन्मेको हो सो बारको नामबाट जोडेर नाम राख्ने चलन पनि रहेको छ । मुख्य आर्थिक स्रोत, कृषि भारतीय सेना र वेलायती सेनामा गई पैसा कमाउनु रहेको छ । यिनिहरू वहादुरी, सत्यवादी, सोझा, इमान्दार र सरल स्वभावले परिचित छन्" भन्ने उल्लेख गरेका छन् ।

शर्मा (२०४४)' का अनुसार मगर जातिको एक अध्ययन नामक पुस्तक साझा प्रकाशनद्धारा प्रकाशित पुस्तकमा विवाहको सैद्धान्तिक पक्ष र नेपालमा हुने विवाहको पद्धतिको सस्कारहरूको बारेमा उल्लेख भएको छ ।

यसरी माथिको विद्वान्हरूको भनाईबाट मगर जातिहरू प्राचिन जाति सोझा, सिधा, इमान्दार स्वभावकाआफ्नै भेषभूषा, भाषा संस्कृतिका धनी भन्ने वुझ्न सकिन्छ, जेहोस् यस अध्ययनमा विशेष गरि बारकोलका मगर जातिको मौलिकतामा जोड दिइएको छ ।

## २.३ निति तथा योजनागत समिक्षा

हाल नेपालमा प्रचलित विवाहहरुमा मागी विवाह, प्रेम विवाह, कानुनी विवाह आदि रहेको पाइन्छ । हरेक समाजमा जातिअनुसार आफ्नो मौलिक परम्पराको विवाह सम्पन्न गरिदै आएको पाइन्छ । सामाजिक नियम र प्रचलनमा आधारित विवाहहरुमा सजातिय विवाह, विजातिय विवाह, नातागत विवाहमा मामा चेली, फूपूचेली विवाह, अनमेल विवाह वा कुलीन विवाह, प्रतिलोम विवाह, सालि विवाह आदि रहेका छन् । तर नेपालमा सवैभन्दा प्रचलित विवाह एकलगामी विवाहलाई नै मान्यता दिइदै आएको पाइन्छ । नेपालमा हालआएर विवाह सम्वन्धी विभिनन निति तथा कानुनको व्यवस्था गरिएको पाइन्छ । मुलुकी ऐन, २०२१ अनुसार १८ वर्ष पुगेपछि अभिभावकको मञ्जुरी लिएर विवाह गर्न पाइन्छ भने

आफ्नो स्वइच्छामा विवाह गर्न चाहेमा २० वर्ष पुरा हुनुपर्ने प्रावधान रहेको छ । सार्वजनिक व्यवहार सुधार ऐन, २०३३ अनुसार हालै गरिएको संशोधन केटी पक्षले केटा पक्षलाई ४० ग्राम सुन, केटा पक्षले केटी पक्षलाई ६० ग्राम सुन दिन पाइने व्यवस्था रहेको छ । त्यसैगरी १५० जना भन्दा बढी जन्ती जान नपाउने व्यवस्था गरिएको छ । बाल विवाह अथवा २० वर्षमूनि विवाह गर्न नपाइने, यदि त्यस्तो खालको विवाह भएमा कानुनी सजाय पाउने व्यवस्था गरिएको छ ।केटाकेटीको मञ्जुरी विना विवाह गराउँन नपाइने । विधवा अथवा विधुर विवाहलाई कानुनी मान्यता दिइने व्यवस्था गरिएको छ । विवाह पश्चात दुवै श्रीमान श्रीमतीको रुपमा वस्न नचाहेमा सम्वन्ध विच्छेद गर्न पाइने व्यवस्था कानुनी रुपमा रहेको पाइन्छ । हाड नाता वा आफन्त भित्र विवाह गर्न नपाइने र अर्न्तरजाजिय विवाहलाई सरकारले प्रोत्साहन दिन अर्न्तरजातिय विवाह गर्ने जोडीलाई केही धनराशी दिने व्यवस्था पनि गरेको पाइन्छ ।

आधुनिकिकरणको समयसँगै विवाहको लागि संचारप्रवृधिको पनि प्रयोग गर्न थालिएको छ । त्यस्तै विवाहको वेवसाइटमा आफ्नो जानकारी राख्ने र केटीका जानकारी लिएर आफू सूहाउँदो जोडी विवाह गर्ने चलनको शुरुवात भैसकेको छ । कानुनी विवाह अर्न्तगत यदि केटाको विवाह गर्ने उमेर पुगेको छ र उनीहरु दुवैको साथै साक्षीहरुको पनि मञ्जुरी रहेमा कानुनी विवाह गर्न सकिने निती तथा योजना गरिएको छ । कहिले काही छिटफुट रुपमा समलिंगी विवाह गरेको सुनिने र देखिने गरेको पाइन्छ ।

# अध्याय - तीन

# अध्ययन विधि

अनुसन्धान विधि भन्नाले कुनै पनि वैज्ञानिक खोज अनुसन्धानमा प्रयोग हुने विषयगत वैज्ञानिक विधिलाई वुझाउँछ । समाजशास्त्रको अध्ययनमा प्रयोग हुने यी विषयका आफ्नै विशिष्ट अध्ययन पद्धतिहरु छन् । ती विशिष्ट अध्ययन पद्धतिको प्रयोगबाट प्राप्त भएको तथ्याङ्कको व्याख्या तथा विश्लेषण बाटनै समाजको अध्ययन सम्भव हुन्छ । यस अध्ययनमा निम्न अनुसारको अध्ययन पद्धतिको प्रयोग गरेको छु । अनुसन्धान ढाँचा, अनुसन्धान क्षेत्रको छनोट, तथ्याङ्कको प्रकृति र स्रोत, नमुना संकलन, तथ्याङ्क विश्लेषण, समय सिमा आदी । यसका लागि मैले गुणात्मक र परिमाणात्मक तथ्याङ्कको प्रयोग गरेको छु ।

## ३.१ अनुसन्धान क्षेत्र र छनोटको औचित्य

विभिन्न सोच र प्रविधिहरुको नीतिगत योजना हो । यसले अध्ययनको ढाँचा र मापनका विधि तथा प्रक्रियाहरु सबैलाई जनाउँछ । अध्ययनको सफलता अध्ययन विधिको छनोट र प्रयोगमा भर पर्ने हुदा कुनै पनि अनुसन्धान कार्यमा अध्ययन विधि छनोटको बिषेश महत्व हुन्छ । यस अनुसन्धान नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने नवलपरासी जिल्ला रजहर गा.वि.स.को वडा नं. ९ लाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । मगरहरुको बिवाह संस्कृतिको अध्ययनको लागि यो स्थल छानिनुको मुख्य कारण यसप्रकार छन् ।

यस क्षेत्रका मगरहरुको बिवाह संस्कृतिको अध्ययनले नवलपरासीका मगरहरुको बिवाह संस्कृतिको प्रतिनिधित्व गर्ने भएकोले ।

१. यस क्षेत्रमा विभिन्न जात जातिको वाहुल्यता भएकोले ।

२. यस क्षेत्रका मगरजातिको परम्परागत विवाह संस्कारमा आधारित रहेर विवाह गर्ने भएकोले ।

३. सोधकर्ता अनुसन्धान क्षेत्रमा पूर्व परिचित भएको र अध्ययनका लागी आवश्यक सूचना सजिलै प्राप्त गर्न सकिने भएकोले ।

४.. यस क्षेत्रका मगरहरुको बारेमा हालसम्म समाजशास्त्रीय अध्ययन, अनुसन्धान नभएकोले

## ३.२ अनुसन्धान ढाँचा

अनुसन्धान पूर्व योजना एंव रणनीति भएकोले यसले अनुसन्धान कार्यलाई मार्ग निर्देशन प्रदान गर्दछ । कुनै अवस्था प्रक्रिया, समस्या तथा घटनाको व्याख्या विश्लेषण शाब्दिक रुपले गरिन्छ भने यो गुणात्मक अध्ययन हुन्छ । गुणात्मक अनुसन्धानमा कुनै पनि अध्ययन क्षेत्रमा अध्ययनकर्ता आफै उपस्थित भई त्यसको अवस्था, घटना तथा समस्यासँग सम्बन्धित गुणात्मक सूचनाहरु संकलन गरी तार्किक निष्कर्षमा पुग्ने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ । यो अध्ययन गुणात्मक प्रकृतिको रहेकोले अध्ययनको लागि गुणात्मक विधि मात्र प्रयोग गरिएको छ ।  प्रस्तुत अध्ययनमा मगरहरुको बिवाह संस्कृतिबारे अध्ययन गर्दा बिवाहको प्रकार, प्रचलन, विधी, गरिने संस्कार आदिको वर्णनात्मक तरिकाले अध्ययन गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

अध्ययन क्षेत्रको जनसंख्याबाट अनुसन्धानकर्ताले उद्देश्यात्मक नमुना छनोट विधिको प्रयोग गरी अध्ययनका लागि नमुनाको रुपमा छनोट गरिएको छ । नमूना छनोट (Guba र Lincoln, 1981) का अनुसार गुणात्मक अनुसन्धानमा नमुना प्रतिनिधिमुलक भन्दा उद्देश्यमुलक हुन्छ । जसको उद्देश्य व्यक्तिबाट नयाँ पूर्ण र गहिराइ सम्मका तथ्याङ्क, प्राप्त गर्नु रहेको हुन्छ ।

यस अध्ययनमा प्राथमिक र द्धितीय दुवै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरु स्थलगत अवलोकन, घरधुरी सर्वेक्षण, मुख्य जानकार र बुढापाकाहरु सँगको अन्तरवार्ता, सामुहिक छलफल र अन्तरवार्ता, समस्या अध्ययन को माध्यमबाट संकलन गरिएको छ  भने द्धितीय तहको तथ्याङ्कको रुपमा केन्द्रीय तथ्याङ्क विभाग, जि.वि.स.र गा.वि.स.को कार्यालयबाट प्राप्त तथ्याङ्कका साथै बिभिन्न बिद्धानहरुद्वारा नेपालका जतजातिका बारेमा प्रकाशित कृतिहरु र सम्बन्धित पत्र पत्रिका लेख, रचना र प्रतिवेदनहरुलाई लिइएको छ  ।

## ३.४ समग्र नमुना छनोट

यस अध्ययनमा नवलपरासी जिल्ला रजहर गा.वि.स.वडा नं. ९ का मगर समुदायमा विवाहित हुन १६३ घरधुरी मध्ये नमुना छनौट विधिद्धारा ५४ घरमुलीलाई छनौट गरिएको छ ॥

## ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि विषयको अध्ययन गर्दा संकलनको आवश्यकता पर्दछ । यस अनुसन्धानको क्रममा स्थलगत अध्ययन गरी आवश्यक तथ्याङ्क संकलनको लागी अपनाईएका विभिन्न उपायहरु निम्न रहेका छन् ।ः

### ३.५.१ अवलोकन

अनुसन्धान कर्ता आफै अध्ययन क्षेत्रमा गएर त्यहाँका मगरहरुको गाउँ, घर सञ्चालन बसाईं, लवाई, खुवाई, भेष भूषा, रहन सहन, रीतिरिवाज, धर्म सँस्कृति र पेशाको बारेमा समुह समुह बनाई तथ्याङ्क संकलन गर्नका लागि स्थलगत अवलोकन गरी आवश्यक तथ्यांक संकलन गरिएको छ ।

### ३.५.२ घरधुरी सर्वेक्षण

शोधकताले घरधुरी सर्वेक्षण गर्दा संरचित प्रश्नावलीको माध्यमबाट नमुना छनौटमा परेका प्रत्येक घरको घरमुलीसँग जनसँख्याको बनौट, पेशा, धर्म, शिक्षा, वैवाहिक स्थितिको बारेमा प्रश्नावली भरेर तथ्यांक संकलन गरिएको छ ।

### ३.५.३ मुख्य जानकार र बुढापाकाहरु सँगको अन्तरवार्ता

आवश्यक सूचनाहरु सँकलन गर्नको लागी अध्ययन क्षेत्रका बुढा पाका र जानकार व्यक्तिहरु रनसिङ लङ्गेली, पहलसिह, जित बहादुर थापासँग उनीहरुको जीवन सँस्कार, चाडपर्व, विवाह पद्धति र त्यसमा हुँदै गएका परिवर्तन सम्बन्धमा अन्तरवार्ता गरी तथ्यांक संकलन गरिएको छ ।

### ३.५.४ तथ्याङ्कको प्रस्तुति एवं विश्लेषण

तथ्याङ्क संकलनको क्रममा प्राथमिक र द्धितिय श्रोतको आधारमा संकलन गरिएका तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार वर्गिकरण गरिएको छ । यो अध्ययन कुनै

सैद्धान्तिक रूपले हेर्ने भन्दापनि मगर जातिको बारेमा एक वर्णनात्मक अध्ययन भएको हुनाले वर्णनात्मक र व्याख्यात्मक रूपले प्रस्तुत गरिएको छ । यसरी वर्गिकरण गरिएका तथ्यहरूलाई बढी मात्रामा वर्णनात्मक रूपमा व्याख्या गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यक अनुसार व्याख्या विश्लेषण गरि तथ्यपरक, बोध गम्य बनाउन त्यसलाई विश्लेषण साथै विस्तार गरिएको छ । परिमाणात्मक प्रकृतिका तथ्याङ्कहरूलाई पनि आवश्यकता अनुसार साधारण तथ्याङ्कीय टेवुल बनाई सूचनाहरूलाई तुलनात्मक र बोधगम्य बनाउन तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.७ अध्ययनको सीमा

कुनै पनि अध्ययनको आफ्नै सीमा हुन्छ । यो अध्ययन नवलपरासी जिल्लाको रजहर गा.वि.स.वडा नं. ९ का मगरहरुसंग सम्बन्धीत छ । जसले सबै मगरहरुको प्रतिनिधित्व नगर्न सक्छ । यस अध्ययनमा मगर जातिको बिवाह संस्कृतिको चर्चा गर्दै त्यसमा आएको परिवर्तनमा केन्द्रीत भएकोले सामाजिक सांस्कृतिक र आर्थिक पक्षको विस्तृत वर्णन हुन सकेको छैन । यो अध्ययन स्नातकोत्तर तहको समाजशास्त्र/मानवशास्त्र विषयको लागि आंशिक कार्य परिपुर्ति गर्न तयार पारीएको हो, त्यसैले अनुसन्धान गर्दा समय स्रोत र साधनलाई मध्येनजर गर्दै अध्ययन गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ नवलपरासी जिल्लाको परिचय

नवलपरासी नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने लुम्विनी अंचलको तराई भू-भाग हो । नेपालको भौगोलिक विभाजन अनुसार पूर्वमा चितवन, पश्चिममा रुपन्देही, उत्तरमा तनहुँ र दक्षिणमा चितवन र भारत रहेको छ रहेको यस जिल्लाको कुल क्षेत्रफल २१६२ वर्ग किलो मिटर रहेको यस जिल्लालाई ६ निर्वाचन क्षेत्र ६ नगरपालिका ५९ गा.वि.स.हरुमा विभाजन गरिएको छ ।

२०६८ सालको जनगणना अनुसार पुरुष ३१२१०१, महिला ३३१४०७ गरी जम्मा ६४३५०८ जनसंख्या रहेको छ । जम्मा घरपरिवार संख्या ३८५१२ रहेको छ । उष्ण समषितोषण र शीत हावा पानी भएको यस जिल्लामा साक्षरता १५ औं स्थानमा रहेका छन् भने ८३.८५ प्रतिशत कृषि पेशामा र १६.१५ गैरकृषि पेशामा संलग्न रहेका छन् । यस जिल्लामा ब्राम्हण, क्षेत्री, मगर, थारु, तामाङ लामा, मुसहर, माझी, दमाई, सार्की, मुस्लिम जातीहरु बसोबास गरेका छन् ।

## ४.२ रजहर गा.वि.स.को परिचय

नवलपरासी जिल्लाको गा.वि.स. ५९ गा.वि.स. मध्ये रजहर गा.वि.स.पनि एक हो । रजहर गा.वि.स. को पुर्वमा अमरापुरी गा.वि.स., पश्चिममा दिव्यपुरी, दक्षिणमा चितवन राष्ट्रिय निकुन्ज र उत्तरमा कोटघर गा.वि.स. रहेको छ । रजहर गा.वि.स. मा जम्मा २२०४ घर परिवार रहेको यस गा.वि.स.मा ६१९३ पुरुष र ६२६० महिला गरी जम्मा १२४५३ जनसंख्या रहेको छ ।

नवलपरासीको दक्षिण पुर्वमा अवस्थित, ऐतिहासिक रुपमा गा.वि.स.लाई वुझ्दा रजहर गा.वि.स को नामाकरण वारेमा केही किक्वदनीहरु पाइन्छ । एक पक्षको भनाई अनुसार बाझो रहेको खाली जग्गा रजवार बाट अपभ्रंस भई रजहर भएको मानिएको छ । त्यस्तै अर्को भनई अनुसार वाइसे चौविसे राज्य एकिकरणको अभियानमा तत्कालिन पाल्पाका राजा यस क्षेत्रमा आइ पराजित भएको हुनाले ‘राजाहार’ भन्दै रजहर नामकरण भएको पाइन्छ ।

यस क्षेत्रका बासिन्दाहरु कहिले देखि यस ठाँउमा बसेका हुन् त्यो पनि थाहा छैन । यति समय देखि बसेको हो भन्ने थाहा नै छैन् । धेरै पहिले देखि नै बस्दै आएको हो भनि बताउँछन् यसरी कहिले देखि बस्न शुरु गरिएको हो त्यो पनि थाहा नहुनु र गा.वि.स.मा मगर जातिहरु मात्र पहिले देखि नै बसोबास गर्दै आएका हुन् भन्न सकिन्छ ।

**तलिका ४.१**

**वडाअनुसार रजहर गा.वि.स. को जनसंख्या**

| वडा नं. | घरपरिवार | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ५६१ | १५०६ | १५१८ | ३०२४ |
| २ | १२८ | ३४५ | ३१८ | ६६३ |
| ३ | १८५ | ५३७ | ५३७ | १०७४ |
| ४ | १७७ | ५१४ | ५६१ | १०७५ |
| ५ | २०३ | ४९९ | ५९९ | १०९८ |
| ६ | १७५ | ५०१ | ५६७ | ९६८ |
| ७ | ३१० | ८३५ | ८४७ | १६८२ |
| ८ | ३०२ | ८८२ | ८२८ | १७१० |
| ९ | १६३ | ५७४ | ५८५ | ११५९ |
| **जम्मा** | **२२०४** | **६१९३** | **६२६०** | **१२४५३** |

*स्रोत V.D.C. Profile Rajahar (2068)*

रजहर गा.वि.स. प्रशासनिक ईकाइको आधारमा नौं वडामा बाँडिएको छ । यहाँ रहेका ३ वटा वडामा मात्र महिलाको संख्या कम भएता पनि समग्रमा महिलाको संख्या बढी छ । घर धुरीको बिवरणलाई हेर्दा सबै भन्दा कम घर धुरी भएको वडा २ हो भने बढी घर धुरी भएको वडा १ हो । वडा नं. १ मा घरधुरी बढी छ । त्यहाँ दलितहरुको बस्ती बढी रहेको छ भने अध्ययन क्षेत्र वडा नं. ९ मा मगरहरुको घरधुरी १५० रहेको छ । पुलासी, सिङ्जाली, सोमाई थरहरु रहेको यहाँका सबै मगरहरुले मगर खाम भाषा बोल्दछन् । यस वडामा स्वास्थ्य चौकी, हुलाक र प्रस्तावित मा.वि. स्कुल रहेको छ । अन्य वडाको तुलनामा यो वडा तुलनात्मक रुपमा पछाडी परेको छ ।

### ४.३ अध्ययन क्षेत्रको जनसंख्या

उमेर तथा लिङ्ग अनुसारको जनसंख्या कुनै पनि स्थानको जनसंख्याको आधारभुत विशेषता हो । उमेर र लिङ्गको स्थितिले जनसांख्यिक अवस्थालाई मात्र नदेखाई उक्त स्थानको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक अवस्थालाई पनि प्रभाव पार्दछ ।

**तालिका नं.४.२**

**उमेर र लिङ्गको आधारमा जनसंख्या वितरण ।**

| उमेर | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ० - ४ | ४५ | ५.६९ | ४७ | ६.५२ | ९२ | ६.०९ |
| ५ - ९ | ६३ | ६.९७ | ५२ | ७.२५ | ११५ | ७.६१ |
| १० - १४ | १०८ | १३.७७ | ११८ | १६.३८ | २२६ | १४.९६ |
| १५ - १९ | ९९ | १३.७७ | १२७ | ११.८ | २३५ | १५.५६ |
| २० - २४ | ५४ | १२.५३ | ८५ | ५.८३ | १८४ | १२.१८ |
| २५ - २९ | २७ | ६.८३ | ४३ | २.३६ | ९७ | ६.४२ |
| ३० - ३४ | ४५ | ३.४१ | १७ | ०.६९ | ४४ | २.१९ |
| ३५ - ३९ | ५४ | ५.६९ | ५ | ७.९१ | ५० | ३.३१ |
| ४० - ४४ | २७ | ६.८३ | ५७ | ७.२२ | १११ | ७.३५ |
| ४५ - ४९ | ४५ | ३.४१ | ५२ | ४.०३ | ७९ | ५.२३ |
| ५० - ५४ | ७६ | ९.६२ | २९ | ५.१३ | १०५ | ६.९५ |
| ५५ - ५९ | २७ | ३.४१ | ३७ | ५१३ | ६४ | ४.२३ |
| ६० भन्दा माथि | ५७ | ७.२१ | ५१ | ७.०८ | १०८ | ७.१५ |
| **जम्मा** | **७९०** | **१००** | **७२०** | १०० | **१५१०** | **१००** |

*स्रोत* : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका अनुसार उमेर तथा लिङ्गको अवस्थालाई विश्लेषण गर्दा १५-१९ वर्ष उमेर समुहको जनसंख्याको बाहुल्याता देखिन्छ भने सवै भन्दा कम ३०-३४ उमेर समुहको जनसंख्या भएको पाईन्छ । यस्तै लिङ्गिय आधारलाई हेर्दा पुरुषहरुको जनसंख्या भन्दा महिलाहरुको जनसंख्या बढि रहेको देखिन्छ ।

**तलिका ४.३**

**४.३ जातजाति अनुसार वडा नं. ९ को जनसंख्या**

| **जातजाति** | **जनसंख्या** | **प्रातिशत** |
|---|---|---|
| जनजाति | ११४३ | ९८.६१ |
| दलित | १६ | १.३८ |
| **जम्मा** | **११५९** | **१००** |

*स्रोत : V.D.C. Profile Rajahar (2068)*

जातिय हिसावले यो मगरहरुको बाहुल्यता भएको गा.वि.स.वडा नं.९ हो । मगर बाहेक यस गा.वि.स.मा कामी, दमाई र गुरुङ रहेका छन् । कृषी पेशाका अलावा अल्पसंख्यामा रहेका

यस जातिले मगर जातिको कपडा सिलाउने, फलामका भाडा बनाउने, बिवाह, मृत्यु संस्कारमा परम्परागत बाजा बजाउने आदि काम गर्दछन् तर अहिले अन्य पेशा पनि अंगाल्दै आएका छन् ।

**तलिका ४.४**

**मातृभाषा अनुसारको वडा नं. ९ को जनसंख्या**

| **भाषा** | **जनसंख्या** | **प्रतिशत** |
|---|---|---|
| मगर खाम | १०१५ | ८६.५७ |
| नेपाली | १६ | १.३८ |
| गुरुङ | १२८ | ११.०४ |
| **जम्मा** | **११५९** | **१००** |

*स्रोत* : V.D.C. Profile *Rajahar* (2068)

भाषा अनुसारको जनसंख्यामा मगर खाम भाषी जनसंख्या धेरै छन् । यहाँका सबै मगरहरुले मगर खाम भाषा बोल्दछन् । कतिपय बुढा पाकाहरु मगर खाम भाषा वाहेक नेपाली भाषा राम्ररी बोल्न जान्दैनन् । नेपाली भाषा बोल्नेको संख्या १६ रहेको छ । यो कामी र दमाइको जनसंख्या हो । तर उनीहरुले पनि बढि मात्रामा मगर खाम भाषा नै बोल्दछन् ।

## ४.४ धर्म अनुसारको जनसंख्या

धर्म मानव जीवनको एक अभिन्न अंगको रुपमा रहेको हुन्छ । धर्म मानिसको जीवनको पथ प्रदर्शन गर्ने एक माध्यम हो जसले आध्यात्मवाद प्रति विश्वास गर्न प्रेरित गर्दछ । यो समाज अनुरुप विभिन्न किसिमको हुन्छ र यही धार्मिक विश्वास अनुरुप मानिसका साँस्कृतिक कृयाकलापहरु समेत निर्धारण हुन्छन् ।

**तलिका ४.५**

**धर्म अनुसार वडा नं. ९ को जनसंख्या**

| **धर्म** | **हिघरधुरी** | **जनसख्या** | **प्रतिशत** |
|---|---|---|---|
| हिन्दु | १०९ | ८४५ | ७२.९० |
| बौद्ध | १५ | १२४ | १०.६९ |
| क्रिश्चियन | ३५ | १६६ | १४.२ |
| **अन्य** | ४ | २४ | **२.०७** |

*स्रोत : V.D.C. Profile Rajahar (2068)*

माथिको तालिकामा धार्मिक हिसाबले हिन्दु धर्म भन्दा बौद्ध धर्म मान्नेको संख्या कम रहेको छ । तर यस क्षेत्रका मगरहरुले पुर्ण रुपमा हिन्दु र बौद्ध धर्म मानेको पाईदैन । यिनीहरुको आफ्नै प्रकारको मौलिकता छ । अध्ययन क्षेत्रको धार्मिक स्थितीलाई तलको तालिकामा देखाईन्छ :

**तालिका नं. ४.६**

**धार्मिक वनावट**

| **धर्म** | **घरधुरी संख्या** | **प्रतिशत** |
|---|---|---|
| हिन्दु | ३५ | ६४.८१ |
| कृश्चियन | १२ | २२.२२ |
| बौद | ७ | १२.९७ |
| **जम्मा** | **५४** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार हिन्दुधर्म मान्ने घर धुरी संख्या ६४.८१ प्रतिशत छ भने कृश्चियन धर्म मान्ने घर धुरी संख्या २२.२२ प्रतिशत छ र बौद्ध धर्म मान्ने १२.९६ प्रतिशत यहाँका मगरहरुको मुख्य धर्म हिन्दु भएता पनि हिन्दु धर्मका संस्कारहरु पालना गरेको पाईदैन । धर्ममा कट्टरता छैन । यिनीहरुको आफ्नै परम्परागत कुलपूजा, पितर पूजा, जन्म मृत्यु र बैवाहिक संस्कारहरु गर्दछन । यसैलाई नै आफ्नो धर्म ठान्दछन । त्यस्तै कृश्चियन धर्म मान्ने घर धुरी संख्या २२.२२ प्रतिशत  देखिएता पनि यो धर्म अपनाएको जम्मा केही वर्ष मात्र भएको बताउँछन ।

### ४.५ शैक्षिक अवस्था

शिक्षा मानव जीवनको एक महत्वपूर्ण पक्ष हो । शिक्षा विना कुनै पनि समाजको सामाजिक, साँस्कृतिक, आर्थिक, तथा राजनीतिक विकास संभव हुँदैन । शिक्षाकै माध्यमबाट मानिसले आफ्नो बुद्धि विवेक, सोचाई तथा जीवन स्तरमा व्यापक परिवर्तन ल्याई आफ्नो क्षमताको अभिबृद्धि गरी व्यक्तिको व्यक्तित्व विकास र समुदायलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउँछ । साथै मानिसको अवश्यक्ताको स्तरमा परिवर्तन ल्याउँछ ।

## तालिका ४.६.१

## ६ वर्ष भन्दा माथिको जनसंख्याको साक्षरता विवरण

| **६ वर्ष र सो भन्दा माथिको जनसंख्या** | | | **पढ्न तथा लेख्न सक्ने** | | | **पढ्न तथा लेख्न नसक्ने** | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १३९० | ७०० | ६९० | १११२ | ५८० | ५३२ | २७८ | १२० | १५८ |

*स्रोत : V.D.C. Profile Rajahar (20^*)*

साक्षरताका लागि यसमा ६ वर्ष माथिको जनसँख्या मात्र समेटिएको छ । साक्षरताको कुल प्रतिशत हेर्दा ८० प्रतिशत जनसंख्या मात्र साक्षर छन् । यस बाहेकको २० प्रतिशत जनसंख्या शिक्षाबाट वञ्चित छन् । यसमा पनि पुरुषको तुलनामा महिला निकै कम अथवा कुल साक्षरतामा ७७.१३ प्रतिशत मात्र साक्षर छन् ।

अध्ययन क्षेत्रको शैक्षिक अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं.४.६.२

## शैक्षिक अवस्था

| **शैक्षिक विवरण** | **महिला** | **प्रतिशत** | **पुरुष** | **प्रतिशत** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| निरक्षर | 40 | 22=87 | 30 | 17=54 | 70 | 20=23 |
| साक्षर | 50 | 22=57 | 30 | 17=54 | 80 | 23=11 |
| प्रा.वि.तह | 40 | 22=87 | 33 | 19=29 | 73 | 21 |
| नि.मा.वि.तह | 30 | 17=14 | 35 | 20 | 65 | 18=66 |
| मा.वि.तह | 10 | 5=71 | 20 | 11=69 | 30 | 8=67 |
| प्रमाणपत्र तह | 3 | 1=7 | 21 | 12=28 | 24 | 6=93 |
| स्नातक वा सो भन्दा माथि | 2 | 1=1 | 2 | 1=16 | 4 | 1=15= |
| **जम्मा** | **175** | **100** | **171** | **100** | **346** | **100** |

*स्रोत* : स्थलगत सर्वेक्षण, २०७३

यसरी अध्ययन गरिएका ५४ घर परिवारका जम्मा परिवार संख्या मध्ये २०.२३ प्रतिशत निरक्षण छन, भने २३.११ प्रतिशत साक्षर (न्यूनतम लेखपढ गर्न सक्ने) छन् । प्राथामिक शिक्षा हासिल गर्ने २१ प्रतिशत, नि.मा.वि. तहको शिक्षा हासिल गर्ने १७.०४ प्रतिशत, मा. वि.तहको शिक्षा हासिल गर्ने १८.७८ प्रतिशत, प्रमाणपत्र तहको शिक्षा हासिल गर्ने ६.९३ प्रतिशत र स्नातक वा सो भन्दा माथिको शिक्षा हासिल गर्ने १.१५ प्रतिशत मात्र रहेको छ ।

निरक्षरको संख्या बढि हुनुमा पहिला गाउँमा प्राथामिक विद्यालय मात्र थियो र मानिसहरुले शिक्षालाई भन्दा घरेलु कामलाई वढि महत्व दिएको देखिन्छ अहिले मात्र गाउँमा मा.वि.को स्थापना भएकोले हाल आएर शिक्षा प्रति चासो दिदै आएको देखिन्छ । त्यस्तै उच्च शिक्षा हासिल गर्नेको संख्या १.१५ प्रतिशत मात्र देख्नुमा गाउँमा मा.वि.र उच्च मा.वि.को उपलव्धता नहुनु नै मुख्य कारण देखिन्छ । आर्थिक अभावका कारण नै टाढा गएर उच्च शिक्षा लिन नसकेको देखिन्छ ।

## ४.६ बैबाहिक स्थिती

विवाह एउटा सामाजिक संस्था हो । विवाहबाट नै स्त्री र पुरुषले यौन इच्छा पूर्ति गरी पारिवारीक जीवनमा प्रवेश गर्दछन् । विवाह जुनसुकै समाजमा पनि पाउन सकिन्छ । तर प्रत्येक समाजमा विवाह आ-आफ्नै मान्यता, स्वरुप र चालचलन अनुसार सम्पन्न गर्दछन् ।

**तलिका ४.६.३**

**वैवाहिक अवस्था अनुसार १० वर्ष भन्दा माथिको जनसंख्या**

| जम्मा जनसँख्या | अविवाहित | विवाहित (१ वटा मात्र श्रीमान् श्रीमती भएको) | बहुविवाह (१ वटा भन्दा बढी श्रीमान् श्रीमती भएको) | पूनर्विवाह (१ वटा मात्र श्रीमान् श्रीमती भएको) | विधवा / विधुर | पारपाचुके | नखुलेको |
|---|---|---|---|---|---|---|---|
| १३०३ | ९०० | १५० | ५५ | ५० | ६५ | ७ | ७६ |

*स्रोत* : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकामा एक्लो ९०० रहेको छ भने एक वटा मात्र श्रीमान् श्रीमती भएको संख्या १५० देखिन्छ । वहुविवाह गर्नेको संख्या ५५ देखिन्छ भने पूनर्विवाह १ वटा मात्र श्रीमान् श्रीमती भएको सँख्या ७२ छ । त्यस्तै विधवा/विधुर ६५, पारपाचुके भएका ७ र नखुलेको ७६ संख्या छ । यसमा पारपाचुके संख्या ७ मात्र देखिएकोले पारपाचुके हुने संभावना न्युन रहेको देखिन्छ ।

## ४.७ आर्थिक अवस्था

कुनै पनि समाजमा बस्ने व्यक्ति, समुह वा वर्गको आर्थिक स्वरुप बुझ्नको लागि त्यस समाजको उत्पादन, उपभोग, विनिमय, वितरणका साथै सम्पत्ति माथीको स्वमित्वलाई बुझ्नु पर्दछ । यसले समाजको स्वरुप निर्धारण तथा परिवर्तनको प्रकृयालाई समेत प्रभाव पार्दछ । त्यसैले समाज र अर्थतन्त्र बीचको अन्तरसम्बन्धको अध्ययन गर्नु आवश्यक हुन्छ । यस अध्ययनमा मगरहरुको आर्थिक अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.७**

**आर्थिक अवस्था**

| पेशा | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि | 118 | 92=91 | 75 | 71=43 | 193 | 82=83 |
| व्यापार | 3 | 2=36 | 5 | 4=76 | 8 | 3=43 |
| सरकारी जागिर | 4 | 3=15 | 7 | 6=67 | 11 | 4=72 |
| गै.स.जागिर | 2 | 1=57 | 0 | 0 | 2 | 0=86 |
| बैदेशिक रोजगार | 0 | 0 | 19 | 18=09 | 19 | 8=15 |
| **जम्मा** | **127** | **100** | **105** | **100** | **233** | **100** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

यस तालिकालाई हेर्दा सवै भन्दा बढि जनशक्ति ८२.८३ प्रतिशत कृषि पेशामा संलग्न रहेको पाईन्छ । जसमा पुरुषको संस्था ७१.४३ प्रतिशत छ भने महिलाको संख्या ९२.९१ प्रतिशत रहेकोछ । यस भन्दा पछि बैदेशिक रोजगारमा संलग्न संख्या ८.१५ प्रतिशत रहेको छ जसमा महिलाको संलग्नता छैन त्यस्तै सरकारी जागिरमा संलग्न ४.७२ प्रतिशत संख्यामा महिला संख्या ३.१५ प्रतिशत र पुरुषको संख्या ६.६७ प्रतिशत मात्र रहेको छ । व्यापारमा महिला २.३६ प्रतिशत र पुरुष ४.७६ प्रतिशत गरी जम्मा संख्याको ३.४३ प्रतिशत मात्र संलग्न छन भने गैरसरकारी जागिरमा महिलाको सहभागिता १.५७ प्रतिशत मात्र रहेको छ भने पुरुषको सहभागिता नै छैन । यसरी मगरहरुको परम्परागत पेशा पनि कृषि नै भएकोले धेरै जनसंख्या यसमा संलग्न रहेको देखिन्छ । जसमा पुरुषको भन्दा महिलाको संख्या बढि छ । आज भोली धेरैजसो युवाहरु वैदेशिक रोजगार प्रति आकर्षित हुँदै गएको देखिन्छ । त्यस्तै सरकारी र गैरसरकारी क्षेत्रमा कम संलग्नता हुनुमा कम शिक्षाको कारणले हो भन्न सकिन्छ ।

### ४.८ परिवारको किसिम

परिवार समाजको आधारभूत जैविक एकाई हो । यो रगत र वैवाहिक सम्बन्ध सँग गाँसिएको व्यक्तिहरुको समुह हो । परिवारको आकार, परिवारको सदस्य संख्याको आधारमा परिवारको किसिम छुट्याउन सकिन्छ । जसमा मुख्य गरेर एकल परिवार तथा संयुक्त परिवारको विश्लेषण गर्न सकिन्छ । एकात्मक परिवार भन्नाले बाबु-आमा र छोरा-छोरी रहेको परिवारलाई जनाउँछ भने संयुक्त परिवार भन्नाले बाबु-आमा छोरा छोरी लगायत काका काकी, दाजु-भाउजु, भाई-बुहारी आदिको परिवारलाई जनाउँछ । अध्ययन क्षेत्रका मगरहरुमा पनि यि दुवै प्रकारका परिवारको ढाँचा पाईन्छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.८**

**परिवारको किसिम**

| **परिवारको किसिम** | **घरधुरी संख्या** | **प्रतिशत** |
|---|---|---|
| एकल | २५ | ४६.३ |
| संयुक्त | २९ | ५३.७ |
| **जम्मा** | **५४** | **१००** |

*स्रोत* : स्थलगत सर्वेक्षण, २०७३

यस तालिकालाई हेर्दा यहाँका मगरहरु बढि मात्रामा संयुक्त परिवारमा बस्ने गरेको देखिन्छ । संयुक्त परिवारमा खेतीपाती, पशुपालन लगायत अन्य आर्थिक कृयाकलापमा सघाउ पुग्ने भएकोले संयुक्त परिवारमा बस्ने गरेका छन । तर आजभोली केही शिक्षित र जागिरवालाहरु एकल परिवारमा बसेको देखिन्छ ।

### ४.९ नाता सम्बन्ध

यहाँका मगरहरुको समाजमा अन्य समाज सरह हाडनाता र वैवाहिक नाता भएको पाईन्छ । हाडनाता भित्र रगतको नाता जस्तै :- बाजे, बाबु, छोरा, नाति, पनाति पर्दछन भने बैवाहिक नाता सम्बन्ध भित्र सासु, ससुरा, ज्वाँई, साला, साली, जेठान, भिनाजु आदि पर्दछन । त्यस्तै मितेरी साईनोको प्रचलन पनि यस जातिमा प्रभावकारी छ । मन मिल्ने साथी-साथी विचमा मित र सम्धी लगाउने चलन छ । मितेरी साईनो लगाईसके पछि नजिकको नातेदार मानि निकै मान सम्मान गर्ने गर्दछन । यस प्रकारको नाता सम्बन्ध वीचमा विवाह गर्न पाईदैन । मित लगाउने वेलामा, समय समयमा मित-मित वीच चिनो दिने र रक्सी मासु खुवाएर

सम्मान गर्ने चलन भएकोले त्यस्तो कार्य गर्दा धेरै खर्च हुने भएकोले यस प्रकारको नाता लगाउने चलनमा कमी हुँदै आएको छ ।

### ४.१० जन्म र मृत्यु संस्कार

जन्म-मृत्यु संस्कार प्रत्येक समाजमा रहेको पाईन्छ । यो संस्कार सामाजिक, साँस्कृतिक र धार्मिक मान्यता अनुरुप सम्पन्न गरिन्छ । यसरी मगरहरुको पनि आफ्नै परम्परागत जन्म मृत्यु संस्कारहरु छन । यिनीहरु जन्म मृत्यु भएको वेलामा एक अर्कोलाई सघाउने गर्दछन । एउटालाई परेको दु:ख, कष्टमा सवैको समान उपस्थिती हुन्छ । यिनीहरुमा सामुहिक भावना पाईन्छ ।

### ४.१०.१ जन्म संस्कार

मगर समुदायमा आईमाई गर्भवती भएपछि त्यस घरको सम्पूर्ण परिवार अशुद्ध भएको मानिन्छ । बच्चा नजन्मिँदा सम्म कुनै पनि खालको पूजा गर्दैनन् । बच्चा जन्मे पछि खुशी मनाउने चलन छ । बच्चा जन्मेको दिनमा छरछिमेकलाई वोलाएर भाले काटी जाँड, रक्सी खुवाउने गरिन्छ । बच्चा जन्मेको दिन त्यस घरमा ज-जसले रक्सी र मासु खान्छन् तिनीहरुले न्वारानको दिनमा अवश्य जानु पर्दछ । किन भने जुठो परेको घरको खाना खाएकोले चोखिनु पर्छ भन्ने मान्यता छ । घरको आर्थिक अवस्था राम्रो हुनेले सुँगुर र खसी समेत काट्ने गर्दछन । बच्चा जम्मेको तीन दिनमा सुत्केरीलाई चोख्याउने र बच्चाको न्वारान गरिन्छ । बच्चाको न्वारान पछि मात्र त्यस घर र बच्चा चोखो भएको मानिन्छ । न्वारानको दिनमा छरछिमेक, आफन्तलाई बोलाएर भाले, सुँगुर, खसी काटेर जाँड, रक्सी सित भोज खुवाउँछन । न्वारानकै दिनमा नै बालकको नाम जैसीले वा भोजमा आएका छिमेकी र नातेदारहरुले राखीदिन्छन । पन्ध्र/वीस दिन पछि जैसीले पात्रोमा शुभ साईत हेरी बालकलाई घरबाट बाहिर निकाल्छन । त्यस दिन देखी बालकलाई जुन सुकै ठाँउमा लगे पनि हुन्छ तर मावलीको घरमा पस्नको लागि केही रक्सी र एउटा भाले लगेर गएर मात्र पस्न पाउँछ । पासनी गर्ने चलन छैन । बालकले खाना खाने वेलामा आफै खान्छ । बच्चा जम्मेको २/३ वर्षमा घरमा बाबु आमा, श्रीमती भएको सुपूर्ण व्यक्तिले बच्चाको कपाल खोरी दिन्छ । त्यस पछि भाले काटी भात पकाई बच्चाको अगाडी तोला, पाथी, हलो, लठ्ठी, कलम, कापी, टोपी आदि सामानहरु राखीदिन्छन । जुन चिज पहिलो टिप्छ त्यस अनुसार

उसको भाग्य र भविष्य निर्माण हुन्छ भन्ने विश्वास छ । तर आज भोली कसै कसैले मात्र गर्दछन् खासै गर्दैनन् ।

### ४.१०.२ मृत्यु संस्कार

व्यक्तिको मृत्यु पछि गरिने संस्कारलाई मृत्यु संस्कार भनिन्छ । मगर जातिमा व्यक्तिको मृत्यु भए पछि छरछिमेक र आफन्तहरु जम्मा हुन्छन् । मृतकलाई मान्द्रोमा बेरेर ढोका छेउँमा राख्छन । मृतकको छेउमा एउटा थैलोमा मकै, कोदो, फापर, जौ भरेर राख्दिन्छन । जुन मृतकलाई घाटमा लैजाँदा बाटोमा छर्दै जान्छन । त्यस्तै लासको माथी एउटा तामाको भाँडा र काँसको थाल राखिदिन्छन त्यसमा आउने मान्छेहरुले तिला (पैसा) राखिदिन्छन । मृतकको घरमा छिमेकी र आफन्तलाई बोलाउनको लागि दमाईहरुलाई विपे बाजा बजाउन लगाउँछन । र गाउँदेखी टाढा लासलाई लैजाने बाटोमा बाटो (सेतो कपडा) टाँग्छन । आफन्तहरु सवैलाई बोलाउँछन र आईसके पछि लासलाई घाटतिर लैजान्छन् । शव लैजाँदा सवै भन्दा अगाडी कामीहरुले बाटो उचोलर लग्छन र दमाईहरुले बाजा बजाउँदै जान्छन्, त्यसको पछाडी लासलाई लैजान्छन । शवको पछाडी मलामीहरु दाउरा मुढा बोकेर लैजान्छन । लासलाई घाटमा पुऱ्याईसके पछि चित्ता तयार पारी जलाउँछन । घाटबाट महिलाहरुलाई पहिला नै घर पठाउँछन र पुरुषहरु लासलाई पुरै जलाईसके पछि घर फर्किन्छन । यसरी घर फर्किने वेला खोलामा सवैले तितेपातीले हाल खुट्टा र मुख धुन्छन र मृतकको छोरालाई कपाल खोरीदिन्छन र टाउकोमा सेतो टालो बाँधिदिन्छन ।

क्रियाको शुद्धि एकै दिनमा गर्दछन । सभा (शुद्धि) नगर्दा सम्म दुःख भोग्ने भन्ने चलन छ । शुद्धि गर्दा खोलामा जाने र भेँडालाई फुलमाला लगाईदिएर झुसे बनाएर काटछन् । त्यो भेडाको मासु दलितले मात्र खान्छन । क्रिया गर्नेले नुहाएर नयाँ कपडा लगाउँछन् । अनि घर फर्किएर आउँछन । त्यसपछि मृतक परिवारले छिमेकी र आफन्तलाई बाखा, सुँगुर, राँगा काटेर खाना, जाँड, रक्सी खुवाउँछन् । यसरी खुवाउने बेलामा भाई समुहको सवै घरले एक धार्नी जाँड र एक पाथी पिठो उठाएर दिने चलन छ । यो मृतक परिवारलाई सवैले सहयोगको निम्ती गरेका हुन । त्यसै रातमा झाँक्री बसाल्छन । यो मृतकलाई परिवार सँग आहार, विहार र आत्मा छुटयाउनको लागि गरिन्छ । झाँक्री नवसाल्दा सम्म मृतको आत्मा घरमै रहिरहन्छ भन्ने विश्वास गर्दछन । यसरी झाँक्री बसिसके पछि मृत्यु संस्कार सकिन्छ।

### ४.११ चाडपर्वहरु/देवी देवताहरुको पूजा

नेपाल बहुजातिय, बहुसाँस्कृतिक र बहुधार्मिक समाज भएकोले यहाँ प्रत्येक जात जातिले आफ्नै परम्परागत चाड पर्वहरु मान्दै आएका छन् । यहाँका मगरहरुले पनि विभिन्न चाडपर्वहरु मान्दै आएको पाईन्छ । जुन निम्न अनुसार छन्-

### ४.१०.१ जेठाङ्सी

जेष्ठ महिनाको पूर्णिमाको दिनमा नजिकैको बन जहाँ पहिले देखी नै पूजा गर्दै आएका ठाँउमा गई पूजारी, धामी, धमेनीहरुले बोका काटी बराहा देउताको नाममा बलि चढाएर पूजा गर्छन । त्यसपछि बाजा बजाएर धामी, धमेनी र मेला हेर्न गएका मान्छेहरु नाच्दछन । यो दिन मेला हेर्न भनी गा.वि.स.का धेरै जस्तो मान्छेहरु जम्मा हुने गर्दछन ।

### ४.११.२ साउने सँक्रान्ति

यहाँका मगरहरुले प्रत्येक वर्षको साउन एक गते साउने सँक्रान्ति मनाउँछन् । एक गतेको दिन साँझ लुतो फालिसके पछि दुई गते देखी पाँच गते सम्म गाउँ नजिकैको चौरमा गएर बाजाको तालमा महिला पुरुष, बच्चा देखी बृद्ध बृद्धा सम्म सवै जना गोलो घेरा बनाई नाच्दछन । यो बर्खे बालीलाई गोडमेल गरी काम सकेको अवरसमा नाचिने र बाढी पहिरो नजाओस भनेर भुमिलाई पूजा गर्ने पर्व हो ।

### ४.११.३ दशैं/ तिहार

दशै तिहार राष्ट्रिय रुपमै मनाईने भएकोले यहाँका मगरहरुले पनि पर्वको रुपमा मनाउने गर्दछन । फूलपातीको दिन चौतारामा गई एउटा राँगा काटी पूजा गर्छन भने अष्टमीका दिन घरमा एउटा भाले काटी पूजा गर्दछन र टीकाको दिनमा घरको मान्यजनबाट टीका र जमरा लगाउने गर्दछन । त्यस्तै दशैं भन्दा तिहारलाई बढी महत्व दिन्छन । गाई तिहारको दिनमा गाईको पूजा र पित्रको पूजा गर्छन । पित्र पूजामा भाई समुह मिलेर प्रत्येक घरले आफ्ना मृतक पित्रको नाममा भाले काटी धजा झुन्डयाई, धुप हालेर, रोटी पकाई पित्रलाई चढाएर सामुहिक रुपमा पित्रृ पूजा गर्दछन । भाई टिकाको दिन सवैले दिदी बहिनीबाट टीका लगाउँछन । त्यस्तै जिउँदो पित्र ठानी भाई समुह भरीमा सवै भन्दा जेठो बृद्धालाई एक बोतल रक्सी, रोटी र मासुको चटनी बनाई लगिदिएर सम्मान गरी आशिर्वाद लिने चलन छ। साथै तिहार भरीमा सिङगारु नाच नाची रमाईलो गर्ने गरेकोमा माओवादी जनयुद्ध पछि सिङगारु नाच्न छोडी देउसी भैलो खेल्ने गरेका छन ।

### ४.११.४ माघे सँक्रान्ति

माघे सँक्रान्ति प्रत्येक वर्षको माघ १ गते मान्दछन । यस दिनमा जाडो भयो भनी आछुछु भनियो भने अर्को जुनीमा सुँगुर भईन्छ भन्ने विश्वास गर्दछन । त्यसकारण त्यस दिन विहानै जाडो नमानी सवैले नुहाउनु पर्दछ । त्यस पछि चेलीहरुले टीका लगाईदिन्छन र चेलीलाई घरमा बनेको मिठो खानेकुरा तरुल, मासु, रोटी, पैसा दिन्छन जसलाई 'मिसरा' भन्दछन । यस दिनमा आफ्ना चेलीहरुलाई दान गरिसकेपछि पुरुषहरुले जाँड, रक्सी र मासु खाई रमाईलो गर्ने गर्दछन ।

### ४.११.५ चैते दशैं

चैते दशैंमा एउटा निश्चित ठाँउमा विहानै गएर 'थाम' बनाई एउटा बोका काटी देवीको पूजा गर्छन । जुन बोका सवै गाउँले मिलेर किनेका हुन्छन । त्यस पछि प्रत्येक घरबाट एउटा भाले, धजा र अक्षेता लगी भाले काटी पूजा गर्छन ।

यी बाहेक मौसमी मेला, जमिन, बालीनाली, सिमेभुमे पूजा पनि गर्दछन । सवै प्रकारका चाडपर्व र मेलामा जाँड, रक्सी, रोटी, मासु खाएर रमाईलो गरी मनाउने चलन छ

# अध्ययाय पाँच

## अध्ययन क्षेत्रका मगरहरुको विवाह सँस्कार

विश्वमा विभिन्न जात, धर्म, समाज अनुसार विवाह सँस्कृति फरक फरक तरिकाले सम्पन्न गरेको पाईन्छ । तर विवाह सँस्कृति सम्पन्न गर्नुको उद्देश्य एउटै देखिन्छ । यसरी नवलपरासीका मगर समाजमा पनि विवाह सँस्कृति सम्पन्न गर्ने तरिका र प्रकारहरु आफ्नै मौलिक खालको छ ।

### ५.१ वैबाहिक स्थिति

यहाँका मगरहरुमा विशेष गरेर मामाको छोरीलाई विवाह गर्ने चलन छ र परम्परागत रुपमा मागी विवाह र तानी विवाह बढि प्रचलित भएता पनि हाल प्रेम विवाहको प्रचलन बढदै गएको देखिन्छ । यहाँका मगरहरुको वैवाहिक स्थिति निम्न छन् ।

अध्ययन क्षेत्रको मगरहरुको वैवाहिक स्थिति लाई तलको ताकिमा प्रस्तुत गरिएको छ ।

**तालिका नं.५.१**

**वैवाहिक स्थिती (१५ वर्ष भन्दा माथिको उमेर समुह)**

| वैवाहिक स्थिती | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| अविवाहित | 121 | 21=08 | 159 | 31=61 | 280 | 26=07 |
| विवाहित | 361 | 62=09 | 300 | 59=64 | 661 | 61=54 |
| विधुर/विधुवा | 46 | 8=01 | 5 | 0=99 | 51 | 4=74 |
| सम्बन्ध विच्छेद | 0 | 0 | 5 | 5=76 | 5 | 0=46 |
| पून : विवाह | 19 | 3=31 | 29 | 0=99 | 48 | 4=46 |
| जारी विवाह | 5 | 0=87 | 5 | 0 | 10 | 0=93 |
| छुट्टिएर बसेको | 22 | 3=82 | 0 | 0 | 22 | 2=04 |
| जम्मा | 574 | 100 | 503 | 0 | 1077 | 100 |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

मथिको तालिका अनुसार वैवाहिक स्थिती हेर्दा २६.७ प्रतिशत अविवाहित तथा ६१.५४ प्रतिशत विवाहित जनसंख्या रहेको पाईन्छ । यसका साथै विधुर/विधुवाको संख्या ४.७ प्रतिशत सम्बन्ध विच्छेद गर्नेको संख्या ०.९ प्रतिशत, पूनः विवाह गर्नेको संख्या २.०४ प्रतिशत जारी विवाह गर्नेको संख्या २१.०८ प्रतिशत र छुटिएर बस्नेको संख्या १.७ प्रतिशत छ । लैङ्गिक रुपमा हेर्दा अविवाहित महिलाको संख्या २१.३१ प्रतिशत छ भने पुरुषको संख्या ३१.६१ प्रतिशत छ विवाहित महिलाको संख्या ६३.१९ प्रतिशत छ भने पुरुषको संख्या ५९.६४

प्रतिशत छ । विधुवाको संख्या ८.०१ प्रतिशत छ भने विधुरको संख्या ०.८९ प्रतिशत छ । सम्बन्ध विच्छेद गर्ने महिलाको संख्या ०.९९ प्रतिशत छ भने पुरुषको संख्या ८.०१ प्रतिशत छ । पून : विवाह गर्ने महिलाको संख्या ३.३३ प्रतिशत छ भने पुरुषको संख्या ६.२५ प्रतिशत छ । जारी विवाह गर्ने महिला र पुरुषको संख्या वरावर ०.८७ प्रतिशत छ । त्यस्तै छुट्टिएर बस्ने पुरुषको संख्या ० प्रतिशत छ भने महिलाको संख्या ८.८२ प्रतिशत छ ।

### ५.२ विवाहको किसिम

समाजमा धर्म, संस्कार, जातजाति अनुसार विभिन्न किसिमका विवाह हुने गर्दछन । मगरहरुमा पनि विवाहका विभिन्न तरिकाहरु पाईन्छ । अध्ययन क्षेत्रको विवाहको किसिमलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं.५.२**

**विवाहको किसिम (४० वर्ष भन्दा माथिको उमेरको उत्तरदाता)**

| **विवाहको किसिम** | **उत्तर दातको संख्या** | **प्रतिशत** |
|---|---|---|
| मागी विवाह | 248 | 38=75 |
| प्रेम विवाह | 224 | 35=19 |
| चोरी विवाह | 140 | 21=87 |
| विधुर/विधुवा/विवाह | 21 | 3=28 |
| जारी विवाह | 7 | 1=09 |
| **जम्मा** | **640** | **100** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकालाई हेर्दा मागी विवाह गर्नेको संख्या ३८.७५ प्रतिशत, प्रेम विवाह गर्नेको संख्या ३५.१९  प्रतिशत, चोरी विवाह गर्नेको संख्या २१.८७ प्रतिशत, विधुर/विधुवा विवाह गर्नेको संख्या ३.२८ प्रतिशत र जारी विवाह गर्नेको संख्या १.०९ प्रतिशत रहेको छ ।

### ५.३ विवाहको उमेर

हाम्रो देशको कानुनले विवाहको लागि केटाको उमेर २१ वर्ष र केटिको उमेर १८ वर्ष कायम गरेको भएता पनि हाम्रो वहुजातीय, वहुभाषीक,वहुधार्मिक मुलुकमा यसको त्यती

पालना भएको देखिदैन । मगर समाजमा पनि १५ वर्ष देखि नै विवाह गर्ने गरेको देखिन्छ । स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्यांक लाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तलिका नं. ५.३**

**विवाहको उमेर (४० वर्ष भन्दा माथिको उमेर समुह)**

| **उमेर** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| १५-२० | १७ | ३१.४८ |
| २१-२५ | २७ | ५० |
| २६-३० | ८ | १४.८१ |
| ३१भन्दा माथि | २ | ३.७ |
| **जम्मा** | **५४** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार विवाहको उमेर हेर्दा १५-२० वर्ष उमेरमा विवाह गर्ने संख्या ३१.४८ प्रतिशत , २१-२५ वर्ष उमेरमा विवाह गर्ने संख्या ५० प्रतिशत, २६-३० वर्ष उमेरमा विवाह गर्ने संख्या १४.८१ प्रतिशत र ३० वर्ष भन्दा बढि उमेरमा विवाह गर्ने को संख्या ३.७ प्रतिशत देखिन्छ ।

## ५.४ विवाह सँस्कृतिहरु

### ५.४.१ मागी विवाह

मागी विवाह मगर जातिमा परम्परागत रुपमा चल्दै आएको प्रचलित विवाह हो । मागी विवाह भन्नाले केटाकेटीले एक अर्कालाई मन पराएर भन्दा पनि अभिभावकहरुको ईच्छा अनुसार आवश्यक विधि पुऱ्याएर गरिने विवाह हो । यसमा केही मात्रामा मात्र केटा केटीको चाहना अनुसार गरिन्छ । केटा केटी वीचमा प्रेम वसेको भएता पनि केटाले केटीलाई मागेर नै विवाह गर्दछन । यस प्रकारको विवाह गर्दा सकभर आफ्नै मामाको छोरीलाई माग्ने चलन छ । यदि आफ्नो मामाको छोरी नभएमा वा मामानै नभएमा आमाको माईतीको भाई समुहका मामाको छोरीलाई माग्ने गरिन्छ । यसरी केटी माग्दा केटाकेटी र अभिभावकको सामाजिक तथा आर्थिक स्तरलाई पनि केही मात्रामा हेर्ने गरिन्छ । मागी विवाहमा आफ्नै मामाको छोरी वा अन्यत्रको केटी माग्दा अपनाईने प्रकृया एउटै हुन्छ । यस प्रकारको विवाहको प्रकृया लामो हुन्छ । मागी विवाहलाई ५ चरणमा सम्पन्न गरिन्छ । जसमा (क)

केटी माग्ने वा फकाउने चरण  (ख) दिन माग्ने चरण (ग) घरभित्र भित्र्याउने चरण (घ) माईती मान्ने चरण (ङ) पाईला फर्काउने चरण ।

### ५.४.१.१ केटी माग्ने वा फकाउने चरण

केटा पक्षको अभिभावकले आफ्नो छोरालाई विवाह गरिदिने विचार भए पछि छोराको मामाको छोरी वा अन्यत्रको केटी जुन अभिभावक र केटालाई मन पर्छ त्यस केटीको अभिभावक सँग सुरुमा विवाहको वारेमा कुरा चलाउँछन । यसरी कुरा चलाउँदा कुनै मेला, जात्रा, चाडपर्व वा उत्सवमा उपयुक्त अवसर पारेर केटीका अभिभावक सँग कुरा राख्छन । कुनै नजिकका आफन्ती मार्फत पनि कुरा चलाउन लगाईन्छ । यसरी कुरा चलाउँदा केटी पक्षबाट सकारात्मक संकेत आएमा केटी माग्न गईन्छ । कसैले पहिला कुरा चलाउन नलगाई सिधै केटी पक्षको घरमा गएर केटीको अभिभावक सँग कुरा राख्छन् र केटीलाई पनि फकाउँछन । यसरी केटी पक्षबाट सहमति भएमा केटाले केटीलाई साईमासा (नगद ५-१००० रुपैयाँ सम्म हुन्छ) दिन्छन् । कहिले काहीँ केटा र केटी बीचमा प्रेम बसेमा पहिलेनै केटाले केटीलाई साईमासा दिएका हुन्छन् । यदि त्यो साईमासा केटीले मञ्जुर भएर राखेमा विवाह हुने पक्का हुन्छ । कारणवस केटाकेटी वीच पछि विवाह हुन सकेन अथवा केटीले अन्यत्र विवाह गरेमा केटीले त्यो साईमासा केटालाई फर्काईदिनु पर्छ । यसरी केटी पक्षसँग विवाहको लागि कुरा पक्का भईसके पछि अथवा केटीले साईमासा राखी सकेपछि केटा पक्षले छ धार्नी जाँड र एउटा भाले लगेर माईती पक्षलाई बुझाउँछन् । माईती पक्षका सवै भाईसमुह जम्मा भएर भाले काटेर जाँडसित खान्छन् । जसलाई ‘कुरा’ गर्ने भन्दछन । यसरी ‘कुरा’ गरिसके पछि माईतीले ‘साईमासा तेने’ आउनु भनि समय तोकिदिन्छन । १०/१५ दिन भित्रमा ‘साईमासा तेने’ काम गरिन्छ । ‘साईमासा तेने’ जाँदा २/३ धार्नी रक्सी र केही मात्रामा रोटी लगेर जानु पर्छ । माईती नमान्दा सम्म केटी माईतमा नै बस्छिन केटीले साइमासा बुझिसकेपछि टिकाटालो नगर्दा सम्म केटाको घरमा आएर काम गर्न सक्छे तर घरभित्र पस्न पाउँदैन । यदि छिटो माईती नमान्ने हो भने चाडपर्वमा केटीको भाग भनि मासु, रक्सी र खाने कुराहरु लगिदिनु पर्छ ।

### ५.४.१.२ दिन माग्ने चरण

दिन माग्ने भनेको विवाहको लागि दिन तोक्नु हो । केटी मागेर ‘कुरा’ गरी साईमासा तेने काम गरिसकेपछि केटा पक्षले विवाहको लागि दिन माग्न जान्छन । दिन माग्न जाँदा २/४

धार्नी रक्सी लिएर केटाको अभिभावकहरु केटीको घरमा जान्छन् केटाकेटीका अभिभावक वीच विवाहका लागि उचित महिना र दिन तय गरिन्छ । यसरी दिन तय गर्दा जैसीलाई बोलाएर उचित महिना, दिन, बार तोकिन्छ । विशेष गरेर बैशाख, मंसिर र माघ महिना विवाहको लागि उचित मानिन्छ ।

### ५.४.१.३ घरभित्र दुलही भित्र्याउने चरण

विवाहको लागि दिन तोकिसके पछि केटा पक्षले विवाहको लागि तयारी गर्नु पर्दछ । केटा पक्षले जाँड, रक्सी, सुँगुर, राँगा, बोका, रोटी, चामल, फलफूल तयार पार्दछन । विवाहको लागि तयारी गरीसके पछि तोकिएको दिनमा गाउँघर, ईष्टमित्र र सहयोगीहरु लिएर दुलाहा सहित अभिभावकहरु केटी लिन जान्छन् । माईती पक्षले केटीलाई उनको दिदी बहिनीका साथ पठाउँछन् । साथमा केटीले आफ्ना साथीहरुलाई बोलाउँछिन र भाई समुहका छोरी चेलीहरु दुलहीका साथ नै ९/१० जना दुलाहाका घर आउँछन तिनीहरुलाई 'नलमे' भन्दछन् । दुलहीलाई घरमा पुऱ्याईसके पछि भित्र्याउने बेलामा केटाको बावु आमा घरबाहिर गई लुक्छन् । केटी अलक्षीन भएमा घरभित्र पस्ने बेलामा सासु ससुरालाई हानी हुन्छ भन्ने विश्वास राख्दछन् । दुलही भित्र्याउने बेलामा सँगारमा जैसीले ९ पाईला गोवर थाप्छन । दुलहीले त्यो गोवरमा टेकेर घरभित्र पस्छिन र दुलहीको पछि पछि दुलाहा पस्छन् । भित्र पसिसके पछि चुलामा पित्रलाई जैसी सहित दुलाहा र दुलहीले ढोगेर बस्छन । त्यसपछि सासु ससुरा भित्र आएर बस्छन् । बस्दा सबभन्दा माथी चुलाको छेउमा जैसी, दुलही र दुलाहाको क्रममा बस्छन । दुलहीलाई घरभित्र पस्न लाग्ने बेलामा बाहिर बन्दुक पड्काउने चलन छ । त्यस्तै बाहिर दमाईलाई बोलाई बाजा बजाउन लगाउँछन् । दुलहीलाई भित्र्याईसके पछि टिकाटालो गर्छन । टिकाटालो गर्दा दुलहीलाई नयाँ मखमलको चोली लुङ्गी, गादो, रुमाल लगाउन दिन्छन् । त्यसपछि घरभित्रको पूजागर्ने ठाउँमा गएर घ्यूमा चामल मुछेर दुलाहा दुलही दुवैले एक आपसमा टिका लगाएर ढोकभेट गर्दछन् । अनि घरमा रहेका सवै जनालाई दुलाहा र दुलहीले ढोग्छन् । विवाहमा आएका गाउँले, इष्टमित्र, जन्ती सवैलाई जाँड, रक्सी र मासुसित भोज खुवाउँछन । टिकाटालो गर्दा एउटा बोका, खसी, वा सुँगुर काट्छन । त्यस काटेको जनावरको एउटा खुट्टा र टाउको जैसीले लग्छन भने पुच्छरको भाग दमाईले लग्छन् । यसरी दिनभरी बाजा बजाई नाचेर रमाईलो गर्दछन् ।

टिकाटालो गरिसके पछि माईती पक्षबाट 'पोका' (रक्सी, मासु, रोटी) मगाउँछन् । मावली, फुपुहरु, मितबुबा लगायत माइतीका सवैजनालाई क-कसलाई कति पोका (रक्सी, मासु,

रोटी) ल्याईदिनु पर्छ भनि सोध्न एकजना अलि कुरा गर्न जान्ने व्यक्तिलाई माईतीकहाँ पठाउँछन् । त्यसको आधारमा सवैकुराको दुलाहा पक्षले तयारी गर्दछन । यसरी माइती पक्षले मागेको पोका तयार पार्दा दुलाहा पक्षका भाई समुहका सवै इष्टमित्रले रक्सी र पिठो संकलन गरी केही मात्रामा दुलाहालाई सहयोग गर्दछन । यसरी पोका तयार पार्दा केटा पक्षको भान्जाले पूरै काममा सघाउनु पर्दछ ।

दुलही सँग आएका नल्मेहरु माईती मान्न नजाँदा सम्म दुलाहाको घरमा बसेर काममा सघाउने गर्दछन । नल्मेहरुलाई छुट्टै १०-१५ पाथी पिठो, चामल, घ्यू, तेल, तरकारी, फलफूलहरु दिन्छन त्यो आफै पकाएर खान्छन र बाँकी बचेका रोटी र फलफूल माईती मान्न जाँदा जन्तीहरु सँगै आफै बोकेर लैजान्छन । दुलाहाको घरमा बस्दा भरिलाई दुलाहा पक्षले रक्सी, मासु, रोटी, खाना लगायत मिठो-मिठो खानेकुरा नल्मेहरुलाई खुवाउनु पर्दछ ।

### ५.४.१.४ माइती मान्ने चरण

माइतीलाई बुझाउने सवै कुराहरु तयार बनाइसके पछि मागेको दिनमा माइती मान्न जान्छन् । माइती मान्न जाँदा दमाईहरुले अगाडी बाजा बजाउँदै जान्छन् पछि जैसी, दुलही, दुलाहा, ‘मन्डयाउली’, नल्मे र अन्य जन्तीहरु जान्छन् । माइतीलाई बुझाउने सामानहरु जन्तीहरुले बोक्ने गर्दछन । दुलाहाको दिदी बहिनी, फुपु लगायत ५/६ जना पनि जान्छन् तिनीहरुलाई ‘मन्डयाउली’ भन्दछन । मन्डयाउलीले दुलाहा, दुलहीले बाटोमा फाल्ने खाजा, खाने रक्सी बोक्दछन । घरबाट निस्के देखी दोवाटो, चौबाटो, खोला छेउमा दुलहीले गादोबाट मकै, भटमास, लट्टेको खाजा छर्दै जान्छिन । दुलाहाले केटलीबाट जाँड छर्दै जान्छन् । बाटोमा जाँड, रक्सी खाँदै, नाच्दै गाउँदै मनोरञ्जन गर्दै साँझ माइतीमा पुग्दछन् ।

माइती पक्षले सुँगुर, खसी वा राँगा काटी जन्तीको लागि खाना तयार पार्दछन् । जुन काम छिमेकी, भाई समुह, जम्मा भएर गर्दछन । जन्तीहरु साँझतिर माइतमा पुगे पछि माइती पक्षले स्वागत गर्दछन । जैसी, दुलाहा, दुलही र मान्डयाउली लगायत अन्य जन्तीहरुलाई एउटा नयाँ मान्द्रो विछ्याई त्यसमाथी कामलो विछ्याई बस्न दिन्छन । त्यस पछि माइती, भान्ज पक्षवीच ढोगभेट, साइनो लगाउने गरिन्छ । जन्तीले लिएको माइतीलाई बुझाउनु पर्ने सामानहरु बुझाउँदछन । अन्य गाउँघर टाढा बुझाउनु पर्ने पोकाहरु पनि दुलाहाका अभिभावकले आफै राख्छन । ढोगभेट साइनो लगाउने काम भईसके पछि खानपिन सुरु हुन्छ । जन्तीलाई नल्मेहरु सहित माइती पक्षकाले खाना खुवाउँछन । खाना खुवाउने बेलामा

नल्मेहरुले जन्तीहरुलाई खुव जिस्क्याउँछन । जन्तीहरु पनि रमाइलो मान्दै खाना खन्छन । खाना खाईसके पछि रातभर जन्तीहरु बाजाको तालमा आँगनमा नाच्छन कोही दोहोरी गाउँछन र रातभर दुलाहा, दुलही लगायत सवै नसुतीकनै विताउँछन् । दुलाहा पक्षले माइती हरुलाई छोरी/चेली लगेवापत नगद १५००।- दिनु पर्दछ । जसलाई 'चार' तिर्ने भन्दछन । जुन पैसा भाइकोषमा जम्मा गरी राँगा काटेर जाँडरक्सी किनेर खान्छन् । यो पैसा बढी भएमा अरुलाई ऋण पनि दिने गर्दछन्

भोलीपल्ट दुलाहा पक्षले लगेको पोका ज-जसलाई बुझाउनु छ सवैको घर घरमा गएर बुझाउँछन । माइती पक्षले आ-आफ्नै क्षमता अनुसार तामाको गाग्री, ताउलो, रक्सी पकाउने भाँडा, थाल लगायत नगद दिन्छन । विहानको खाना खाएर जन्तीहरु दिनभरी नाच्दछन । दिउँसोको ३/४ बजेतिर माइतीले जन्तीलाई विदाई गर्दछन । जन्तीलाई विदाई गर्दा नल्मेहरुले फूलमाला (दुवो, पाती र फूल) तयार पार्दछन जसलाई जैसीले मन्तर गरी फूक्छ । तयार पारेको फूल नल्मेहरुले सवै जन्तीहरुलाई लगाईदिन्छन। त्यस पछि जैसी, दुलाहा, दुलही, दुलाहाको अभिभावकले माइतीहरुलाई ढोगेर विदा माग्दछन । दुलाहाको मुल अथवा जेठो भान्जलाई माइतीले दिएको 'दियात' र कान्छा भान्जालाई दुलाहा दुलहीलाई बस्नको लागि विछयाईदिएको मान्द्रो बेरेर नचाउन लगाउँछन् जुन बाटो भरी बाजाको तालमा नाच्दा नचाउँदै घर ल्याई पुऱ्याउनु पर्दछ । भान्जले नचाउने दियात र मान्द्रो नाच्ने बेलामा नल्मेहरुले खोस्ने प्रयास गर्छन । यदि त्यो खोस्न सकेमा भान्जले दण्ड तिर्नु पर्छ । त्यसैले खोसा खोस गर्ने गर्दछन त्यतिखेर खुव रमाईलो दृष्य देखिन्छ । माइती र नल्मेहरुले बाटो वरसम्म जन्तीहरुलाई पुऱ्याउन आउँछन् । आफन्तीहरुले जाँड र रक्सी लगेर बाटोमा लगिदिन्छन । जसलाई 'पन्थे थाङ्ने' भन्दछन । त्यो रक्सी त्यहाँ बसी खान्छन् खान नसकेको बोकेर ल्याउँछन । त्यस बापत पन्थे थाङ्ने लाई दुलाहाले नगद दिन्छन् । यसरी माइती नल्मे र भान्ज पक्षका केटाहरु वीच मनले नमानी नमानी विदाबारी गर्दछन् । दुलहीको दिदी वा बहिनी मात्र साथी जान्छन् । बाटोमा फर्कदा रक्सी खाँदै बाजाको तालमा नाच्दै साँझ दुलाहाका घर पुग्छन् । दुलाहाको घर पुगे पछि माइतीले दिएको सामानहरु जम्मा गरी राख्छन् । त्यस पछि खाना खान्छन । खाना खाइसके पछि जन्तीहरु आ-आफ्नै घरतिर लाग्छन । दमाइलाई बाजा बजाए वापत काटेको जनावरको पुच्छरको भाग, रक्सी, रोटी र नगद दिएर विदाई गर्दछन ।

### ५.४.१.५ खङ सवोल्ने (पाइला फर्काउने) चरण

माइती मानेर आएको अर्को दिनमा जैसी, दुलाहा दुलही पाइला फर्काउन माइत जान्छन । यतिखेर केही पाहुर लिएर जान्छन । एकरात माइतमा बसी अर्को दिन फर्केर आउछँन । यसरी पाइला नफर्काउँदा एकोहोरो मात्र हुन्छ, जसले गर्दा अशुभ हुन्छ भन्ने मान्यता छ । पाइला फर्काए पछि दुलाहा दुलही दुवै माइत र घरमा आउने जाने गर्न सक्छन । यसरी मगर समुदायको विवाह संस्कृतिको अन्त्य हुन्छ ।

मागी विवाहको वारेमा उत्तरदाता वब बहादुर सिन्जाली बताउनु हुन्छ -"मेरो विवाह मागी हो मेरो श्रीमती सँग पहिले नै प्रेम थियो । बुवाआमाले थाहा पाउनु भएछ, त्यस पछि माग्न जाउँ भन्नु भयो मैले पनि हुन्छ भनेँ 'थर' (लमी) हरु सँग माग्न गयौं । माइतीकोमा गएर थरहरुले केटीलाई फकाउन थाले, श्रीमतीको अभिभावक सँग पनि कुरा राखे । माइतीहरुले खै केटा केटीको मन मिल्छ भने हामी के नै भन्न सक्छौ र भन्नु भयो । माइतीले पनि छोरीलाई केटा त अलि बदमास छ के गर्छौ भनी साधे उनले कुनै प्रतिक्रिया दिएनन् । त्यस पछि थरहरुले मलाई साइमासा दिन लगाए मैले लाज मानी मानी पाँच रुपैया डलर पैसा एउटा रुमालमा पोका पारी ल मेरो साइमास राखीदेउ भनेँ श्रीमतीले मेरो साइमासा राखीदियो । त्यस पछि कुरा गर्‍यौँ । कुरा गरेको केही दिन पछि नै माइतमा काम गर्न जाने आउने गर्न थालेँ । श्रीमतीले पनि घरमा काम परेको बेला आएर सघाइन । तर भित्र नपसाल्दा सम्म घर बाहिर बस्थिन । यसरी कुखुरा करै गरेको ३ महिना पछि मात्र श्रीमतीलाई घरभित्र भित्र्याएर धुमधामका साथ विवाह गरी माइतीलाई मानेर विवाह सम्मन्न गरेँ । पहिले नै प्रेम सम्बन्ध भएर पनि किन मागी विवाह गर्नु भयो त भनी सोद्दा विवाह त प्रेम विवाह जस्तै नै हो नी खाली मागे जस्तै गरेको मात्र त होनी भनी हाँस्नु हुन्छ ।

## ५.५ प्रेम विवाह

केटाकेटीहरु एक अर्कामा मन पराई आफ्नै खुशीले भागेर गर्ने विवाहलाई प्रेम विवाह भनिन्छ। यस प्रकारको विवाह मगर जातिमा बढ्दो छ । जवान केटा र केटी वीचमा प्रेम वसीसके पछि केटाले केटीलाई भगाएर लैजाने चलन छ । भागेर केटाको घरमा गए पछि केटाको परिवारले जैसी बोलाएर घर भित्र पसाली टिकाटालो गराईदिन्छन, । छिमेकी, आफन्तहरुलाई रक्सी बोका वा सुँगुर काटेर भोज खुवाउँछन । दमाईलाई बोलाएर बाजा

बजाउन लगाई दिनभरी नाच्दै रमाइलो गर्छन । त्यसपछि केटा पक्षले अलि कुरा गर्न जन्ने र आफन्तीलाई केटीपक्षको घरमा खवर गर्न पठाउँछन् । केटी पक्षबाट मन नपरेमा रिसाउँछन् । छिट्टै कुरा गर्न मान्दैनन् र खवर दिन गएको व्यक्तिले संझाएर वा केही दिन पछि रिस मरीसकेपछि कुरा गर्छन । यदि भान्ज मन परेको भए हाम्रै आगाडीबाट गएको भए पनि के हुन्थ्यो र किन भाग्नु पऱ्यो भनी रिसाए जस्तै गर्छन र कुरा गर्न वोलाउँछन् । कुरा गरीसके पछि कहिले माइती मान्ने भनी माइती पक्ष संग दिन माग्न जान्छन् । कुन महिनामा गर्ने, क-कसलाई पोका के कति ल्याइदिने नलमे कति र क-कसलाई बोलाउने भनि सल्लाह गर्छन् । त्यस पछि माइती मान्न जान्छन् । यसरी माइती मान्ने चरण देखी पाईला फर्काउने चरण सम्म मागी विवाहको तरिका जस्तै यसमा अपनाउँदछन् ।

अध्ययन क्षेत्रका अंम्विका सिन्जाली र रविन गुरुङले अन्तर विवाह गरेका थिए । अम्विकालाई फूपुको छोरासँग विवाह नगरि किन अन्तरजातिए विवाह गर्नू भयो भनी सोध्दा उहाँ भन्नुहुन्छ, “कामको शिलशिलामा घर देखि बाहिर बस्दा श्रीमानसँग भेट भयो । सँगै काम गर्दै जाँदा माया बस्यो अनि विवाह पनि गरियो । आजभोलि पनि मामाकै छोराले फूपुको छोरालाई नै विवाह गर्नू पर्छ जस्तो मलाई लाग्दैन् मन मिलेमा अरुसँग गरेपनि फरक पर्दैन । अहिले मेरो घरपरिवार राम्रै नै चलिराको छ ।” त्यस्तै उहाँका बुवा भीम सीन्जालीलाई तपाईको छोरीले त आफ्नै मामाको छोरालाई विवाह नगरी अर्कै जातको केटी लाई प्रेम विवाह गर्नू भएछ, तपाईलाई कस्तो लाग्यो भनी सोध्दा उहाँ भन्नुहुन्छ, “पहिला पहिला त मामा कै छोरीलाई गर्नु पर्थ्यो र राम्रो पनि हुन्थ्यो, तर अहिले केटा केटीहरु पढे लेखेको भए र कामको शिलशिलामा घर बाहिर टाढा टाढा सम्म जाने भएकाले अरु जातका र टाढाका केटा केटीहरु सँग भेटघाट हुन्छ र मन मिलेर विवाह गर्दछन् । त्यो उनीहरुको विचार र इच्छामा भरपर्ने कुरा हो । मामाको छोरी लाई नै विवाह गर्नु पर्छ जस्तो लाग्दैन केटा केटीको ईच्छा नै नबुझी मामाको छोरीसँग विवाह गराइदिएमा पछि उनीहरुको विचार मिलेन भने घरबार चल्न अप्ठ्यारो होला त्यसैले मेरो छोरीले जे गऱ्यो ठिकै गऱ्यो जस्तो लाग्छ । यसमा मलाई कुनै गुनासो छैन । यिनीहरुको सम्बन्ध अहिले राम्रो सँगै चलिरहेको छ ।”

## ५.६ चोरी विवाह

केटीले मन पराएको होस वा नपराएको होस, केटाले मन पराएको केटीलाई उपयुक्त अवसर पारी २/४ जना बलिया साथीहरुको सहयोगमा जवरजस्ती तानेर ल्याई गर्ने विवाहलाई

चोरी विवाह भनिन्छ । केटाले फकाउँदा पनि केटीले मानिन भने र आमा बाबुले माग्दा पनि माइतीले दिएनन् भने यो तरिका अपनाउँछन । केहिले सुरुमै नै तानेर ल्याउने गर्छन् । केटीलाई तान्ने अवसर मेला जात्रा, चाडपर्व काम गर्ने ठाउँ, विवाह भइरहेको समयमा हुन्छ। केटीलाई तान्दा पहिला दुलाहा बन्ने केटाले हात लगाउनु पर्दछ र त्यस पछि अन्य सहयोगीहरुले जवरजस्ती तानेर र बोकेर लैजान्छन । तर कतिपय अवस्थामा भने केटीले पनि मन पराएकी र केटाले तानेमा पनि फरक नपर्ने देखिएमा केटाले ताने जस्तो गर्ने र केटीले नमान्ने कराउने जस्तो गरी जाने तरिका पनि हुन्छ । केटाले केटीको अभिभावक र माइतीको तर्फबाट सकारात्मक संकेत पाए पनि तान्ने गरिन्छ । यसरी जवरजस्ती तानेर केटीलाई भित्र्याउँछन ।

केटी पक्षले आफ्नो छोरीचेली जवरजस्ती तानेर लगेको थाहा पाएर केटाको घरमा रिसाउँदै जान्छन केटीलाई फर्काएर लग्ने प्रयास गर्छन । गाउँका भलाद्मी र केटापक्षका आफन्तीहरुले सम्झाउने र माफी मागी कुरा मिलाउँछन । अन्त्यमा आफ्नो चेलीलाई राजु छ कि विराजु छ भनी माइती पक्षले सोध्छन । केटीले म विराजु छु, म बस्दिनँ भनी भने आमा बाबु र गएको व्यक्तिहरु झन क्रोधित हुन्छन र केटीलाई फर्काएर लग्छन । केटालाई दण्ड, जरिवाना लगाउने अवस्था सम्म पुग्छन् । यस्ता कुराहरु गाउँमै भलाद्मीहरुले मिलाउँछन । त्यस्तै केटीले आफु राजी खुशी छु भन्यो भने र आमा बाबु पनि मञ्जुर भएमा र भलादमीहरुले कुरा मिलाए भने माइतीलाई रक्सी मासु खुवाएर सम्मान गर्छन । र माइतीहरु चित्त बुझाई फर्कन्छन ।

माइती भान्ज पक्ष वीच कुरा मिली सके पछि केटा केटी वीच टिकाटालो हुन्छ । भोज भत्तेर खुवाउँछन् । त्यस पछि कुरा गर्न माइतमा केटाको अभिभावकहरु जान्छन । माइतीहरु सँग सल्लाह गरी माइती मान्ने कुराको दिन तोक्छन । दिन तोकिसकेपछि माइती मान्ने चरण देखी पाइला फर्काउने चरण सम्म मागी विवाहको तरिका जस्तै नै अपनाउँछन ।

## ५.७ विधुर/विधवा विवाह

श्रीमान/श्रीमतीको मृत्यु भईसके पछि पूनः विवाह गर्नु नै विधुर/विधवा विवाह हो । मगर जातिमा यस प्रकारको विवाह परम्परागत रुपले चल्दै आएको छ । यहाँको मगर समुदायमा स्वास्नी मरेको लोग्ने मानिसले दोस्रो विवाह गर्न सामाजिक बन्देज छैन । उसले मागी, प्रेम, चोरी सवै खालको विवाह गर्न पाउँछ । बच्चा बच्ची भएर स्वास्नीको मृत्यु भएमा माइतीले

दिएको दाइजो, सरसामानहरु स्वास्नीकै माइतीले टिपोट गरेर राख्छन । बच्चा बच्ची ठुला भएपछि त्यो सवै कुराहरु छुट्टाएर दिन्छन । जुन पछिको श्रीमतीले पाउँदैनन् ।

विधवा विवाह पनि विधुर विवाह जतिकै प्रचलनमा छ । लोग्नेको मृत्यु भईसके पछि विधुवा जवान छ भने उसले अर्को व्यक्तिसँग पुनः विवाह गर्न पाउँछे । माइतीको सल्लाह र आफ्नै इच्छाले फेरी विवाह गर्न सक्छे । यदि विधवा महिलाको बच्चा बच्ची भएमा माइतीले दिएको दाइजो सरसामानहरु टिप्पणी गरी माइती र भलादमीहरुले राख्दछन । त्यो टिप्पणी बमोजिम सम्पूर्ण कुराहरु बच्चाले पाउन सुरक्षित गरिन्छ । साथै विधवा महिलाले विवाह गरेर जाँदा पहिलाको श्रीमानको घरबाट कुनै पनि सामान लैजान पाउँदैनन् ।

### ५.८ जारी विवाह

अर्काकी स्वास्नीलाई भगाई गरिने विवाह जारी विवाह हो । यस प्रकारको विवाह मगर समाजमा कहिँ कतै मात्र देख्न सकिन्छ । केटा केटीको उमेर नपुगी अविभावकले मागेका र साईमासा राखेको र पछि केटीको अरुसंग विवाह भएमा केटीले पहिलेका साइमासा फिर्ता गर्नु पर्छ । यदि विवाह नै भईसकेर पछि अर्को सँग विवाह भएमा पहिलाको लोग्नेले बनाईदिएको गरगहना र नगद फिर्ता गराइदिनु पर्छ । साथै जारी वापत ३/४ हजार तिर्नु पर्छ । यस प्रकारको विवाहलाई राम्रो मानिँदैन । यसरी जारी विवाह भएमा केटीको पहिलेको लोग्नेले जारी थाप्न आफ्नो भाई समुहलाई लिएर जान्छ र जारी तिरेको नगदबाट केही भाईकोषमा राख्दछन् र अरु पैसा केटाले नै राख्दछ । यस प्रकारको विवाह अध्ययन क्षेत्रमा एक जनाले मात्र गरेको पाईयो ।

### ५.९ विवाहमा विभिन्न व्यक्तिहरुको भुमिका

मगर समाजमा विवाह सम्पन्न गर्दा विभिन्न व्यक्तिहरुले आ-आफ्नै भुमिका निभाउने गर्छन जुन निम्न छन् -

#### ५.९.१ जैसी

विवाह सम्पन्न गर्दा जैसीको महत्वपूर्ण भुमिका हुन्छ जैसी विना विवाह सम्पन्न हुन सक्दैन । विवाह गर्दा दुलही भित्र्याउने देखी लिएर पाईला फर्काउँदा सम्म जैसीको आफ्नै भुमिका हुन्छ । दुलही भित्र्याउँदा सँगारमा गोवर थाप्ने टिकाटालो गराईदिने फूलमाला, मन्त्र जप्ने, समय, घडी, पला, सायत, दिन हेर्ने, माइती सँग कुरा मिलाउने माइतीलाई बुझाउने

सामानमा कमी भएमा वा दुलहीले लगाउने कपडामा केही कमजोरी भएमा दण्ड तिर्ने (जुन पछि दुलाहाले नै तिर्दछ), माइती मान्नजाँदा सवै जन्तीहरु जैसीको जिम्मामा नै जान्छन ।

### ५.९.२ भान्जा

भान्जाभन्नाले दुलाहा पक्षको भान्ज हो । भान्जले माइतीहरुको विवाहमा बढि मात्रमा काम गर्नु पर्दछ । माइतीलाई बुझाउन चाहिने सामानहरु (राँगा, बोका, सुँगुर, पिठो, चामल, रक्सी) खोज्ने, जन्तीलाई खाना तयार गर्ने, माइती मान्न जाँदा पोका बोक्ने, माइतीले दिएको दियात र मान्द्रो नचाउने नल्मे बोलाउने जस्ता काम गर्नु पर्दछ । घरमा केही अवसर वा विवाह भएमा विशेष गरेर भान्जालाई काम लगाउने चलन छ ।

### ५.९.३ नल्मे

विवाहमा नल्मेहरु ९/१० जना हुन्छन् । नल्मे दुलहीको दिदी, बहिनी फुपू र साथीहरु हुन्छन् । विवाहमा नल्मेहरु दुलहीको साथी बस्नु पर्दछ । माइतीलाई बुझाउने सामानहरु तयार गर्दा सहयोग गर्ने, जन्तीहरु माइतबाट फर्किने वेलामा लगाई दिने फूलमाला, पगरी (जंगल र चोयालाई बटारेर त्यसमा फूलहरु राखी गोलो परिएको जुन जैसी, भान्ज, दमाई लगायत सवै जन्तीहरुलाई लगाईदिन्छन) तयार पार्ने, जन्तीलाई रक्सी, मासु, खाना खुवाउने र जन्तीसँग नाच्ने काम गर्दछन ।

### ५.९.४ मन्ड्याउली

मन्डयाउली केटा/दुलाहाको दिदी बहिनी, फूपु गरी २/४ जना हुन्छन । दुलहीले बाटोमा फाल्ने खाजा मन्डयाउलीले बोक्नु पर्दछ । यसका साथै पोका तयार पार्ने, जन्ती सँग नाच्ने काम गर्छन ।

### ५.९.५ भाई समुह

भाई समुहले भाई समुहका कुनै सदस्यको विवाह हुँदा सवैले रक्सी र रोटी केही मात्रामा जम्मा गरी सहयोग गर्नु पर्दछ । साथै विवाहमा जन्तीलाई खाना पकाउने, खुवाउने, माइती मान्न जाँदा सहयोग गर्नु पर्दछ । यसबाट मगर समाजमा विवाहले सामाजिक एकता कायम राखेको दखिन्छ ।

### ५.१० विवाहमा मद्यपानको महत्व

मगरको विवाहमा मध्यपान अनिवार्य चाहिन्छ । मद्यपान विना विवाह हुन सक्दैन । भोज खुवाउँदा सवैलाई जाँड, रक्सी र मासु खुवाउनु पर्छ । केटी माग्ने चरण देखी पाईला फर्काउने चरण सम्म मद्यपान अनिवार्य चाहिन्छ । माइती मान्नु भनेको माइतीलाई रक्सी, मासु र रोटी खुवाउनु जस्तै हो । मद्यपान विना विवाह सम्पन्न गर्न सकिन्छ कि सकिँदैन भनि सोध्दा उत्तरदाता हेम लाल पुलामी भन्नु हुन्छ "खै पहिले देखी नै चल्दै आएको संस्कार कसरी हटाउन सकिन्छ र ? मध्यपान विनाको विवाह त के विवाह भन्ने र ? तर मद्यपानको प्रयोगको मात्रालाई कम गर्न सकिन्छ" । यसरी मद्यपानको प्रयोग भएता पनि झै-झगडा गर्ने र काममा बाधा पुऱ्याउने जस्ता काम भएको पाईदैन ।

# अध्याय छ

## मगर विवाह संस्कृतिमा आएको परिवर्तन र यसका कारणहरु

अध्ययन क्षेत्रका मगरहरुले परम्परागत रुपमा जसरी जीवनलाई अगाडि बढाउन जन्म अवस्थादेखि मृत्यु अवस्था सम्म निश्चित तौरतरिका अनुसार संस्कारहरु गर्दै आएका थिए । ति संस्कार गर्ने तरिकामा फरकपनहरु देखिन थालेको पाईन्छ । समाज सँधै एउटै अवस्थामा रहिरहन सक्दैन यो परिवर्तनशील छ । समाजमा आउने परिवर्तनले त्यसै समाजमा भएको मगर जातिहरुको सँस्कारहरुमा परिवर्तन आउनु स्वभाविक प्रकृया पनि हो । सामाजिक सँस्कारहरुको विस्तार र परिवर्तन अनुसार यहाँका मगरहरुको विवाह सँस्कारमा पनि परिवर्तन आएको छ । यसरी परिवर्तन आउँदा विभिन्न कारणहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

विवाह सँस्कारमा परिवर्तन आउनुका कारणहरुमा आधुनिकताको विकास र पाश्चात्य प्रभाव, घरबाहिरका कार्यमा संलग्न पेशा, शिक्षा, व्यापार, रोजगार आदिमा गतिशिलता बढ्नु, सामाजिक हेलमेल बढनु, अन्तरसम्बन्धको दायरा फराकिलो हुनु, शिक्षाको विकास, राजनीति यातायात र सञ्चारको विकास हुनु, परम्परागत मान्यता, व्यवहार र प्रचलनमा पुर्नमूल्यांकन हुनु, जातिय व्यवस्था कमजोर बन्दै जानु, मानविय दृष्टिकोणमा परिवर्तन आउनु, महिलाको स्थितिमा सुधार आउनु र माओवादी आन्दोलन आदि प्रमुख कारण देखिन्छन् ।

### ६.१ मागी विवाहमा आएको परिवर्तन

मागी विवाह मगर जातिमा बढी प्रचलनमा रहेको छ । यस प्रकारको विवाहमा पहिले विशेष गरेर मामाको छोरी लाई नै मागेर विवाह गर्दथे भने अहिले मामाको छोरी सँग नै विवाह गर्नुपर्छ भन्ने छैन । केटा र केटी बीच मन मिलेमा आफ्नो गोत्यार र नाता बाहेक अरुसँग विवाह गर्दछन् । पहिला विवाह हुनु भन्दा अगाडि केटा र केटीको भेट गराईंदैनथ्यो । अभिभावक हरु बीच कुरा मिलेमा सानै उमेरमा केटीलाई मागी विवाह गराईन्थ्यो । तर हाल मागी विवाह गर्दा अविभावकको विचारलाई प्रमुखता नदिई केटा केटीको विचारलाई महत्व दिइ उनीहरुले एक अर्कालाई मन पराएका वा उनीहरु बीच माया प्रेम रहेको थाहा भएमा मात्र अभिभावकले विवाहको कुरा चलाउँछन् । पहिला केटी माग्दा घरको काम गर्न जान्ने, जग्गा जमिन र धन सम्पत्ति बढी भएको केटी हेरी विवाह गराईदिन्थे भने हाल पढे लेखेको, जागीर भएको, आर्थिक स्थिति राम्रो भएको र सामाजिक बानी व्यवहार राम्रो भएको

केटाकेटीलाई हेरी परिपक्व उमेरमा विवाह गर्ने चलन छ। पहिले केटी माग्न जाँदा केटीलाई साइमासा दिईन्थ्यो भने अहिले केटीले साइमासा राखेको दिनमा नै भित्र्याइन्छ । यसमा पहिला केटीको उमेर सानो हुन्थ्यो र साइमासा राखिएको धेरै समय पछि भित्र्याउँथे भने अहिले विवाह गर्ने उमेर पुगेको वेलामानै माग्ने भएेकाले साइमासा राखिएको दिनमानै  वा केहि दिन पछिनै भित्रयाउँछन् । पहिला विषेशगरेर वैशाख, मंसिर र माघमा मात्र विवाह गर्दथे भने अहिले जुन महिनामा मन लाग्छ त्यहि महिनामा गर्दछन् वैशाख, मंसिर र माघ कुर्नै पर्दैन। पहिला कुरा गरीसकेपछि साइमासा नान्ने गर्नु पर्दथ्यो भने अहिले साइमासा तेने काम गर्दैनन्। किन भने कुरै गरेको दिनमा नै दिन मागी माइती मान्ने कुराहरु मिलाउँछन्। पहिले घर भित्र दुलही भित्र्याउँदा बन्दुक पड्काइन्थ्यो भने अहिले त्यो कार्य गरिँदैन । माओवादी द्वन्द्वकालमा बन्दुक पड्काउन नपाउने भएदेखी यो चलन हटेर गएको देखिन्छ । पहिला माईती लाई १५०० रुपैँया चार तिर्नू पर्दथ्यो भने अहिले त्यो तिर्नू पर्दैन । यसबाट छोरी भान्जालाई  पैसा तिर्न लगाएर किन बढी खर्च गराईदिने भनी विवाहमा लाग्ने खर्चमा कमी गर्दै लगेको देखिन्छ भने माइती पक्षको भाई समुहको आर्थिक कोष कमजोर बन्दै गएको देखिन्छ। यस प्रकारको विवाहको अवधि लामो हुने भएकोले धेरै समय र खर्च हुन्छ भने अहिले कम समय भित्र सम्पन्न गर्दछन् । पहिला दुलही भित्र्याउने बेलामा दुलाहाका बाबु आमा बाहिर गई लुक्दथे भने अहिले लुक्दैनन् । झन बुहारी आउँदा खुशी भएर बस्न छोडेर कहाँ लुक्न जाने भनी भित्रै बस्दछन् । यसमा परम्परागत तर्कहीन कुरामा चेतनाको कारण विश्वास गर्न छोडको देखिन्छ । पहिला पाइला फर्काउने चरण माइती मानेर घरमा आइपुगेपछि अर्को दिन जान्थे भने अहिले माइती मान्न गएको भोली पल्टको दिनमा माइतीको घरदेखी वर सम्म आएर केही समय बसी पाइला फर्काउने भनी फर्केर जान्छन् र त्यसै दिनमा घरमा आउँछन र सबैकाम सिध्याउँछन् । पहिला नल्मे बोलाउँदा माइतीको भाई समुहका केटीको सबै दिदी बहिनी र फूपूहरुलाई बोलाउँथे भने अहिले केटीको नजिकका दिदी बहिनी र फूपूलाई मात्र बोलाईन्छ । पहिला विवाह उत्सवमा दमाईहरुले बजाएको बाजाको तालमा र दोहोरी गाएर नाच्थे भने अहिले बाजाको ताल र दोहोरी भन्दा क्यासेट बजाएर नाच्ने चलन बढ्न थालेको छ । यसरी यहाँका मगर जातिहरुको मागी विवाह सँस्कृतिमा परिवर्तन आउन थालेको पाईन्छ ।

### ६.२ प्रेम विवाहमा आएको परिवर्तन

यस प्रकारको विवाहले आजभोली मगर समाजम लोकप्रियता पाउँदै गएको छ । पहिले यस प्रकारको विवाहलाई अभिभावक हरुले त्यति राम्रो मान्दैनथे । यस प्रकारको विवाह गर्दा केटा र केटी मेलापात जाँदा, चाडपर्व उत्सव आदि ठाउँ बाट भागेर केही दिन अन्यत्रै लुकी विहे गर्दथे भने अहिले अन्यत्र गई लुक्नु पर्दैन । केटा र केटीको बीचमा प्रेम बसिसके पछि केटाले केटीलाई भगाई आफ्नो घरमा लगी भित्र्याउँछन् । पहिलाको जस्तो अभिभावकले छुट्टयाउने प्रयास गर्दैनन् । व्यक्तिगत स्वतन्त्रता, पारिवारिक नियन्त्रणमा कमी आएको कारणले मागी विवाह धेरै समय लाग्ने, खर्चिलो भएकोले पनि प्रेम विवाह बढेको पाईन्छ । त्यस्तै अन्य समुदाय सँग घुलमिल, पढाई, व्यापार र रोजगारको सिलसिलामा गाउँभन्दा टाढा गई त्यहाँको बाह्य सँस्कृति सँग परिचित हुनु आधुनिकिकरण, यातायात र सञ्चारको विकास आदि कारणहरुले गर्दा प्रेम विवाहमा परिवर्तन आउन थालेको पाईन्छ ।

### ६.३ चोरी विवाहमा आएको परिर्वन

मगर जातिमा चोरी विवाह गर्ने चलन पनि थियो । यस प्रकारको विवाह गर्दा केटीको इच्छा नभएपनि केटाले मन पराएमा केटीको इच्छा नबुझीकनै जबरजस्ती तानेर भित्र्याउने गर्दथे भने विशेष गरी द्वन्द्धकालमा त्यसरी विवाह गर्नखोज्ने केटा पक्षलाई माओवादीहरुले कारवाही गर्न थाले देखि यस प्रकारको विवाह गर्न छोडेका छन । माओवादीको सूझावलाई यहाँका मगरहरुले पनि शिक्षा र चेतनाको विकासका कारण सही ठानी यसप्रकारको विवाह लाई नराम्रो मानी छोडेको देखिन्छ । चोरी विवाहमा परिर्वन आउनुको मुख्य कारण माओवादी प्रतिबन्ध नै हो । त्यसको साथमा सामाजिक चेतना र शिक्षाको विस्तारलाई पनि मानिन्छ ।

### ६.४ विधुर/विधवा विवाहमा आएको परिवर्तन

यस प्रकारको विवाह मगर जातिमा पहिले देखिनै चल्दै आएको छ । यसप्रकारको विवाह गर्दा पहिला महिला विधवाले विधवा भएको केही वर्ष पछिमात्र विवाह गर्थिन भने अहिले जतिखेर मन लाग्यो त्यति खेरनै गर्ने गरेको पाईन्छ । हाल यस विवाह लाई सामान्य रुपमा हेरी सामाजिक मान्यता दिइएको पाईन्छ।

## ६.५ जारी विवाहमा आएको परिवर्तन

यस प्रकारको विवाह मगर समाजमा प्रचलित छैन । अध्ययन क्षेत्रमा एक जोडी ले मात्र जारी विवाह गरेको पाइयो । यसप्रकारको विवाहलाई समाजले राम्रो मान्दैन । जारी तिर्दा धेरै खर्च लाग्ने र नराम्रो दृष्टिले हेरिने भएकोले हाल यो विवाह गरेको पाईंदैन ।

## ६.६ विवाहसँग सम्बन्धित अन्य पक्षमा आएको परिर्वतन

### ६.६.१ उमेरमा आएको परिर्वतन

पहिले  घरको काममा सघाउनको लागि सानै उमेर मा (१४-१५ वर्ष) विवाह गरिन्थ्यो भने हाल १८ देखि २०-२२ वर्ष सम्मको उमेरमा विवाह गर्ने गरेका छन् । अन्य समुदायसँग घुलमिल, अध्ययनमा समय दिने, केटा केटीलाई ढिलो विवाह गर्नु पर्छ भन्ने चेतनामा विकास र शिक्षाको विस्तारको कारणले पहिलेको तुलनामा ढिलो विवाह गरेको पाइन्छ ।

### ६.६.२ भान्जको भुमिकामा आएको परिर्वतन

विवाह गर्दा पहिला धेरै काम भान्जा ले गर्नु पर्दथ्यो भने अहिले दियाँत र मान्द्रो नचाउने काम वाहेक अरुकाम गर्नु नै पर्छ भन्ने छैन ।

### ६.६.३ जन्तीको सँख्यामा आएको परिर्वतन

पहिले  विवाहमा जन्ति जाँदा ४०-४५जना सम्म जाने गरेकोमा अहिले २०-२५ जना मात्र जाने गरेको पाइन्छ । यसमा पहिला नलमे र मन्ड्याउली बोलाउदा सबै लाई बोलाइन्थ्यो भने अहिले नजिकको आफन्तलाईमात्र बोलाउने गरेका छन् । यस बाट जन्तिको संख्यामा कमी आउनुका साथै खर्चमा केहि कमी आएको छ ।

### ६.६.४ जोडी छान्ने अधिकारमा आएको परिवर्तन

पहिले विवाह गर्दा सम्पूर्ण कुरा अभिभावकको इच्छा र सल्लाह अनुसार हुन्थ्यो भने अहिले केटा केटीले एक अर्कालाई मन पराएपछि उनीहरुको इच्छा अनुसार मात्र विवाह गर्ने गरेको पाईन्छ । यसरी जोडी छान्दा अभिभावक भन्दा केटा केटीको निर्णय र ईच्छालाई महत्व दिँदै गएका छन् ।

### ६.६.५ खर्चमा आएको परिर्वतन

पहिले विवाहका सबै चरणहरु सम्पन्न गर्दा धेरै खर्च हुन्थ्यो भने माओवादी जनआन्दोलन को समयमा जनवादी विवाह गर्न प्रचार प्रसार गरि विवाहमा हुने फजुल खर्च, भोज भतेर मद्यपान आदि जस्ता कुरामा प्रतिवन्ध गर्ने प्रयास गरेकोले त्यसवेलादेखि विवाहमा लाग्ने खर्चमा कमी आएको थियो तर अहिले केहि मात्राले परम्परागत संस्कार लाई बचाई राख्ने नाममा र आफ्नो हैसियत उच्च देखाउने मनसायले धेरै खर्च गर्न लागेको देखिन्छ । यसरी द्वन्दकालमा भन्दा वढि खर्च गर्न थाल्नुमा परिवर्तित समय, महंगी, वैदेशिक रोजगार र अन्य रोजगारबाट आर्थिक लाभ गरी पहिलेको भन्दा पैसा बढि हुनुले खर्चमा परिवर्तन हुदै गएको पाईन्छ ।

### ६.६.६ भौगोलिक दुरीमा आएको परिवर्तन

पहिले विवाह गर्दा आफ्नै वडा वा गा.वि.स. भित्र वाटै गर्ने गर्थे भने अहिले अध्ययनको लागि बाहिर गएर यातायात, संचारको विकास, व्यापार, रोजगारको सिलसिलामा टाढा टाढा जानुले उतैको समाजमा घुलमिल हुन गई गा.वि.स. र जिल्ला वाहिर बाट केटाहरुले विवाह गर्दछन् भने त्यसरीनै विवाह गरी जाने गरेकोले विवाह गर्ने भौगोलिक दुरीमा टाढा सम्मको समाजसँग सम्वन्ध रहन गएको छ ।

### ६.६.७ मद्यपानमा आएको परिवर्तन

पहिला माइती मान्दा माइती पक्षका आफन्तीहरु सबैलाई पोका लग्नुपर्थ्यो र माइतीहरुले पनि प्रत्येक व्यक्तिलाई तोकेर ४/५ धार्नी रक्सी ल्याउन लगाउँथे भने अहिले माईतीका केही नजिकका आफ्न्तीलाई मात्र र आफै थोरैमात्रामा ल्याउन लगाउँछन् । यसरी तुलनात्मक रुपमा पहिलाको भन्दा कम मद्यपान प्रयोग गर्दै आएका छन् ।

यसरी परिवर्तित समय अनुरुप मगरहरुको परम्परागत विवाह सँस्कारमा परिवर्तन आउनु स्वभाविक प्रकृया हो । आधुनिकीकरण, शहरीकरण, शिक्षा, यातायात, सञ्चार वैदेशिक रोजगार आदिको विकासले गर्दा मगरहरु गाउँदेखि वाहिर गई अध्ययन,व्यापार व्यवसाय र रोजगारी को अवसर पाएकोले अन्यत्रको समाज र सँस्कृतिको सम्पर्कमा आई तिनीहरुको चेतनामा विकास भई विवाह भविष्य सँग जोडिएको हुन्छ त्यसकारण जोडी छान्दा इच्छा र विचार मिल्ने सँग उमेर पुगेपछि मात्र गर्नुपर्छ भन्ने चेतना युवा युवतीहरुमा आउनु, अभिभावक हरुले पनि छोरा छोरीको इच्छा र चाहनालाई प्राथमिकता दिनु, महिलाहरुको

स्थितिमा सुधार आउनु र विवाहलाई हेर्ने मानवीय दृष्टिकोणमा परिवर्तन आउनुले परम्परागत विवाह सँस्कारमा परिवर्तन आएको देखिन्छ साथै माओवादी जनयुद्धका कारण विवाह लगायत सम्पूर्ण मगर सँस्कारहरुमा परिवर्तन ल्याउन प्रयास गरेको पाईन्छ । चोरी विवाह, जारी विवाह, वाल विवाह र विवाहमा हुने फजूल खर्च र जाँड रक्सी आदिको प्रयोगलाई निरुत्साहित गर्ने प्रयास गरेकोले परम्परागत विवाह सँस्कारमा परिवर्तन ल्याउन थप मद्दत पुर्‍याएको देखिन्छ ।

## ६.७ मगर जातिको परम्परागत विवाहका परिवर्तनका कारणहरू

### ६.७.१ आधुनिकीकरण

मगर जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन हुनुको कारणहरू मध्ये एक प्रमुख तत्व आधुनिकीकरण पनि हो । आधुनिकीकरण भन्नाले परम्परागत संस्कारमा समय सापेंक्ष परिवर्तन हुनु हो । त्यसैगरी पश्चिमीकरणको प्रभावको रुपमा पनि यसलाई लिने गरिन्छ ।

मगर जातिको परम्परागत विवाह संस्कारको बारेमा अध्ययन क्षेत्रलाई आधार मान्दा व्यापक रुपमा परिवर्तन भएको छ जुन माथि प्रत्येक विवाह संस्कारको चरणको परिवर्तनको बारेमा व्याख्या गर्दा स्पष्ट गरिएको छ । सञ्चारका साधन हेर्ने र सुन्ने, नेपाली तथा हिन्दी फिल्म हेर्ने, विभिन्न प्रकारका प्रेम सम्बन्धी पुस्तक तथा नोबेलहरू पढ्ने, देशी तथा विदेशी रोजगारमा जाने, केही मात्रामा अंग्रजी शिक्षाको ज्ञान आदिको कारणबाट सन् १९९० तिर प्रेमपत्र लेख्ने कलामा व्यापक परिवर्तन आयो र त्यसैलाई आफ्नो जीवनको सफल लक्ष्य मान्ने प्रवृतिको विकास बढ्यो ।

### ६.७.२ पश्चिमीकरण

मगर जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन हुनुको कारणहरू मध्येको एक प्रमुखतत्व पश्चिमीकरण पनि हो । पश्चिमीकरण भन्नाले यूरोपियन अर्थात् पश्चिमी मुलुकको संस्कार, संस्कृति, धर्म, भाषा लगायत पश्चिमी देशबाट विकास भई हाम्रो देशमा भित्रिएको समग्र तत्वहरूलाई बुझाउँदछ । पश्चिमीकरण एक सभ्यताको रुपमा विकास भएकोले त्यस सभ्यताले हाम्रो देशको परम्परागत संस्कार, संस्कृति, धर्म, भेषभूषा, भाषा मूल्य मान्यता लगायतका समग्र पक्षमा असर गरेको देखिन्छ ।

### ६.७.३. शहरीकरण

कुनै पनि संस्कार तथा संस्कृति परिवर्तन हुनुमा शहरीकरण पनि एक हो । गाउँको विकसित रुप शहर भएकोले शहरीकरण आफै सांस्कृतिक परिवर्तन हो । सरल कुरा जटिल हुदै जानु, विकसित हुदै जानु, सुलभ तथा सहज हुदै जानु, परिस्कृत हुँदै जानु शहरीकरणको विशेषता नै हो । त्यसैले परम्परागत संस्कार तथा संस्कृति जटिल हुदै जानु, अपनत्व तथा भाइचराको भावनामा कमी हुदै जानु, व्यस्त जीवन यापन गर्नु, आदि शहरीकरणमा हुने भएकोले परम्परागत संस्कार तथा संस्कृतिमा पनि परिवर्तन हुन्छ ।

यस अध्ययन क्षेत्रमा शहरीकरणको पूर्वाधार त केही पनि निर्माण भएको छैन । त्यसैले शहरीकरणको खासै प्रभाव त परेको छैन । तापनि शहर नजिकको गाउँ भएकोले शहरीकरणको हावाबाट भने अछुतो चाही छैन ।

### ६.७.४. हिन्दुकरण

हिन्दुकरण मगर जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन ल्याउने कारणहरू मध्येको मुख्य कारक तत्व हो । धार्मिक नीति अर्थात हिन्दु धर्म तथा ब्राम्ह्णवादको प्रभाव समाजमा बढ्दै जाने क्रममा नेपाली संस्कृति नै कर्मवाद र भाग्यबादमा परिणत हुन पुग्यो । यस्तै सेरोफेरोभित्र मानव समाजमा देखापरेको श्रम विभाजन क्रमशः जात विभाजनमा परिणत हुदै धार्मिक नीतिको भाग्यवादमा नेपाली समाज रहन पुग्यो । यसरी पादरी, मुखिया, राजादेखि ब्राम्ह्णसम्मको ऐतिहासिक श्रृङ्खला जोडिदै आयो । यसै सन्दर्भमा पादरी, मुखिया वा राजाले आफूलाई देवताको अवतार भन्ने र भनाउने अवस्था सृजना गरी मेरो अधिकार नै दैवी अधिकार हो, भन्ने अवस्थामा समाजलाई पुऱ्याए । त्यसैगरी ब्राम्ह्णहरूले पनि सामन्ती युगमा ल्याइएको धार्मिक नीतिसँग आफूलाई विशिष्ट ज्ञान, क्षमता, धार्मिक पवित्रता भएको राज्य प्रशासनको विश्वासी पात्र र समाजको विशिष्ट जातिको रुपमा उभ्याउन सफल बन्दै आए । एउँटै समाजमा रहेका ब्रह्मण जातिको जीवन स्तर एउटा धार्मिक माध्यमको आधारमा यसरी ब्राह्मणवादमा नै परिणत गरी सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक रुपमा नै माथि उठ्दै गएको स्थिति र अवस्थालाई यहाँका मगर समुदायले पनि नियाल्दै आए । यसरी ब्राह्मणलाई माथिल्लो श्रेणीको रुपमा रहेको पाउँदा आफ्नो समुदायलाई पनि सोही स्थिति र अवस्थामा पुऱ्याउने मनोभावनाको विकास यिनीहरूमा हुँदैआयो ।

उपरोक्त पृष्ठभूमिमा अर्कोतिर यो जातिको उत्पत्ति इतिहासलाई बुझ्ने सन्दर्भमा यो समुदायका पञ्च बहादुर मगरसँग बुझ्दा उनी बताउँछन् (हाम्रा पुर्खापनि राजा थिएरे भन्ने कुरा हाम्रा हजुरबुबाले सुनाउनुहुन्थ्यो, तर कहिले र कहाँका राजा थिए भन्नेबारेमा भने अनविज्ञ भएको बताउनुहुन्थ्यो) । यिनीहरूको भित्री मनोभावनामा राजाका सन्तान हौ भन्ने घमण्ड लुकेर बसेको रहेछ भन्ने कुरा यिनीहरूले व्यक्त गरेको अभिव्यक्तिको आधारमा विश्लेषण गर्न सकिन्छ । त्यस्तै ब्राह्मणु-क्षेत्रीले पकाएको खाना (दाल, ढिडो) नखाने चलन पुर्खादेखि नै रहँदै आएको कुरा यिनीहरूले बताएको पाईयो । यस प्रकार राजाका सन्तान हौं भन्ने भावना भित्री रुपमा रहँदै आएको यो जातिलाई जातीय रुपमा तल्लो स्तरमा राख्दै आएको कुरा मन नपरेकोले नै ब्राह्मणु-क्षेत्रीसँगको भित्री इख यिनीहरूमा रहेको देखिन्छ । जसको फलस्वरुप आफ्नो समुदाय पनि ब्राह्मणु-क्षेत्री सरह स्थापित गराउन ब्राह्मणु-क्षेत्रीले गरेझै कुनै पनि संस्कारगत कर्म कार्य गर्दा पुरोहित राखेर नै गर्न थाले । त्यस्तै ब्राह्मणु-क्षेत्री महिलाहरूले मासिक रजोधर्मलाई जसरी बार्ने गर्दछन् त्यसैगरी यहाँको मगर जातिका महिलाहरूले पनि बार्न थाले ।

आजभोलि यो समुदायको वैवाहिक कार्य ब्राह्मण-क्षेत्रीहरूकै जसरी हुन थालेको छ । विवाहमा दान उपहार दिने, स्वयम्वर गर्ने, जन्ती पर्सने, जग्यको कार्य गर्ने, मादलमात्र बाजाको रुपमा बजाउने गरिएकोमा पञ्चैबाजा तथा अन्य आधुनिक बाजाहरू बजाउने, विवाहमा पनि पुरोहित राख्ने आदि चलन बढेर गएको छ (पृ.२२२ लामिछाने) । यसरी मगर समुदायको  आफ्नै वशं परम्परा अनुसारको वैवाहिक प्रचलनमा परिवर्तन आई आफूहरू पनि हिन्दु धर्म, संस्कारसँग नजिकिएको र यसलाई स्वीकार्दै जान थालेको कुरा अध्ययनबाट अवगत हुन आउछ ।

### ६.७.५ इशाईकरण

इशाईधर्मले हिन्दु धर्ममान्ने मगर जातिको परम्परागत विवाह संस्कारमा खासै प्रभाव पारेको नदेखिएता पनि इशाई धर्म मान्ने मगर समुदायले भने इशाई धर्म संस्कार अनुसार नै विवाह संस्कार सम्पन्न गरेको देखिन्छ । इशाई धर्म मान्नेहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दो मात्रामा रहेको अवगत हुन आउछ । जसको कारण मगर जातिमा नै यस धर्मको प्रभाव परेको देखिन्छ । हालको अवस्थामा इशाई धर्ममा लागेकाहरूको सङ्ख्या पनि केही मात्रामा ( लगभग २२.२२%) देखिन्छ । जवकी जम्मा मगरको घरहरूको सङ्ख्या १५० रहेको छ ।

### ६.७.६. सूचना, सञ्चार तथा प्रविधिको विकास

ह्मम्रो देशमा पछिल्लो समयमा सूचना तथा सञ्चारको विकासको काारण मानव जनजीवनमा व्यापक परिवर्तन आएको छ । जसको सदुपयोग सबै वर्ग, जातजाति र धर्म समुदायले यसको फाइदा लिईरहेका छन् । पहिले घण्टौं हिडेर जानु पर्ने वाध्यात्मक परिस्थितिलाई यातायातले सजिलो बनाएको छ भने हाल यातायातले घण्टौं लगाएर जानुपर्ने ठाउँमा सूचना र प्रविधिको विकासको कारण सजिलै सूचना प्रवाह गर्न सक्ने भएकोले एक ठाउँबाट अर्को ठाउँमा जान पर्ने समय वचत भएको छ । त्यस्तैगरी काम छीटो र छरीतो पनि भएको छ ।

सूचना र सञ्चारको प्रभाव मगर समुदायको विवाह संस्कारमा पनि परेको देखिन्छ । हाल केटीपक्षकोमा अन्न पुऱ्याउने प्रचलन, सोली बोक्ने प्रचलन आदि काममा फोन तथा सञ्चारका विभिन्न माध्यमबाट नै काम गरेको पाइन्छ । त्यस्तैगरी विवाहको निम्ता पनि फोन तथा सञ्चारको माध्यमबाटै हुन थालेको पाइन्छ ।

### ६.७.७. यातायातको विकास

परम्परागत रुपमा चल्ने मगर समुदायमा पनि यातायातको विकासले विवाह संस्कारमा प्रभाव पारेको देखिन्छ । पैदल हिडेर जन्ती जाने अनि बेहुला बेहुलीलाई बोकेर लाने संस्कारमा परिवर्तन भई गाडीमा जन्ती जाने ल्याउने गर्दछन् । पहिला-पहिला नजिकै विवाह गर्ने चलनमा परिवर्तन आई हाल जिल्ला, अञ्चल र विकास क्षेत्र नै परिवर्तन गरी विवाह गरेको पाइन्छ ।

### ६.७.८. शिक्षा र चेतनाको विकास

मगर समुदायको परम्परागत विवाह संस्कारमा परिवर्तन ल्याउने तत्वहरू मध्ये शिक्षा तथा चेतनाको विकास पनि एक महत्वपूर्ण तत्वको रुपमा देखिन्छ । घर परिवार शिक्षित हुदै जानु र विभिन्न माध्यमले चेतनाको विकास हुदै जानुले पनि परम्परागत संस्कारमा परिवर्तन ल्याउनमा ठूलो भूमिका खेलेको हुन्छ । शिक्षा तथा चेतनाको कारण मानिसले उत्तम संस्कार तथा संस्कृतिको विकास गर्दछन् जसले गर्दा परिम्परागत संस्कारमा केही न केही परिवर्तन आउँदछ । हाल मगर जातिको परम्परागत विवाह संस्कारको बारेमा अध्ययन गर्दा पछिल्लो

समयमा अध्ययन क्षेत्रका मगर जातिहरूमा आफ्नो संस्कार संस्कृति मान्नु पर्छ भन्ने बारेमा चेतना आएको देखिन्छ ।

### ६.७.९.आर्थक कारण

मगर जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन हुनुको कारक तत्वहरू मध्येको एक तत्व आर्थिक कारण पनि एक हो । आर्थिक परिवर्तनको कारणले मानिसले आफ्नो लवाई, खवाई, बसाईदेखि समग्र पक्षमा परिवर्तन गरेको छ । त्यसैगरी कुनै परिवारमा सकारात्मक वा नकारात्मक आर्थिक परिवर्तन भएमा त्यसै अनुसारको व्यवस्थापन गरेको देखिन्छ । त्यस्तैगरी सोही अनुरुपको संस्कार तथा संस्कृति मान्ने गरेको पाइन्छ । समग्र मगर जातिको आर्थिक स्थिति हेर्ने हो भने कमजोर आर्थिक स्थितिको सूचिमा पर्दछन् । यस अध्ययन क्षेत्रका मगरहरू समग्रमा खासै धनी छैनन् । त्यसैले तुलनात्मक रुपले हेर्दा यस क्षेत्रका मगरहरू विवाहमा खर्च गर्न डराउछन् र मागी विवाह भन्दा पनि प्रेम विवाहतिर नै बढी आकर्षित हुने गरेको पाईन्छ । मगर समुदायको आर्थिक अवस्था समग्रमा ज्यादै कमजोर रहेको छ । यिनीहरूमा खेतिपातिको काम , ज्याला मजदुरी तथा अन्य काम प्रायले गर्दछन् कमाएको रकम वा अन्य सञ्चित गरि राख्ने प्रवृति यिनमा छैन । जति कमायो त्यो अनावश्यक पक्ष्यमा खर्च गरेर भएपनि थोरै समयमानै सकाउने प्रचलन रहेको देखिन्छ ।

### ६.७.१०. राजनीतिक कारण

राजनीतिक कारणले पनि धर्म, संस्कार तथा संस्कृति परिवर्तन हुनमा ठूलो भूमिका खेलेको हुन्छ । राजनीतिक पक्ष भन्नु मानव शरीरको लागि मुटु जति महत्वपूर्ण अङ्ग हो, सो जत्तिकै महत्वपूर्ण देशको अङ्ग राजनीतिक पक्ष हो । त्यसैले देशको समग्र पक्षको विकसित प्रगती वा अवन्नती हुनु राजनीतिक पक्षको भूमिकामा केन्द्रित रहन्छ । हाम्रो देशको वर्तमान अवस्थाकै कुरा गर्दा विश्वकै एकमात्र राष्ट्र हिन्दु राष्ट्र थियो, जुन राष्ट्रमा ८० प्रतिशत भन्दा बढी मानिसको सङ्ख्या हिन्दुहरू नै छन् । त्यही अवस्था आज हाम्रो देशमा परिवर्तन भई धर्मनिरपेंक्षता भएको छ, कारण राजनीतिक नै हो, जुन ज्वलन्त उदाहरण रहेको छ । नेपालको एकिकरण गर्ने अभियान सँगसँगै यहाँको भौगोलिक, सामाजिक, धार्मिक, भाषिक, सांस्कृतिक आदि समग्र पक्षमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा एकिकरण भई अनेकतालाई एकतामा गाभिएको पनि थियो त्यो परिवर्तको कारण पनि राजनीतिक नै थियो ।

हाल पछिल्लो समयमा आदिवासी तथा जनजाति भनिएकाहरूले आफ्नो पहिचानको मुद्दालाई अघि सारेर संघियताको माग गर्दै आएका छन्, यदि साच्चै नेपालमा १२५ भन्दा बढी जातजाति बसोबास गर्दछन्, पहिचान सहितको संघिएताकोमाग पूरा भयो भने, नेपालको सामाजिक, आर्थिक, धार्मिक तथा समग्र सांस्कृतिक पक्षमा कत्तिको परिवर्तन होला, कल्पना पनि गर्न सकिदैन । त्यसैले आफ्नो भाषा, धर्म, संस्कार, संस्कृति, चाडपर्व, भेषभूषा आदि पक्षको संवर्द्धनको राजनीतिक नारा लिएर आन्दोलनरत जातजातिहरू लागिपरेका छन् । मगरहरू जातिको परम्परागत विवाह संस्कारमा परिवर्तन ल्याउने तत्वहरूमा राजनीतिक कारणले महत्वपूर्ण भूमिका खेलेको छ ।

### ६.७.११. बसाइ सराई

संस्कार तथा संस्कृति परिवर्तन हुनुमा प्रमुख कारणहरू मध्ये बसाइ सराई पनि एक प्रमुख कारण हो । बसाइ सराई गर्दा एकखाले संस्कार तथा संस्कृति बोकेको व्यक्ति, समूह तथा समुदाय अर्को संस्कार तथा संस्कृतिमा रहन पुग्दा आफ्नो संस्कार तथा संस्कृति छोड्दै जाने र त्यसै ठाउँको संस्कार तथा संस्कृति अपनाउँदै जाने भएकोले संस्कार तथा संस्कृति परिवर्तन हुनुमा बसाइ सराई पनि एक कारण हो ।

अध्ययन क्षेत्रमा मगर जातिको परम्परागत विवाह संस्कार परिवर्तन हुनुमा बसाईसमगर पनि एक कारणको रुपमा देखिन्छ । मगरहरूको परम्परागत आर्थिक पेशा कृषि नै थियो । त्यसैले यिनीहरूको संस्कार तथा संस्कृतिमा परसंस्कृतिकरणको रुप देख्न पाईन्छ ।

### ६.७.१२. देखासिकी र नक्कल

देखासिकी वा नक्कल गर्ने मानव जातिको स्वभाव वा प्रवृति नै हो भन्दा अतियोक्ति नहोला । हामी मानव जाति अरुले गरेको कुरालाई नक्कल गर्न उत्सुक हुन्छौं । चाहे राम्रो होस वा नराम्रो, यस नक्कल गर्ने प्रवृतिले धर्म, संस्कार, संस्कृति लगाएत समग्र पक्षमा असर पार्दछन् । आफ्नो मौलिकतालाई भुलेर नक्कली संस्कृतीको पछि लाग्छौ र छुट्टै संस्कृतिको विकास गर्दछौ ।

मगर जातिको संस्कार तथा संस्कृति परिवर्तन हुनुमा देखासिकी तथा नक्कल गर्ने परम्पराले गर्दा पनि ठूलो भूमिका खेलेको देखिन्छ । त्यसैगरी मगर जातिको परम्परागत विवाह

संस्कारमा परिवर्तन हुनुमा नक्कल गर्ने संस्कारले पनि व्यापकता पाएको देखिन्छ । मगर जातिको विवाहमा दान दिने, उपहार दिने, स्वयम्वर गर्ने, जन्ती पर्सने, जग्यको कार्य गर्ने आदि हिन्दु सँस्कारको देखासिकि वा नक्कल गर्न प्रभावित भएको देखिन्छ ।

मगर जातिमा मात्र नभई अन्य जातिमा पनि विवाहको स्वरुपमा केही न केही परिवर्तनका स्वरुपहरू देखा परेका छन् । परिवर्तन एक स्वभाविक घटना पनि हो । तर परिवर्तको नाममा आफ्नो पहिचान नै गुम्ने गरि आउनु पक्कै पनि राम्रो पक्ष्य मानिदैन । आधुनिक प्रवृतिमा ढीलो विवाह गर्ने, यातायात सञ्चार साधनहरूको विकास, दाइजोको कारण, महिला पुरुषमा समानताको सिद्धान्त, शिक्षाको प्रचार प्रसार, चेतनाको विकास, सह शिक्षा, महिला जागरण अभियान, विभिन्न संघ संस्थाहरू मर्फत दिईने चेतनात्मक शिक्षा देशको नियम कानुन आदिको कारणबाट पनि परिवर्तन आउन सक्छ ।

# अध्याय - सात
# सारांश र निष्कर्ष

## ७.१ सारांश

नेपालमा बसोबास गर्ने विभिन्न जाति र जनजातिहरु मध्ये मगरजाति एक प्रमुख जाति हो जसको नेपाली समाजमा आफ्नै परम्परागत भाषा, धर्म, सँस्कृतिहरु प्रचलित छन् । नेपालको विभिन्न ठाउँहरुमा छरिएर बसेका मगरहरुको भौगोलिक विकटताको कारण र अन्य जाति सँगको सम्पर्कको कारणले गर्दा परम्परागत सँस्कारमा केही भिन्नतारहेको पाईन्छ ।

यस अध्ययनमा नवलपरासी जिल्ला रजहर गा.वि.स. वडा नं. ९ वाराकोलमा बसोबास गर्ने मगर जातिको विवाह सँस्कृति र त्यसमा आएको परिवर्तनको कारणलाई अध्ययन गरिएको छ । यस गाउँमा मगरहरुको बाहुल्यता रहेको छ । यहाँका मगरहरुले आफ्नै परम्परागत मूल्य, मान्यता, भाषा, धर्म सँस्कृति अनुसार आफ्नो जीवनलाई अगाडी बढाउँदै लगेका छन् । यहाँका मगरहरुको मूख्य पेशा कृषि हो भने वैदेशिक रोजगार र व्यापारमा पनि संलग्न हुँदै गएका छन् । आर्थिक अवस्था मध्यम खालको छ भने शिक्षा क्षेत्रमा पछाडी रहेको छ । सबैले मातृभाषा मगर खाम भाषा बोल्दछन् । प्राय जसो संयुक्त परिवारमा बस्ने मगरहरुले हिन्दु धर्म मान्ने भनिएतापनि हिन्दु धर्म नियम अनुसार चलेको पाईँदैन । परम्परागत सिमे, भूमे, पित्तर पूजा गर्ने र धामी झाँक्रीमा विश्वास गर्ने गरेको पाईन्छ । स्वास्नी मान्छेले गुन्यू, चोली, लुङ्गी, ब्लाउज, गाजो, रुमाल, र गहनामा फूली, ढुङ्री, मारवाडी, बुलाकी, तिलहरी, माला, चुरी, रिङ लगाउँछन् भने पुरुषहरुले कमिज, जाईकोट, टनेभोटो, पटुका, टोपी, छडके, हाफपाईन्ट र कम्मरमा खुकुरी भिर्दछन् । खानपिनमा आटो, ढिंडो, रोटी, आलु, भात, मकै भटमासको खाजा, साग, सिस्नो, सुकाएको साग, सिन्की, मासु र जाँड रक्सी मूख्य हुन् । मूख्य चाडपर्वमा साउने संक्रान्ति, माघे संक्रान्ति, दशैं तिहार हुन भने पित्तर पूजा, सिमे भुमे पूजा, बराह देवताको पूजा गर्दछन् । यसरी पित्तर पूजा गर्दा प्रत्येक वर्ष कार्तिक महिनाको लक्ष्मी पूजाको दिनमा भाई समूहका सबैजना जम्मा भइ गर्दछन् । यसबाट सामूहिकता र आफ्नोपनको भावना विकास भएको पाईन्छ । पाहुनालाई मिठो खानेकुरा, जाँड रक्सी र मासू खान दिई सम्मान गर्दछन् । यसरी पाहुनालाई सम्मान गर्ने देखि लिएर विभिन्न चाडपर्व, पूजा गर्दा, जन्म, मृत्यु र विवाह संस्कार सम्पन्न गर्दा जाँड रक्सी र मासु अनिवार्य चाहिन्छ ।

यहाँका मगरहरुले महिला गर्भवती भएको बेलादेखि त्यस घरलाई अशुद्ध मान्दछन र बच्चा नजन्मँदा सम्म सबै किसिमका पूजाहरु गर्दैनन् । बच्चा जन्मे पछि तीन दिनमा न्वारान गरी त्यस बच्चा र घरलाई चोख्याउँछन् । न्वारानको दिनमा छिमेकीलाई भोज खुवाउँछन् । पन्ध्र-सोह्र दिनपछि बच्चालाई राम्रो दिन हेरेर घर बाहिर निकाल्छन् । केही दिनपछि मावली घरमा पसाल्न लग्छन् । दुई तीन बर्षमा बच्चाको छेवर गरी जन्म संस्कार सम्मन्न गर्दछन् । त्यस्तै मृत्यु संस्कारमा मान्छे मरिसकेपछि बिपे बाजा बजाएर आफन्ती हरुलाई बोलाउँछन् । त्यसपछि लाशलाई डाँडामा लगी कसैले गाड्छन भने प्राय जसोले जलाउँछन् । लाश जलाउन जाँदा महिला पुरुष सबै घाट सम्म जान्छन् । कामीले बाटो उचाल्नु पर्छ भने दमाईले बाजा बजाउनु पर्छ । लाश जलाएर फर्किने बेलामा मृतकको छोरालाई खोलामा कपाल खौरिदिन्छन् र पहिला तीन दिन र सात दिनमा सभा (शुद्धी) गर्ने गरेकोमा अहिले एकैदिनमा सभा गरी चोख्याउँछन् । आफन्ती हरुलाई राँगा बोका वा सुँगुर काटेर भोज खुवाउँछन् । राती झाँक्री बसी मृत्यु संस्कार सम्पन्न गर्दछन् । यसरी मगर हरुले प्रत्येक संस्कार गर्दा समजमा एकले अर्कालाई सघाउने गर्दछन् ।

यहाँका मगर जातिले परम्परागत मूल्य मान्यता र प्रचलन अनुसार विवाह सम्पन्न गर्दछन् । परम्परागत मागी विवाह मगरहरुले हालसम्म अवलम्बन गर्दै आएका छन् । मागी विवाह गर्दा विशेष गरी मामा चेली फूपू चेला बीचमा विवाह गर्दछन् । यसरी विवाह गर्दा अभिभावकहरु वा नजिकका आफन्ती मार्फत केटी माग्न लगाईन्छ त्यस पछि राम्रो दिन हेरी दुलहीलाई भित्र्याइन्छ । दुलही भित्र्याइसकेपछि दिन मागी माइती मान्न जान्छन् । माइतमा माइतीहरुले सम्मानका साथ स्वागत गर्दछन् । जन्तीहरु माइतमा एक रात बसी फर्कन्छन् । माइतबाट फर्किएको एक दिनपछि पाइला फर्काउन माइतीमा गएर फर्किएपछि विवाह संस्कार सम्पन्न हुन्छ ।

मागी विवाह गर्दा मामाको छोरीलाई विवाह गर्ने चलन छ । तर अन्य समाज संस्कृतिसँगको सम्पर्कमा आएर मामाको छोरी बाहेक अन्यत्रको केटीसँग विवाह गर्दै गएका छन् । त्यस्तै पहिला अध्ययन, व्यापार, व्यवसाय, यातायात र सञ्चार आदिको विकास नभएकोले नजिक आफ्नै जातिमा, वडा र गा.वि.स. भित्रबाट मात्र विवाह गर्दथे भने अहिले आधुनिकीकरण, देशको विकास र परिवर्तित समय अनुसार आफ्नै जीवनलाई पनि परिवर्तन गर्दै जाँदा टाढा टाढा सम्मको आफ्नो जात बाहिर पनि विवाह गर्न थालेका छन् । शैक्षिक विकासको कारणले र अरुजाति सँगको घुलमिलले गर्दा अन्तर

जातीय विवाह पनि गर्दै गएका छन् यद्यपि पुराना बुढापाकाहरु अन्तरजातीय विवाहलाई राम्रो मान्दैनन् जातीय चेतनाले परम्परागत मूल्य मान्यता र संस्कृतिहरुको पुनर्मूल्यांकन गर्न लागेको पाइन्छ । जसबाट परम्परागत विवाह संस्कारमा अपनाइने लामो प्रकृयालाई व्यवस्थित र कम खर्चिले बनाउने प्रयास गरी तीन चरण (केटी माग्ने, भित्र्याउने र माइती मान्ने) मै सिध्याउने गरेका छन् । सानो उमेरमा गरिने मागी विवाह लाई निरुत्साहित गरी परिपक्व उमेरमा आफ्नो इच्छा र चाहना अनुसार जोडी छनौट गरी अभिभावककहरुको सहमतिमा विवाह गर्न थालेका छन् । माओवादी जनयुद्ध कालमा मागी विवाह, जारी विवाह, बहुविवाह, विवाहमा हुने बढी खर्च र मद्यपानलाई रोक्ने प्रयास गरी जनवादी विवाह गर्न प्रेरित गरेकोले त्यस समयमा विवाहमा लाग्ने खर्च, मद्यपानमा कमी आएतापनि आफ्नो परम्परागत संस्कृति लाई कायम राख्ने नाममा र समाजमा आफ्नो हैसियत उच्च देखाउने मनसायले बढी खर्च गर्न थालेका छन् । अर्कोतिर देशको महङ्गीले गर्दापनि खर्चमा वृद्धि हुन गएको देखिन्छ । त्यस्तै भान्जालाई धेरैकाम गर्न नलगाई दियाँत र मान्द्रो नचाउन मात्र लगाइएको पाइन्छ । माइती मान्दा चार बापत १५०० तिर्नू पर्दथ्यो भने त्यो चलन अहिले हटेर गएको छ । जसबाट भाइसमुहको आर्थिक कोष कमजोर हुँदै गएको छ ।

मगर जातिमा सबै भन्दा बढी प्रचलन मा रहेको मागी विवाह लाई छोडी हाल प्रेम विवाहलाई अपनाउदै गएको देखिन्छ । मागी विवाहमा सईमासाको बढी महत्व हुन्छभने प्रेम विवाहमा त्यसलाई खासै महत्व दिदैनन् । तर जुनसुकै प्रकारको विवाह गरेता पनि माईती मान्ने चरण देखि पाइला फर्काउने चलन सम्म एउटै प्रकृया हुन्छ । मागी विवाहमा अभिभावकको इच्छा अनुसार गर्ने भएकोले पछि केटा केटीको बिचमा विचार नमीलेमा सम्वन्ध विच्छेद हुने सम्भावना हुन्थ्यो भने प्रेम विवाह मा एक अर्का लाई नबुझेर हतारमा विवाह गरेमा पनि सम्वन्ध विच्छेदको सम्भावना देखिएता पनि सम्वन्ध विच्छेद भएको खासै पाईदैन, भएता पनि आपसी सहमतिमा छुट्टिन्छन् । मागी र प्रेम विवाह बाहेक विदुर/विधुवा विवाह र पुनःविवाह गर्ने प्रचलन पनि छ । जसलाई मगर समाजमा सामाजिक मान्यता दिएको पाईन्छ । त्यस्तै चोरी र जारी विवाह पहिला प्रचलन भएता पनि हाल देखिदैन । त्यस्तै वहुविवाह लाई नराम्रो दृष्टिले हेर्ने गर्दछन तापनि कहीकतै गरेको पाईन्छ ।

## ७.२ निष्कर्ष

यहाँका मगर जातिहरुको परम्परागत सामाजिक, साँस्कृतिक विशेषताहरु छन् । समयको विकासक्रम सँगै सामाजिक साँस्कृतिक मूल्य मान्यताहरुमा परिवर्तन हुँदै गएको छ । जसमा जन्म, मृत्यु र विवाह सँस्कारमा अपनाईने विधि र प्रचलनहरुमा परिवर्तन हुँदै आएका छन् । यी सँस्कारहरु लगायत मेला, जात्रा, चाडपर्व आदि कार्यहरुमा पहिला बढी सामुहिकता हुन्थ्यो भने अहिले त्यसमा कमी आएको छ । मगर समाजको आर्थिक, साँस्कृतिक, धार्मिक र राजनैतिक क्षेत्रमा जनयुद्धका कारण धेरै प्रभाव परेको छ । जनयुद्धले गुणात्मक रुपमा यहाँको मगरहरुको राजनैतिक र शैक्षिक चेतनामा विकास भएको छ । विगतको भन्दा नयाँ विषयमा छलफल गर्ने तथा विश्लेषण गर्ने गरेको पाईन्छ । आफ्ना परम्परागत सामाजिक सँस्कृतिका राम्रा पक्ष र सुधारका पक्षमा व्यक्तिगत र सामुहिक रुपमा छलफल हुन्छ र शिक्षालाई बढी महत्व दिन लागेको पाईन्छ । त्यसकारण आउँदा केही बर्षमा यिनीहरुको समाजमा सकारात्मक विकास हुने सम्भावना देख्न सकिन्छ भने धेरैजसोले आर्थिक पक्षलाइ मात्र बढी महत्व दिँदै गएकोले सामुहिकता र सहयोगको भावनामा कमी हुनगई व्यक्तिवादी सोचाई बढ्दै गई परम्परागत सँस्कारहरुमा र सामुहिकताको भावनामा पनि कमी हुँदै जाने देखिन्छ । त्यसतै मागी विवाह सँस्कार लाई नयाँ पुस्ताले झन्झटिलो र लामो समय लाग्ने भनी त्यति रुचि नदिईएकोले यसमा कमी आई प्रेम विवाह ले प्राथमिकता पाउँदै गएको छ । मामा चेली फूपू चेला बीचको विवाहलाई त्यति महत्व दिएको पाईंदैन । त्यसैले मामाको छोरी लाई रोजी रोजी विवाह गर्ने भन्ने भनाईको महत्व कम हुँदै गएको छ ।

मगर समाजमा विवाह सम्पन्न गर्दा लाग्ने खर्चमा कमी ल्याउनु पर्दछ । विवाह सम्बन्धि आधुनिक धारणाको विकास गर्नु पर्दछ । विवाह गर्दा लाग्ने लामो समय र अनावश्यक खर्चमा नियन्त्रण गर्नू पर्दछ । भोज भत्तेर जाँड रक्सी आदि विवाह का आवश्यक कुराहरु भएतापनि अनावश्यक दुरुपयोग  गर्नबाट सचेत गराउनु पर्दछ । जारी विवाह, चोरी विवाह, बहुविवाह जस्ता प्रथा लाई निरुत्साहित गरी केटा केटीको इच्छा र अभिभावक को सहमति बाट विवाह गर्ने परम्परा बसाल्नु पर्दछ । विवाह संस्थालाई हेर्ने दृष्टिकोणमा समय अनुसार सुधार गर्दै लैजानु पर्दछ भने अर्कोतिर परम्परादेखि मान्दै आएका प्रचलित र आवश्यक कुराहरुलाई भावी पिंढी सम्म पनि संरक्षित गरीराख्नु आजको आवश्यक्ता हो । त्यस्तै आधुनिकता र प्रविधिको विकासको नाममा तिहारमा नाच्ने परम्परागत सिंगारु

नाचलाई बिर्सदै जाने आफ्नो परम्परागत संस्कृतिलाई कायम गरीराख्न नसक्नु हो । यसरी परिवर्तित समय अनुसार आफ्नो परम्परागत संस्कृतिहरुलाई सकारात्मक परिवर्तन गर्दै लगेर बचाई राख्नु नै आफ्नो जातिय पहिचानको अस्तित्व कायम राख्नु हो ।

# सन्दर्भ सुची

गोराक, राकेश, (१९७२), मगर जातिको एक अध्ययन वार्षिक मुखपत्र, बुटवल क्याम्पस इकाई, बुटवल ।

गर्बूजा मगर, मनवीर (वि.सं.२०६२), *मगरहरुको उत्पत्ति : एक अध्ययन* नेपाल मगर विद्यार्थी संघ, त्रि. वि. समिति किर्तिपुर काठमाडौं ।

घर्ति मगर (२०६२) मा *मगरहरुको विवाह संस्कृतिः रोल्पा जिल्ला उवा गा.वि.स.का मगरहरुको एक अध्ययन* अप्रकाशित शोधपत्र, त्रि.वि.कीर्तिपुर काठमाडौं ।

मगर, सिङमान (२०७१), *मगर को ऐतिहासिक चिनारी* ललितपुरः झम्भिखेल ।

थापा मगर, कृष्ण बहादुर (वि.सं. २०६३), *शोधमाला* काठमाडौं : बर्ष २ अंक १, मगर अध्ययन केन्द्र ।

पुन मगर, टि. बी.(वि.सं.२०६२), *हामी मगरहरु* (भाग-१), मगर समाज सेवा गुठी वाग्लुङ्ग ।

बिष्ट, डोर बहादुर, (सन २००७), *सबैजातको फूलबारी,* काठमाडौंः साझा प्रकाशन ।

बुढा मगर, बमकुमारी (२०५५), *पो ओल्ज छेङा, सूरुचि अफसेट प्रिन्टर्स,* काठमाडौं र क्षेत्रपाटी ढल्को ।

बुढा मगर, बमकुमारी (२०६४), *मङ्ङर पाङलन पो ल मिन, अथार मगराँत भाषा सँस्कृति विकास प्रतिस्थान,* कलंकी काठमाडौं नेपाल ।

बुढा मगर, डा. हर्ष बहादुर (वि.सं. २०४९), *किराँत वंश र मगरहरु एक ऐतिहासिक सर्वेक्षण,* श्रीमती पुष्पावती बुढा मगर, जी. पी. ओ. बक्स ४२८,।

बुढा मगर, डा. हर्ष बहादुर (वि.सं. २०५३), *मगर जाति र उनका सामाजिक सँस्कार,* श्रीमती पुष्पावती बुढा मगर, जी. पी. ओ. बक्स ४२०, काठमाडौं ।

बुढा मगर, डा. हर्ष बहादुर (वि.सं. २०५३), *मगर र मग्यारः पुर्ख्यौलीको खोजीमा,* श्रीमती पुष्पावती बुढा मगर, जी. पी. ओ. बक्स ४२०, काठमाडौं ।

मिश्र, चैतन्य (२०७०) *बदलिँदो नेपाल समाज,* काठमाडौं : फाइन प्रिन्ट ।

राई, यूकला (२०७३) *साम्पाङ्ग राई जातिको विवाह सस्कार*: अप्रकाशित शोधपत्र, पद्यमकन्या बहुमुखी क्याम्पस। बागबजार, काठमाडौं ।

शर्मा, जनकलाल (२०५८), *हाम्रो समाज एक अध्ययन*, साझा प्रकाशन, काठमाडौं ।

श्रीस, धर्मप्रसाद (वि. सं. २०३८),*मगराँती सँस्कृति,* विराटनगरः कोसेली छापाखाना ।

CBS (2010), *District and VDC Profile of Nepal*, *Central Bereau of Statistics,* Thapathali Kathmandu.

Hitchcock, J. T. (1966 A.D.). *The Magars of Banyan Hill*; New York: Roytkedge

Meciver & Page, (1982) *An Introduction Analysis*; India Mecmillan Ltd.

Molnar, A. (1978), *Martial Patterns and Econoic Independence* A Study of Kham Magar Kathmandu. CIINAS, Kirtipur.

Molnar, A. ($1981_a$). *The Kham Magar Women of Thawang*; The Status of Magar Women in Nepal vol. ii, part -2, Kathmandu CEDA.

Molnar, A. ($1981_b$), *Economic Strategies and Ecological Constraints in Asian Highland Societies* an Anthropological Perspective, New Delhi: Rupa CD.

## रजहर ९ का मगरहरुको विवाह संस्कृति र तिनमा आएका परिवर्तन सम्वन्धि अध्ययनकोलागि तयार गरिएको प्रश्नावली

१. उत्तरदाताको नाम, थर* : ...................................... २. उमेर :............३.लिङ्ग :.............

४. घरमा बोलिने भाषा :............... ५.धर्म :..............

परिवारका सदस्यहरुको विवरण :

| क्र. स. | नाम | उमेर | लिङ्ग | घरमुली सँगको नाता | वैबाहिक अवस्था | विबाह गर्दाको उमेर | विबाह को प्रकार | शिक्षा | पेशा मुख्य | धर्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | |

**लिङ्ग :** १ – पुरुष, २ – महिला

**घरमुली सँगको नाता** : १ – वाबु/आमा, २ – श्रीमान/श्रीमती, ३ – छोरा/छोरी, ४ – दाजुभाई /दिदिबहिनी, ५ – नाति नातिनी, ६ – वुहारी/ज्वाँई ७ – फूपु/फुपाजू ८– सासू /ससुरा ९ – अन्य

**वैबाहिक अवस्था** : १ – विबाहित, २ – अविबाहित, ३ – विधुर / विधुवा, ४ – सम्वन्ध विच्छेद, ५ – पून: विबाह, ६ – एक विबाह, ७ – जारी विबाह, ८ – छुट्टिएर वसेको

**विबाहको प्रकार :** १ – मागी विबाह, २ – प्रेम विबाह, ३ – चोरी विबाह, ४ – विधुर/विधवा विबाह, ५ – जारी विबाह

**शिक्षा :** ० – नपढेको, १ – साक्षर / अनौपाचरिक शिक्षा, २ – कक्षा १ देखि ५ सम्म, ३ – कक्षा ६ देखि ८ सम्म, ४ – कक्षा ९ देखि १० सम्म, ५ – आई.ए., ६ – वि.ए., ७ – एम. ए. वा सोभन्दा बढी

**पेशा :** १ – कृषि, २ – पशुपालन, ३ – व्यापार, ४ – जागिर सरकारी ५ – जागिर गैर सरकारी वा निजि क्षेत्र ६ – बैदेशिक रोजगारी ७ –उद्योग व्यावशाय ८ – अन्य

**धर्म :** १ – हिन्दु,  २ – वौद्ध,  ४ – कृश्चियन,  ४ – अन्य

**१७) तपाई वा तपाईको पुर्खा कहिले देखि यस ठाउमा वस्न थाल्नु भएको हो ? वा हो जस्तो लाग्छ ?**

१. मेरै पाला देखि २. एक पुस्ता अघिदेखि ३. दुई पुस्ता अघिदेखि ४. तीन पुस्ता अघिदेखि ५. चार पुस्ता अघिदेखि ६. पाँच पुस्ता वा त्यो भन्दा अघिदेखि

**१८) तपाइले विबाह कुन ठाँउ वाट गर्नु भएको हो ?**

क. आफ्नै वडाबाट,  ख. वडा बाहिर वाट,  ग. गा.वि.स. बाहिर वाट,  घ. जिल्ला बाहिर वाट

**१९) तपाईको छोराको विबाह भैसकेको भए कहाँबाट भएको हो ?**

क. आफ्नै वडा बाट,  ख. वडा बाहिर वाट,  ग. गा.वि.स. बाहिर वाट,  घ. जिल्ला बाहिर बाट

**२०. तपाईको छोरा वा छोरीको विबाह भैसकेको भए कहाँ भएको हो ? (एक भन्दा बढी भए क्रमशः लेख्ने)**

क. आफ्नै वडामा,  ख. वडा बाहिर,  ग. गा.वि.स. बाहिर,  घ. जिल्ला बाहिर

**२१) तपाईको विबाहमा कति खर्च गर्नुभएको थियो ? (अनुमानित)**

| गरगहना नगदमा | सुँगुर | खसि/बोका | जाँड/रक्सी | राँगा | रोटी र अन्य खानपानमा चामल, पिठो | अन्य खर्च |
|---|---|---|---|---|---|---|
| | | | | | | |

२२) यदि तपाईको विबाह भागी हो भने कति समय पछि टिकाटालो गर्नु भयो ? (माथिको टेवलमा हेरेर भागी हो कि होइन पत्ता लगाउने)

२३) यदि जारी तिर्नु भएको हो भने कति तिर्नू भयो ?

२४. तपाईले जारी बुभ्नु भएको भए कति बुभ्नु भएको थियो ?

२५. तपाईको परिवार भित्र विवाहसंस्कारमा आएको सवभन्दा मूख्य परिवर्तनहरु के के हुन् ? र ति परिवर्तन किन भए होलान् जस्तो लाग्दछ ?

**<u>वुढापाका र जान्ने बुभ्ने व्यक्तिहरुसंग अन्तर्वार्ता र छलफल (समूह छलफल)को लागि चेकलिष्ट</u>**

१) गाँउको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक इतिहास ।

२) जन्म, मृत्यू र विबाह संस्कार गर्ने चलन र त्यसमा आएको परिबर्तन ।

३) जन्म, मृत्यू र विबाह संस्कार गर्दा विभिन्न व्यक्तिहरुले निभाउनु पर्ने भूमिका ।

४) परम्परागत चाडपर्वहरु र वर्तमानमा तिनमा आएका परिवर्तनहरु

५) खानपान, भेषभूषा र गरगहना ।

६) धार्मिक विश्वास ।

७) शहरीकरण, आधुनिकीकरण, परसंस्कृतिग्रहण आदिको विकास ।

८. विवाह संस्कारमा आएका परिवर्तनहरु र तिनका कारक तत्वहरु के के हुन् ? र तिनले समाज र संस्कृतिमा कस्तो खाले परिवर्तन ल्याएका छन्?

९. नाता सम्वन्ध र पाहुर, पेवा, वा उपहार आदन प्रदान -कहिले कहिले, कसले कसलाई के कस्ता उपहारहरु दिनु पर्ने हुन्छ आदि)

१० मितेरी सम्वन्धमा

**मूख्य सूचनादाता र जानकार मानिसहरुसंगका गरिने अन्तर्वार्ता र छलफलकोलागि तयार पारिएको**

**प्रश्नावली**

१) तपाइहरुले कहिले - कहिले के कस्ता चाडपर्वहरु मान्नुहुन्छ ?

२) बच्चाको जन्म हुदा के कस्ता सँस्कारहरु गर्नु हुन्छ ?

३) बच्चाको जन्म सँस्कारमा परिवर्तन आएका छन् ? आएको भए कुनकुन कुरामा आएको छ ?

४) मृत्यू सँस्कार कसरी सम्पन्न गर्नु हुन्छ ?

५) मृत्यू सँस्कारमा परिवर्तन आएको छ ? आएको छ भने कुनकुन कुरामा आएको छ ?

६) विबाह सँस्कार गर्दा मद्यपानको कहत्व कतिको छ ?

७) विबाहमा भान्ज (ज्वाँई) को भूमिका के कस्तो हुन्छ ?

८) तपाईहरुमा सबभन्दा प्रचलित विबाह कुन हो ?

९) विबाह कसरी सम्पन्न गर्नु हुन्छ ?

१०) माइतीले मागेको पाहुरलाई के भनिन्छ ? र क-कसले बोक्छन् ?

११) माइती पट्टिकाले कसरी स्वागत गर्दछन् ?

१२) स्वयंवर कसरी गर्नु हुन्छ ?

१३) नया साईनो लगाउने र चिनाउने कसरी गर्नु हुन्छ ?

१४) चार बुझाउदा को - को लाई कसरी वुझाउनु हुन्छ ?

१५) विबाहमा जैसिको भूमिका कस्तो हुन्छ ?

१६) कति खेर खुट्टा फर्काउनु हुन्छ ? र यो किन गरिएको होला ?

१७) चोरी वा प्रेम विबाह गर्ने विधिहरु मागी विबाह जस्तै नै हुन्छ ? कि फरक छ? फरक छ भने कसरी ?

१८) तपाईको समाजमा जारी विबाह पनि प्रचलित छ ?

१९) तपाईको विचारमा विधवा/विधुर विबाह कस्तो लाग्छ ?

२०) तपाइलाई अन्तरजातिय विवाह कस्तो लाग्छ ?

२१) कस्तो विबाहलाई सामाजिक मान्यता दिईन्छ ? किन ?

२२) सम्बन्ध विच्छेद हुन्छ कि हुदैन ? भएमा के कारणले हुन्छ ?

२३) हाल मगरहरुको विबाह प्रणलीमा के कस्तो परिवर्तन आएको देख्नुहुन्छ ?

२४ ) विबाहको बारेमा अरु केहि भन्नु छ कि ?